# *आधारभूत सिद्घान्त II*

Notes by Franklin

**परिचय :**

यस अध्ययनको उद्धेश्यहरु :

- पापको शक्ति माथि कसरी विजयी जीवन जीउने भन्ने बारे सिक्न ।
- ब्यवस्थाको मागहरु मथि कसरी विजयी जीवन जीउने भन्ने बारे सिक्न ।
- आत्मामा कसरी हिड्ने भन्ने बारे सिक्न ।
- विश्वासलाई स्पष्टरुपमा बुझ्न ।
- बाइबलको न्यायहरुलाई स्पष्टरुपमा बुझ्न ।
- विश्वासयोग्यहरुलाई दिइने ईनामहरुको बारे सिक्न ।
- दुःख भोगाई विषयलाई बुझ्न ।
- बाइबलका केहि अप्ठ्यारा वा जटिल प्रश्नहरुको जवाफ दिन ।

**पाठको विषयवस्तु**

**क. पापको शक्ति माथि विजयी जीवन जीउनु**

१. म उहाँको मृत्यु वा रगतद्धारा बचाइएको छु ।
२. उहाँको जीवनद्धारा म बचाइएको छु ।

१. पापको शक्ति देखी : रोमी ६

- पहिलो चरण : “जान्नु”
- दोस्रो चरण : “विचार गर्नु”
- तेस्रो चरण : “हाजिर हुनु”

२. ब्यवस्थाको दोष देखी : रोमी ७
३. आत्मामा हिडेर : रोमी ८

**ख. विश्वासलाई बुझनु**

१. परिचय

२. विश्वास के हो ?
३. विश्वासको दुई पक्षहरु हुन्छ
४. विश्वास चाहिँ प्रभु र उहाँको वचनप्रति पुर्ण सर्मपण हो ।
५. विश्वास चाहिँ परमेश्वरलाई उहाँको वचन र आज्ञापालनद्धारा लिनु हो ।
६. विश्वास चाहिँ त्यो बारे जान्नु हो ।
७. सबै कारणहरु भन्दा माथि जान्छ विश्वास ।
८. तपाई यो विश्वासका साथ जन्म लिनुभएको होइन ।
९. विश्वासको महत्व
१०. थोरै मात्राको विश्वास
११. तिन प्रकारको विश्वासहरु
१२. विश्वासको दलान

**ग. न्यायहरु**

१. परिचय
२. विश्वासीको पापहरुको न्याय
३. विश्वासी आफ्नैको न्याय
४. विश्वासीको कामहरुको न्याय
५. राज्यहरुको न्याय
६. अधर्मीको न्याय

**घ. इनामहरु**

१. परिचय
२. जीवनको मुकुट
३. नाश नहुने मुकुट
४. आनन्दको मुकुट
५. धार्मिकताको मुकुट
६. महिमाको मुकुट

## ङ. दुःख भोगाई विषय

१. परिचय
२. पापबाटको दुःख भोगाइ
   क. मानिसले आफुमा र अरुमा दुःख ल्याउँछ
   ख. पाप चाहिँ शैतानको राज्यको ब्यवस्था र संस्कृति हो ।
   ग. जब विश्वासीले पाप गर्छ ऊ शैतानको राज्यमा प्रवेश गर्छ ।
३. पापीहरुबाटको दुःख भोगाइ
   क. जब हामी सुसमाचारको प्रचार गर्छौं
   ख. हामी लंडाइमा छौं
४. परमेश्वरले प्रयोग गर्ने दुःख भोगाइ
   क. हाम्रो विश्वास र इमान्दारी जाँच्न
   ख. हाम्रो चरित्र सिद्ध गर्न
   ग. उहाँको नाममा महिमा ल्याउन
   घ. केही बिरामीपनद्धाराको दुःख भोगाइ उहाँको महिमाको निम्ती
   ङ. अरुको सेवा गर्ने सेवाकाइको लागि हामीलाई तयार गर्न
   च. हामीलाई सुरक्षा दिन वा हामीलाई अगुवाई दिन
   छ. केही दुःख भोगाइहरु चाहिँ परमप्रभुबाटको अनुशासनको नतिजा हो ।

## च. बाइबलका अप्ठ्यारो प्रश्नहरु

१. तपाईमा केही शंकाहरु भए के हुन्छ ?
२. अन्तसम्मको सहनशिलता भनेको के हो ?
३. ख्रीष्टलाई इन्कार गर्नु भनेको के हो ?
४. तपाईले सत्य थाहा गरेर पनि के अहिले सम्म तपाई विश्वासी हुनुहुन्न ?
६. बुझ्नुहोस् : हिब्रू ६:६
७. बुझ्नुहोस् : हिब्रू १०:२६
८. बुझ्नुहोस् : जीवनको किताबमा लेखिएका नामहरु
९. पुरानो नियमको ब्यवस्था र नयाँ नियमको विश्वासीहरु

## क. पापको शक्ति माथि विजयी जीवन जीउनु

विषयवस्तुको अध्ययन :

१. म उहाँको **मृत्यु** वा रगतद्धारा **बचाइएको छु** ।

२. उहाँको **जीवनद्धारा** म **बचाइएको छु** ।

१. पापको शक्ति देखी : रोमी ६
- पहिलो चरण : “जान्नु”
- दोस्रो चरण : “विचार गर्नु”
- तेस्रो चरण : “हाजिर हुनु”

२. ब्यवस्थाको दोष देखी : रोमी ७

३. आत्मामा हिडेर : रोमी ८

१. म उहाँको **मृत्यु** वा मेरो लागि बहाइएको उहाँको रगतद्धारा **बचाइएको छु** ।

क. मेरा सबै पापहरुको **क्षमा भएको छ** । ममा अनन्त जीवन छ ।

२ कोरन्थी ५:१८–२१ एफिसी २:८–९

यूहन्ना ५:२४ हिब्रू ९:१२, १०:१०,१४–१७

ख. तपाई पहिनै उहाँसँग **“बस्नुभएको छ :”** एफिसी २:४–६

ग. तपाईले येशूमा विश्वास गर्नुभए पछि यो भएको हो ।

रोमी ३:२१–२८, ४:५, ११:२९ "उपहारहरु र बोलावट...."

घ. **धर्मि** ठहराउनुको यहि नै शिक्षा हो । परमेश्वरको अगाडि यहि नै मेरो "बैधानिकता" हो ।

रोमी ३,४ र ५ अध्यायहरुले यसैलाई विस्तृतरुपले बताउँदछ ।

अरु पदहरु : लूका ७:४८ र ५० १ कोरन्थी १:२१, १५:२
२ तिमोथी १:९ तितस ३:५

ङ. तपाई **"ख्रीष्टमा"** हुनुहुन्छ ।

गलाति ३:२६–२९ , एफिसी १:७, १३ , यूहन्ना १०:२८–२९

च. मैले **छुटकारा** (१ पत्रुस १:१८–१९), **पुर्नस्थापना** (रोमी ५:१०) र **शुद्धीकरण** (प्रेरित २६:१८, हिब्रू १०:१०,१४) पाइसकेको छु ।

छ. अहिले म र **परमेश्वर** बिच **शन्ति** छ – धर्मी ठह्याइएको नतिजा :

रोमी ५:१ *"यसकारण, विश्वासद्वारा हामी धर्मी ठहराइएकोले, प्रभु येशू ख्रीष्टद्वारा हामीले परमेश्वरसँग मिलाप पाएका छौं,"*

यद्यपी, **ममा मेरो लागि शान्ति छैन** । म भित्र लडाइं वा संर्घष भईरहेको मैले पत्ता लगाएको छु । **गलाती ५:१७**

**२. उहाँको जीवनद्धारा म बचाइएको छु – उहाँको पुर्नरुत्थान**

रोमी ५:९–१० **अब उहाँको रगतद्वारा धर्मी ठहराइएकाले**, हामी परमेश्वरको क्रोधदेखि कति बढ्ता बच्नसक्छौं । जब हामी परमेश्वरका शत्रुनै थियौं, उहाँको पुत्रको मृत्युद्वारा **हामी उहाँमा मिलापमा आयौं**, त अब मिलाप भइसकेपछि हामीले **उहाँको जीवनमार्फत अझ बढी निश्चितता साथ उद्धार** पाउने आशामा ढुक्क भएका छौं ।

हामीलाई हाम्रा पापहरुबाट **क्षमा** दिन

र हाम्रो दिन प्रति दिनको **पाप माथिको विजयी जीवन** जीउन येशू **मर्नुभयो** ।

**म उहाँको जीवनद्वारा बचाइएको छु :**

**१. पापको शक्तिबाट** **रोमी ६**

**मसँग मेरा पापहरुको क्षमा छ र मलाई मेरो शरिरको पाप माथि विजय चाहिन्छ ।**

**परमेश्वरको उत्तर** : क्षमाको निम्ती **उहाँको रगत** र

विजयको निम्ती **उहाँको जीवन**

समस्याको शुरुवात चाहिँ जसरी रोमी ५:१२–१४ले उल्लेख गर्दछ त्यसरी शुरुहुन्छ । म चाहिँ "पापमा नै जन्मे" वा "पापी नै बनाइए" , त्यसैले म पाप गर्दछु । **पाप ममा छ** ।

उदाहरण : चाईनिज जो अमेरीकामा जन्मे पनि ऊ चाईनिज नै हुदछ । तपाई को हुनुहुन्छ भनि तपाईको जन्मले निर्धारण गर्दछ । मैले नचुने पनि मेरो परिवारको नाम वा जात उस्तै रहन्छ । मेरो परिवारको नाम वा जातसँग मेरो केही लेनदेन छैन । यसलाई परिवर्तन गर्न मैले केही पनि गर्न सँक्दिन । यदि म राष्ट्रपति भए पनि मेरो मेरो परिवारको नाम वा जात उहि नै रहन्छ । यदि म एकदमै गरिब छु , म हत्यारा भए पनि मेरो मेरो परिवारको नाम वा जात उहि नै रहन्छ । मेरो कामले यसलाई परिवर्तन गर्न सक्दिन । म जतिसुकै असल भए पनि म पापी नै हुँ । हामी अहिले जे छौं त्यो आदमको कारणले गर्दा हो । येशू ख्रीष्टको रगतले मेरा पापहरु क्षमा भएको छ , तर पापको शक्ति भने ममा अझै छ ।

**पापको शक्तिमाथि विजय पाउने ३ चरणहरु ।**

**१ चरण : यसलाई जान्नु** रोमी ६:३–१०

पद ६. किनकि हामीलाई थाहा छ कि **हाम्रो पुरानो शरीर उहाँ सँग क्रूसमा टाँगिएको छ**, ताकि पापको शरीरलाई मिल्काइयोस् अनि हामी पापको दास भएर बस्नु नपरोस्–

- **होशे ४:६** मेरा मानिसहरू ज्ञानको कमीले गर्दा नष्ट भएका छन् । तिमीहरूले ज्ञानलाई तिरष्कार गरेका हुनाले, म पनि तिमीहरूलाई मेरा पूजाहारीहरू हुन तिरष्कार गर्नेछु तिमीहरूले आफ्ना परमेश्वरको आज्ञालाई वास्ता नगरेको हुनाले म पनि तिमीहरूका छोराछोरीहरूलाई वास्ता गर्ने छैन ।

- यूहन्ना ८:३२ तब तिमीहरूले सत्यलाई चिन्नेछौ, अनि सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।

हामीले **जे गरेका छौं** उहाँले आफ्नो **रगत**द्वारा त्यसलाई देख्नुभएको छ :
र उहाँले **हाम्रा सबै पापहरु क्षमा गर्नुभएको छ** ।

हामी **जो हौं** उहाँले आफ्नो **मृत्यु**द्वारा त्यसलाई देख्नुभएको छ : पापीहरु ।

उहाँको **पुर्नरुत्थान** र **जीवन**द्वारा हामी :
**जीवनको नयाँपनमा हिड्न सक्छौं ।"** (रोमी ६:४)

उदाहरण : रक्सि खाने समस्या हटाउन – रक्सिका बोतलहरु नष्ट गर्नाले रक्सि खाने बानिलाई धिमा मात्रै गर्छ । यस्ता रक्सि बनाउने कारखाना अहिले पनि छ । तसर्थ यस्ता कारखानाहरु पनि हटाइनुपर्दछ । यूहन्ना ८:३६

**२ चरण : "आफैले विचार गर्नु"** रोमी ६:११

पद ११ यसरी नै, तिमीहरूले पनि आफूलाई पापको निम्ति मरेको तर ख्रीष्ट येशूमा परमेश्वरको निम्ति जिउँदो भएको ठान्नुपर्छ ।

ग्रीक भाषाको शब्दीक अर्थ : **यसमा काम गर्नु** , सत्यतालाई आफ्नो बनाऊ ।

यो **तथ्य** हो , त्यो **सत्यता** हो जसमा तपाई निर्भर हुनसक्नुहुन्छ । यसलाई आफ्नो जीवनमा जोड्नुहोस् ।

यो चाहिँ यस्तो हो मर्कूस ११:२३–२४ “म तिमीहरूलाई साच्चै भन्दछु, यदि कसैले यस पहाडलाई जाँ, गएर आफैलाई समुद्रमा फ्याक् भन्छ अनि आफ्नो हृदयमा शंका गर्दैन तर उसले जे भनेको छ त्यो पूरा हुन्छ भनेर विश्वास गर्छ भने, यो उसको लागि गरिनेछ । २४यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै मागे तापनि, **तिमीहरूले त्यो पायौ भनी विश्वास गर, अनि त्यो तिमीहरूको हुनेछ** ।”

यो चाहिँ सत्यतालाई विश्वास गर्नु हो र त्यसनुसार कार्य गर्नु हो ।

- हेर्नुहोस् : मत्ती ९:२१–२२, २८–२९

तपाईले जे सत्य हो भनि विश्वास गर्नुहुन्छ त्यसैले नै तपाईलाई नियन्त्रण गर्दछ र तपाईको जीवनलाई परिवर्तन गर्दछ ।
विश्वासमा दुईवटा थोकहरु हुन्छन् :

१. विश्वास गर्नु वा भरोसा राख्नु र
२. यसमा कार्य गर्नु । काम गर्ने कदम उठाउनु ।

**रोमीको ३** मा येशूले **हाम्रा पापहरु** हाम्रो बद्लीमा लिनुभएको र उहाँको रगतले हाम्रा पापहरु क्षमा भएको बताएको छ ।

**रोमीको ६** येशूले हामीलाई उहाँको मृत्यु र पुर्नरुत्थानमा लिनुभएको बताइएको छ -पद ३) , हामीमा भएको **पापको शक्ति**माथि छुटकाराको निश्चीतता दिदैं ।

**“पापको शरीर”** पुरानो मनुष्त्व वा **“पुरानो म वा ब्यक्तित्व”** चाहिँ उहाँसँगै क्रसमा झुड्याइएको र मारिएको थियो (पद ३ र ४) ।

र जसरी उहाँ मृत्युबाट बौरीउठाइनुभयो , म पनि नयाँ जीवनको लागि मृत्यु देखी बौरिउठाइएको छु (पद ४) ।

यहि नै **नयाँ जन्म** हो (१ पत्रुस १:३)

यहि नै मेरो **पापको शक्ति माथि**को

मेरो छुटकारा र **विजय** हो !

१ यूहन्ना ३:९ परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको बीज त्यसमा रहन्छ त्यसले पाप गरिरहन सक्दैन, किनकि ऊ परमेश्वरबाट जन्मिएको हो ।

त्यो जो परमेश्वरबाट ममा जन्मेको चाहिँ , **"नयाँ मानिस" "पाप गर्दैन ।"**
१ यूहन्ना ५:१८

गलाती २:२० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, तैपनि म जिउँछु, त्यसो भए तापनि म त होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । यो शरीरमा जुन जीवन म जिउँछु, त्यो **म** परमेश्वरको पुत्रमा **विश्वास** राखेर **जिउँछु**, जसले मलाई प्रेम गर्नुभयो अनि आफैलाई मेरो निम्ति अर्पण गर्नुभयो ।

- **म मरिसकेको थिए** ! (पुरानो म /पुरानो म जो हुनेगर्थे)
- अहिले येशू ख्रीष्ट **ममा जीउनुहुन्छ** ! ( पवित्र आत्माको व्यक्तित्वमा )

हिब्रू ११:१ अब विश्वासचाहिँ हामीले गरेको आशाको निश्चयता र हामीले नदेखेका कुराको दृढं भरोसा हो ।

अनुभवमा विश्वासले यसलाई **वास्तविक** बनाउछँ । यहाँ हामी प्रतिज्ञाहरुको बारेमा भनिरहेका छैनौं – हामी **तथ्यहरुको** बारेमा भनिरहेका छौं । मैले विश्वास गरे वा नगरे पनि यो **सत्य** हो । तर, **विश्वास**ले तथ्यलाई **वास्तविक** बनाउछँ , वा तथ्यलाई मेरो जीवनको अनुभव हुन दिदछँ ।

**३ चरण : "<u>आफुले आफैलाई परमेश्वरमा जाहेर गर</u>"** रोमी ६:१३,१९

पद १३ शरीरका अङ्गहरूलाई दुष्टताको हतियारको रूपमा पापको निम्ति नसुम्प, बरु आफूलाई मृत्युबाट जिउँदो भएको कारण **परमेश्वरको निम्ति सुम्प** र आफ्ना शरीरका अङ्गलाई धामिर्कताको निम्ति सुम्पिदेऊ ।

पद १९ म तिमीहरूको शारीरिक दुर्बलताको कारण मानिसको रीतिअनुसार भन्दैछु । जसरी तिमीहरूले आफ्ना शरीरका अङ्गलाई अशुद्धता र बढ्दो दुष्टताको निम्ति दास हुनलाई सुम्पिदिएका थियौ, त्यसरी अब **आफ्ना अङ्गलाई** पवित्रतातर्फ लाने धार्मिकताको दास हुनलाई
सुम्पिदेऊ ।

यो सबै तपाईको लागि उहाँले गर्नुभयो । अब **आफु आफैलाई उहाँमा सुम्पिदेऊ** ।

हामीले हाम्रो समयलाई, रुपैया पैसालाई वा प्रतिभाहरुलाई हामीले चुनेझैं गर्नुहुदैन किनभने तिनीहरु प्रभुको हो, हाम्रो होइन ।

हाम्रो आखाँ, मुख, कानहरु, हाम्रा हातहरु र खुट्टाहरु पनि उहाँकै हो ।

हामी जो हौं, र हामीसँग जे छ , हामीले : **परमेश्वरको लागि अलग गर्नै पर्छ यहि नै शुद्धीकरण** हो ।

रोमी ६:१६  "सेवक" शब्दले वास्तविकमा "दास"लाई जनाउदँछ ।

सेवक र दासको बिचमा के फरक छ ?

**सेवक** ले अर्कोलाई सेवा गर्न सक्छ तर मालिकको उ सम्पत्ति होइन । यदि उसलाई मालिक मन पर्‍यो भने उसले सेवा गर्छ । यदि उसले सेवा गर्ने इच्छा गरेन भने, उसले गर्नै पर्छ भन्ने छैन । दाससँग यस्तो हुदैन । **दास उसको मालिकको सम्पत्ति हो** ।

प्रस्थान २१:१–६ र व्यबस्था १५:१२–१७; येशू : फिलिप्पी २:७ , पावल : रोमी १:१; गलाती १:१०; फिलिप्पी १:१; तितस १:१; याकूब १:१; २ पत्रुस १:१; प्रकाश १:१

- तपाई येशूको सेवक हुनुहुन्छ की उहाँको दास ?

म कसरी उहाँको दास बन्न सक्छु ?

उहाँको काम : उहाँले मलाई किन्नुभयो (छुटकारा) ।

मेरो काम : म पूर्णरुपमा उहाँमा सुम्पछु ।

जब गालिलको केटाले उसको रोटी **ल्यायो वा सुम्पियो**, प्रभुले त्यसलाई के गर्नुभयो ? जब त्यो भाँचियो र आषिशीत् बनाए तब मात्र धेरैको आवश्यकताहरु पुरा भयो ।

**"जान्नु"** उहाँले मेरो निम्ति आफुलाई पूर्णरुपमा दिनुभयो ...

उहाँको निम्ति म थोरै गर्न सक्छु । (२ कोरन्थी ५:१४–१५)

**उहाँको जीवनद्धारा म बचाइएको छु ।**

२. व्यबस्थाको दोष देखी । रोमी ७

रोमी ७ : ५, १४, १८ ले हामी "शरिर वा पापमय स्वभावमा" छौं भनि घोषणा गर्दछ ।

यसले मानिस शारिरीक वा प्राकृतिक स्थान छ भनि भन्दछ ।

**शरीर कमजोर छ** । रोमी ८:३ पढ्नुहोस् ।

र पापले नियन्त्रण गर्नेहरूले परमेश्वरलाई खुशी तुल्याउन सक्दैनन् । (रोमी ८:८)

मानिसको पापहरु क्षमा भएको छ भनि उसले पुरै सुसमाचार सुन्दछ , उसलाई थाहा छ की ऊ ख्रीष्टसँग मरेको थियो , र यो साँचो हो भनि **"सोच्छ"** र परमेश्वरको अगाडि आफुलाई *"मृत्युबाट बाँचेको जस्तो"* **सुम्पिन्छ** ।

यहि नै **विजयी इसाई जीवनको शुरुवात हो** ।

त्यसैले उसले प्रभुलाई खुशी पार्ने र ब्यस्था वा आज्ञाहरु पालन गर्ने निणर्य गर्छ । र उसले आश्चर्यलाग्दो कुरा पत्ता लगाउदँछ , उसले सोचेको थियो की उसले परमेश्वरको इच्छालाई पुरा गर्न सक्छ , उसले सोचेको थियो की उसले परमेश्वरको इच्छालाई प्रेम गर्छ तर उसलाई थाहा भयो की उसलाई सधै मन पर्दैन रहेछ । कुनै समयहरुमा उसलाई त्यो पुरा नगर्ने इच्छा जाग्दो रहेछ र जब उसले पुरा गर्ने कोशिस गर्दा ऊ असफल भएको भेट्टाए । नौराश्यता उसमा आयो र प्रभु प्रतिको उसको सर्मपणमा नै प्रश्न उठ्न थाल्यो । जति धेरै उसले परमेश्वरको इच्छालाई पुरा गर्ने कोशिस गर्‍यो त्यति नै ऊ असफल रर्‍यो, र रोमी ७:१८–१९ मा जस्तै ऊ पावलसँग ठुलो स्वरमा भन्दछ :

मलाई थाहा छ ममा असल केही पनि छैन, अर्थात् मेरो पापमय स्वभावमा । किनकि असल काम गर्ने इच्छा ममा छ, तर सो म गर्न सक्तिनँ । किनकि असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ तर खराब काम जो म गर्न चाहन्नँ, त्यही म गर्छु ।

समस्या के हो त ? **समस्या चाहिँ** हामीले आफुलाई परमेश्वरलाई खुशी पार्ने ब्यवस्था मुनि राख्दछौं । हामी आफैले नै व्यबस्थालाई राख्ने कोशिस गर्दछौं ।

रोमी ७ चाँहि रोमी ६:१४ लाई ब्याख्या गर्न र यो वचनलाई साँचो बनाउन दिइएको हो । पाप
तिम्रो मालिक हुनेछैन, किनकि तिमी व्यवस्थाको अधीनमा होइन, तर अनुग्रहमुनि छौ ।

**अनुग्रह** चाँहि परमेश्वरले मलाई जो मसँग छैन **दिनुभएको छ** । मैले गर्न नसक्ने **परमेश्वरले गर्नु भएको हो ।**

यद्यपी, "तिमी व्यवस्थाको अधीनमा होइन, तर अनुग्रहमुनि छौ ।"

**हामी व्यबस्था देखी छुटकारा पाएका छौं**, उहाँलाई मैले नै यो गर्नु पर्छ भन्ने छैन, तर "अनुग्रहमा" उहाँ आफैले मेरो निम्ति गरिदिनुभएको छ ।
रोमी ७ मा जुन समस्या भनिएको छ त्यो मानिस पापमय स्वभावमा नै रहेर परमेश्वरको लागि केहि गर्ने कोशिस गर्दछ ।

**व्यबस्थामा समस्या होइन (रोमी ७:१२,१४,१६) ।**

**समस्या चाहिँ शरिर कमजोर भएकोले हो**, शक्ति हिन, "पापमा बेचिएको", **यसले परमेश्वरलाई खुशी बनाउन र केहि गर्न सक्दैन** । र यो कमजोरीलाई देखाउनु नै व्यबस्थको उद्देश्य हो ।

- **रोमी ७:७–२४**

उदाहरणः नराम्रो सेवक
जबसम्म उसबाट केही चाहिदैन–समस्या छैन । तर उसलाई केही गर्न भन्यो भने समस्या शुरु हुन्छ । उसको असक्षमता प्रकट हुदँछ । व्यबस्थाले हाम्रो कमजोरीहरु वा असक्षमतालाई प्रकट गराउदँछ ।

प्रभुलाई थाहा छ की जो व्यबस्थाले चाहेको हो त्यो उसले पुरा गर्न सक्दैन । तर समस्या चाहिँ : **मलाई यो थाहा छैन** । म सोच्छु की म गर्न सक्छु । **हामीलाई** हाम्रो **पूर्ण असक्षमता** र **लाचारपन** थाहा हुनु पर्दछ ।
**रोमी ७:७–११** म पावलले यो सत्यतालाई पत्ता लगाएका छन् ।

हामी धेरै पापमय छौं, दुष्ट, खराब र हामी गर्न सक्छौं भन्ने भ्रममा हुदछौं । हाम्रो वास्तविक स्वभावलाई देखाउनलाई व्यबस्था दिइएको छ । हामी धेरै घमण्डी छौं र हामी सोच्छौं की परमेश्वरले हामीलाई हामी को हौं र हामी त्यो राख्न सक्दौनौं र हामीलाई मुक्तिदाताको आवश्यकता छ भनी प्रमाणित गर्नु पर्दछ । **अपराध बढोस् भनेर व्यवस्था आयो** । तर जहाँ अपराध बढ्यो, त्यहाँ अनुग्रह पनि अझ बढ्यो, अनि जसरी पापले मृत्युमाथि राज्य गर्‍यो, उसरी अनुग्रहले धार्मिकतामाथि राज्य गरेर येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनन्त जीवन ल्याउनेछ । रोमी ५:२०–२१

हामीले व्यबस्थालाई पालन गरौं भनेर यो दिएको होइन । यो पूर्ण ज्ञानमा तोडिनलाई दिइएको हो; र हामी हाम्रो महान् आवश्यकताको बारेमा जान्यौं भने, व्यबस्थाले आफ्नो उद्देश्य पुरा गरेको हुन्छ । यो हामीलाई "*ख्रीष्टको नजिक ल्याउने विद्यालयको शिक्षक*" हुदँछ , र उहाँ आफै हामीद्वारा यो पुरा गरुन् । **गलाती ३:२४**

व्यबस्थाबाट **स्वतन्त्रको बाटो रोमी ७:१–४** मा लेखिएको छ । "पहिलो श्रीमान्" चाहिँ व्यबस्था हो । उसले धैरै मागहरु राख्दछ तर मद्दत गर्नलाई अगाडि बढ्दैन । तपाई "स्त्री" हुनुहुन्छ , जसले उसको सबै मागहरु पुरा गर्न असमर्थ हुनुहुन्छ । "दोस्रो श्रीमान्" ख्रीष्ट हुनुहुन्छ । उहाँले त्यसतै वा कहिले काहिँ त्यो भन्दा ज्यादा मागहरु राख्नुहुन्छ (मत्ती ५:२१–४८) । तर जे कुरा हामीबाट माग्नुहुन्छ त्यो **आफै** उहाँको शक्तिद्वारा हामीमा **पुरा गरिदिनुहुन्छ** ।
उसको पहिलो श्रीमान् देखी छुटकारा चाहिँ उसको मृत्यु पछि मात्र हुन्छ । तर त्यो श्रीमान् मर्छ भन्ने प्रश्ननै उठ्दैन : **मत्ती ५:१८** *म तिमीहरूलाई यो सत्य बताउँछु, जब सम्म स्वर्ग र पृथ्वी बितेर जाँदैनन्, तबसम्म व्यवस्थाबाट एउटा सानो अक्षर अथवा बिन्दुसम्म पनि कुनै कारणले पूरा नभई रहनेछैन ।* एउटै मात्र बाटो चाहिँ यदि उसको मृत्यु हुदैन भने, **म मर्नै पर्दछ** र विवाह सकिन्छ । र यहि नै परमेश्वरले छुटकारा ल्याउनुभएको छ , **रोमी ७:४** ।

व्यबस्था कहिल्यै बितेर जाने छैन, परमेश्वरको धार्मिक मागहरु सधैँ रहिरहन्छ, र **यदि म मरे भने** मैले ति मागहरु पुरा गर्नै पर्दछ ; तर **यदि म मरे** भने व्यबस्थाको आफ्नो दाबिहरु मबाट हराउदँछ ।

"ख्रीष्टमा" मेरो **मृत्युले मलाई पापको शक्तिबाट र व्यबस्थाको मागहरुबाट स्वतन्त्र गराउदँछ** । पापले मलाई अहिले पनि बोलाउछ तर उत्तर पाउदैन, म मरिसकेको छु । व्यबस्था छ र मसँग मागहरु राख्दछ तर म प्रतिक्रिया गर्दिन, **म मरिसकेको छु** ।

म्रिसकेको र पुरानो श्रीमान् जसले धैरै मागहरु राखेको छ तर कहिल्यै पनि सहयोग नगर्ने ऊबाटको छुटकारा पाएको, हामी आहिले नयाँ श्रीमान् जसले हाम्रो निम्ति सबै गर्नुहुनेसँग विवाह गर्न स्वतन्त्र छौं ।

**रोमी ७:४** *यसकारण मेरा भाइहरू हो, परमेश्वरको निम्ति फल फलाआं भनेर अर्को व्यक्तिका अर्थात् जो मरेकाहरूबाट जीवित हुनुभएको छ, उहाँका हुनलाई तिमीहरू पनि ख्रीष्टको शरीरद्‌वारा व्यवस्थाका निम्ति मरेका भयौ ।*

यो नयाँ विवाहमा नयाँ के छ ? "*परमेश्वरको निम्ति फल फलाआं भनेर ।*" ख्रीष्टको शरीद्धारा मुर्ख, पापी स्त्री मरेको छ , तर मृत्युमा नै मरेको बेला गरिएको विवाहले उनी पुर्नरुत्थानमा पनि एक भएकि छे , र **पुर्नरुत्थानको जीवनको शक्ति**मा उनले परमेश्वरमा फलहरु ल्याउछिन् । **जीवीत प्रभुको शक्तिले तपाईमा परमेश्वरको पवित्रता राख्नुहुन्छ , तपाईलाई सबै मागहरु प्राति सशक्त बनाउदँछ** । परमेश्वरको व्यबस्था खारेज हुदैन, यो सिद्धतामा पुरा भएको छ, अब **तपाईमा** जीवीत प्रभु बास गर्नुहुन्छ , र उहाँको जीवन जहिले पनि पिताको अगाडि मन पर्दो छ ।

मत्ती ५:१७ *"म व्यवस्था र अगमवक्ताहरूलाई रद्द गर्न आएको हुँ भनी नसम्झ म तिनीहरूलाई रद्द गर्न होइन, तर ती पूरा गर्न आएको हुँ ।"*

फिलिप्पी २:१२–१३ *यसकारण, मेरा प्रिय मित्र हो, म तिमीहरूसँग हुँदा मैले दिएका अर्ती जसरी सधैं पालन गरेका थियौ, अब झन् बढी मेरो अनुपस्थितिमा पनि डर र कम्पसाथ आफ्नो मुक्तिको काम तिमीहरू पूरा गर्दै जाओ, किनकि तिमीहरूका इच्छा र काम गराइ दुवैलाई उहाँकै असल अभिप्रायमुताविकको तुल्याउनका निम्ति तिमीहरूमा* ***काम गर्नुहुने चाहिँ परमेश्वर नै हुनुहुन्छ ।***

व्यवस्थाबाट छुटकारा पाएको अर्थ चाहिँ हामी परमेश्वरको इच्छा गर्नबाट छुटकारा पाएका छौं वा हामी व्यवस्था बिहीन बन्नु होइन तर ख्रीष्ट अब हामीमा जीउनुहुन्छ र पितालाई खुशी बनाउन सक्छौं ।

उदाहरण :
एशियामा धेरै ज्यामिहरुले गहैं सामानहरु ढाडमा नाम्लोले निधारमा उचाल्छन् । केही सामानहरु बेक्नलाई धैरै भारि हुन्छ , तैपनि बोक्नलाई परिक्षीत हुन्छन् । बोक्नै

नसक्ने भारि पनि बोक्न कोशिस गर्दछ । अन्तमा उनीहरु सबैले छोड्छ र बलियो मान्छेले उठाउछ ।

परमेश्वरको व्यवस्थको भारि येशू एक्लैले बोक्न सक्षम हुनुहुन्छ । हामीले छोडेर उहाँलाई बोक्न दिनु पर्दछ ।

उदाहरण :
एक जना व्यक्ति खोलाकमा डुब्दै थियो र ऊ र उसको साथिहरुले खोलाको किनारमा उभिरहेको एक जनालाई बचाउनलाई बोलायो जो पौडि खेल्नलाई सिपालु थिए । तर त्यो व्यक्ति त्यहि उभिरहे । हरेक जना ऊ प्रति धैरै रिसाए र किन उसले डुबिरहेको व्यक्तिलाई नबचाएको भनि छक्क परे । जब त्यो व्यक्ति डुब्नलागे तब त्यो मान्छे खोलामा गई उसलाई बचाए । जब भिडले उनलाई पहिले नै नबचाएको भन्दै सोधे तब उनले जवाफ दिए : " यदि म चाढैं गएको भए उसले मलाई बेस्मारि तानेर डुबाउने थियो । डुब्ने मान्छेलाई तबसम्म बचाउन सकिदैंन जबसम्म ऊ थकित हुदैन र उसले आफुलाई बचाउन कोशिस गर्दैन ।"

प्रभुलाई बोलाउन, उहाँमा पुर्णरुपमा आश्रित हुन र हामी आफै कोशिस गर्न रोक्न, हामी हाम्रो ताकतहरुमा र क्षमताहरुमा थकित हुनै पर्दछ ।

## उहाँको जीवनद्धारा म बचाइएको छु ।

## ३. आत्मामा हिड्दा रोमी ८

रोमी ८:१–२ यसकारण, अब येशू ख्रीष्टमा हुनेहरूको निम्ति **दण्डको आज्ञा छैन**, किनकि जीवनको आत्माको व्यवस्थाले ख्रीष्ट येशूद्‌वारा मलाई पाप र मृत्युको दण्डबाट **स्वतन्त्र** (पूर्ण, पुरा भइसकेको तथ्य) **गरिदिएको छ ।**

दण्डको आज्ञा छैन किनकी येशू ख्रिष्टको **रगत**ले हाम्रा पापहरुको **क्षमा भइसकेको छ** तर यहाँ यसको अर्थ पनि यहि हो :

म आफै दण्डको भागि हुनैछैन किनकी :

मैले थाहा पाएकी म अब देखि जीउने छैन र अहिले :
**ख्रीष्ट येशूले उहाँको जीवन ममा जीउनुहुन्छ ।**

**रोमी ६ र ७** को सत्यतालाई जान्नुभन्दा पहिला म सधै हार्थे । म जहिले पनि भन्थे : "म यो गर्न सक्दिन !" जतिसुकै कडा मेहनेत गरेता पनि म "परमेश्वरलाई खुशी बनाउन सक्दैनथ्थे ।"

**रोमी ८:८**

तर ख्रीष्ट ममा जीउनु हुदाँ **ख्रीष्टमा "म गर्न सक्दिन" भन्ने छैन** ।

अहिले :

जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा म सबै कुरा गर्न सक्छु ।
फिलिप्पी ४:१३

किन? कसरी ? किनकी : *ख्रीष्टको जीवनको आत्माको व्वस्थाको लागि येशूले तपाईलाई पापको व्यवस्था र मृत्यु देखी स्वतन्त्र दिनुभएको छ ।*

**"जीवनको व्यवस्था"** को **"पाप र मृत्युको व्यवस्था"** भन्दा ज्यादा शक्ति छ । तसर्थ दण्डको आज्ञा छैन ।

उदाहरण :
गृत्वआर्कषणको व्यवस्था कारण स्याऊ मैले खुल्ला छोड्दा जहिले पनि तल खस्छ । तर यदि मैले यसलाई खुल्ला छोडिन भने, गृत्वआर्कषणको व्यवस्था भन्दा ज्यादा शक्तिशालिले त्यसलाई जितेको छ ।

पानीले खाएको चिल्लो डल्लो ढुंगाको सानो चिरा परेको भागमा सानो बिऊ खस्छ । जसरी यो बढ्दैं जान्छ यसले त्यो कडा ढुंगालाई चिर्छ । "**जीवनको व्यवस्था**ले" कडा व्यवस्थालाई जीत्छ ।

यसरी नै परमेश्वरले हामीलाई एउटा व्यवस्थाबाट त्यो भन्दा ज्यादा शक्तिशालि व्यवस्थाको परिचय दिदैं हामीलाई छुटकारा दिनुहुन्छ । **पाप र मृत्युको व्यवस्था** जहिले पनि छ तर **ख्रीष्ट येशूमा जीवनको आत्माको व्यवस्था** चाहिँ महान् हो, विजय हुने शक्ति ।

ख्रीष्ट येशूको पुनरुत्थानको जीवनले पाप र मृत्युलाई भेटेको छ र तिनीहरुमाथि विजय प्राप्त गरेको छ । (एफिसी १:१९–२०)

१ पत्रुस १:५ जुन पछिल्ला दिनमा प्रकाशित हुने मुक्ति आई नपुगुन्जेलसम्म विश्वासद्वारा परमेश्वरको शक्तिले सुरक्षित गरिएका छन् ।

यसले **कोशिस र भरोसा**मा भिन्नता ल्याउदँछ । **म** मेरो आफ्नै ताकतमा परमेश्वरलाई खुुशी बनाउन **कोशिस** गर्दिन तर उहाँको जीवनले सशक्त बनाउन **उहाँमा भरोसा गर्दछु** र पूर्णरुपमा आउदँछु र उहाँले डो¥याए झै म आनन्द साथ कार्य गर्दछु ।

यो निस्कृय हुनु होइन ; **यो सबै भन्दा ज्यादा सक्रिय हुनु हो** । प्रभुमा भरोसा राख्नु, उहाँ तिर जीवनलाई डो¥याउनु, उहाँलाई मेरो जीवन बनाउनु, **उहाँको जीवन ममा जीउन अनुमति दिनु हो** । एफिसी ३:१४–१९

जब **म कोशिस गर्दछु** , यो चाहिँ पेट्रोल बिनाको कार हो । शक्तिहिन । तर जब **म उहाँमा भरोसा** राख्छु , उहाँको पुर्नरुत्थानको जीवनको शक्तिले मलाई उहाँको इच्छा पुरा गर्न सहयोग गर्दछ । समस्या छैन । पसिना पनि छैन ।

हामीमा भएको **उहाँको जीवनमा भरोसा गर्छौं** भने हामी वास्तविकरुपमा परिवर्तन हुन्छौं । तपाईलाई उहाँले यसो भन्नुहुनेछ : “तिम्रो आवाज धेरै चर्को छ ।” वा “हासो सहि थिएन” वा “अर्को व्यक्तिलाई पहिला जान देऊ” वा “तिम्रो भनाईको उद्देश्य चाहिँ गतल छ” । येशूले आफ्नो जीवन तपाईमा जीउनेछु !

**यहि असाधारण जीवनलाई इसाई जीवन भन्दछौं ।** यसले हरेकलाई प्रेममा प्रकट गर्दछ , प्रेम नहुनेलाई पनि ।

**रोमी ८:३–४** शरीरको पापमय प्रकृतिले गर्दा व्यवस्थाले गर्न नसकेको काम अब परमेश्वरले आफनै पुत्रलाई पापको शरीरको समानतामा पाप बलिको रूपमा पठाउनुभएर पूरा गर्नुभयो । अनि पापी मानिसको पापलाई दोषी ठहराउनुभयो, कि व्यवस्थाले मागेको उचित थोक हामीमा पूरा होस्, हामी जो पापमय प्रकृतिअनुसार होइन तर आत्माअनुसार जिउँछौं ।

व्यवस्थाले तपाईलाई परमेश्वरलाई मन पर्ने बनाउदैन किनकी यसको शक्ति छैन र हाम्रो शरिर कमजोर छ र परमेश्वरलाई मन पर्ने बनाउन सक्दैन ।

याद गर्नुहोस् : **उद्धारको प्रश्न नै छैन** यो त **परमेश्वरलाई खुशी** बनाउने बारे हो ।

अहिले, हाम्रो असक्षमताको कारण परमेश्वरले दुई कदमहरु उठाउनुभयो :

१. **उहाँले आफ्नो पुत्र पठाउनुभयो** जो "हाम्रो लागि पाप" बन्नुभयो र "शरीको पापलाई" दोष लगाउनुभयो ।

२. जब हामी आत्मामा हिड्छौं व्यवस्थाको मागहरुलाई पुरा गर्न हामीमा **उहाँले आफ्नो पवित्र आत्मा पठाउनुभयो ।**

आत्माको पछि हिड्नु चाहिँ आत्माको अधिनमा हिड्नु हो ।
जब म उहाँको आज्ञाकारि बन्नलाई कोशिस गरे भने मैले "आत्माको जीवनको व्यवस्था" लाई पूर्ण काम गराईमा पाउदछु र जब व्यवस्था पुरा हुदँछ, स्वतः नै परमेश्वरलाई खुशी बनाउदँछु ।

रोमी ८:१४ किनकि प्रभुका आत्माले डो¥याइएकाहरू परमेश्वरका पत्रुहरू हुन् ।

"पुत्रहरु" – सन्तान जस्तै परिपक्व भन्ने बुझाउछ ।

स्वभाविक रुपमा जीउन म हावामा हुनुपर्दछ , पानीमा होइन !
आत्मिकी रुपमा जीउन म आत्मामा हुनुपर्दछ , शरिरमा होइन ।

मानिस पानीमा जीउन र काम गर्न सक्दैन, खालि हावामा मात्र हो ।
ख्रीष्ट शरिरमा जीउन र काम गर्न सक्नुहुन्न तर खालि आत्मामा मात्र हो ।

**"आत्मामा"** जीउनुको अर्थ आवश्यक कुराहरु गर्न **म उहाँमा भरोसा राख्नु** हो ।

- **यो कोशिस होईन, तर भरोसा हो ।**
- **यो संर्घष होईन, तर उहाँमा आराम गर्नु हो ।** गलाती ५:१६–२५

**उहाँले हामीलाई पाप, शैतान र मृत्यु**माथि **विजयी हुन डोर्‍याउनुहुन्छ** ।

रोमी ७:२५

गलाती २:२०

कलस्सी १:२७

*तर परमेश्‍वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टमा विजय दिनुहुन्छ ।*

१ कोरन्थी १५:५७

आभार :
जहाँबाट भागहरु लिइएको :
"फेल्ड् येट फरगिभन" केथ ल्याम्ब ; ल्याम्ब पब्लिसिङ

मेरो पहिलो बाइबल शिक्षकमा धेरै आभारि छु , केथ ल्याम्ब र उहाँको धेरै घण्टाहरुको सिद्ध परमेश्‍वरको वचन अध्ययन

# ख. विश्वासलाई बुझनु

**क. परिचय**

*"धर्मीहरू विश्वासले जिउनेछन् ।"*

**जीवनको मार्ग**को यो घोषणा बाइबलमा चार पल्ट पाउनसक्छौं : हबकूक २:१–५, रोमी १:१७, गलाती ३:१०–११, हिब्रू १०:३८

येशू ख्रीष्टमा नयाँ जन्म पाएका विश्वासीको लागि, **विश्वास नै जीवनको मार्ग हो** :

**विश्वासद्धारा नै उनी बचाइएका हुन् :**

एफिसी २:८–९ किनकि तिमीहरू **विश्वास**द्वारा अनुग्रहबाट **बचाइएका हौ**– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो । कर्महरूद्वारा होइन, नत्रता कसैले घमण्ड गर्नेछ ।

**विश्वासद्धारा नै उनी सुरक्षीत राखिएका हुन् :**

१ पत्रुस १:५ जुन पछिल्ला दिनमा प्रकाशित हुने मुक्ति आई नपुगुन्जेलसम्म **विश्वासद्वारा** परमेश्वरको शक्तिले **सुरक्षित** गरिएका छन् ।

**विश्वासद्धारा नै उनी जीउछन् :**

गलाती २:२० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, तैपनि म जिउँछु, त्यसो भए तापनि म त होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । यो शरीरमा जुन **जीवन** म जिउँछु, त्यो **म परमेश्वरको पुत्रमा विश्वास राखेर जिउँछु**, जसले मलाई प्रेम गर्नुभयो अनि आपैmलाई मेरो निम्ति अर्पण गर्नुभयो ।

**ख. विश्वास भनेको के हो ?**

हिब्रू ११:१ बाइबलमा यो एउटा मात्रै विश्वासको परिभाषा दिइएको छ ।

अब विश्वासचाहिँ हामीले गरेको आशाको **निश्चयता** र हामीले नदेखेका कुराको **दृढ भरोसा** हो ।

यो परिभाषालाई बुझ्नु अति नै महत्वपूर्ण छ ।

- **निश्चयता** – मनमा निश्चय हुनु । शंका वा अनिश्चितताबाटको छुटकारा ।
- **दृढ भरोसा** – दृढं भरोसा भएको स्थिती । बलियो विश्वास ।

**निश्चयता**को ग्रीक शब्द : हुपोसटासिस् (स्ट्रोस् : ५२८७)

थेएरस् ग्रीक लेक्सिकनले यो शब्दको परिभाषा यसरी दिन्छ :

- मुनि राख्नु ; जग
- वास्तविकतामा अस्तित्वमा आएको ; निश्चयता, वास्तविक चिज
- अटल मन, दिगो, आत्माविश्वास, दिगो भरोसा, निश्चितता

ग्रीक भाषामा यसमा **कार्य**लाई बताउदँछ ।

जे. एन. डार्बेले यो पदलाई यसरी अनुवाद गरेका छन् :

“विश्वास चाहिँ आशा गरिएको सबै थोकहरुको **सार** हो ।”

सार substantiating शब्दको अर्थ हामीले बुझ्नु भएको छ ।

Sub.stance (noun) : त्यो जसको समुह र ठाउँ ओगट्ने । यसलाई देख्न र छुन सकिन्छ । यो काल्पनिक होईन ।

Sub.stan.ti.ate (verb, transitive)

१. प्रमाणलाई आधार दिने, प्रमाणित गर्नु, पक्का
२. क) भौतिक आकृती दिनु , शरिरले ढाक्नु
    ख) बलियो बनाउनु वा ठोस

३. सार दिनु ; वास्तविक बनाउनु वा वास्तविक

तसर्थ विश्वासले आशा गरेको कुराको **सार दिन्छ** र **वास्तविक बनाउछ** (भौतिक स्वरुप दिने) ।

अर्को शब्दहरुमा :
**विश्वास गरिएको कुरालाई वास्तविकतामा ल्याउदँछ ।** मर्कूस ११:२४

२ कोरन्थी ४:१८ यसकारण हामी आफ्ना आँखा देखिने थोकहरूमा होइन, तर नदेखिने थोकहरूमा
लगाउँछौं । किनकि देखिने थोक क्षणिक, तर नदेखिनेचाहिँ अनन्त हुन्छ ।

विश्वासले **वास्तविकतामा ल्याउदँछ** वा "आँखा देखिने थोकहरू" **वास्तविक बनाउदँछ** र यी थोकहरुलाई देखिने बनाउदँछ । याकुब ५:१६–१८

विश्वासले हाम्रो अनुभवको लागि वास्तविक थोकहरुलाई **वास्तविक बनाउदँछ** ।

विश्वासले ख्रीष्टको थोकहरुलाई मेरो लागि **वास्तविक** वा सार **बनाउदँछ** ।

उदाहरण : रोमी ६:६ किनकि हामीलाई थाहा छ कि **हाम्रो पुरानो शरीर उहाँसँग क्रूसमा टाँगिएको छ**, ताकि पापको शरीरलाई मिल्काइयोस् अनि हामी पापको दास भएर बस्नु नपरोस् ।

विश्वासले यो सत्यतालाई **मेरो अनुभवमा मेरो लागि वास्तविक बनाउदँछ** ।

यदि मैले विश्वास नगरेता पनि यो सत्य हो । यो अहिले पनि तथ्य नै हो । तर यो वास्तविक बनाइएको छैन , वा जीवन परिवर्तन गर्ने मेरो अनुभव होइन ।

यदि मैले ठुलो धन जीत्नुछ भने र यो सत्य हो अनि मेरो नाम टि. भी.मा भन्दछ भने यो तथ्य हो र अब म त्यहाँ जानुप¥यो र लिनुप¥यो । तैपनि मैले विश्वास गरिन, यो तथ्य भए पनि यो मेरो अनुभवमा मेरो हुनसक्दैन ।

यदि हामीले क्रुसको तथ्यलाई विश्वास गरेनै भने पनि यो वास्तविक नै रहन्छ , **तर हाम्रो लागि त्यो मुल्य हिन हो** । यी कुराहरुलाई वास्तविक बनाउन विश्वासको

आवश्यकता पर्दैन, तर **विश्वास तिनीहरुको सार हुन सक्छ र हाम्रो अनुभवमा वास्तविक बनाउन सकिन्छ** ।

यूहन्ना १७:१७ सत्यद्वारा तिनीहरूलाई पवित्र गर्नुहोस् तपाईंको वचन सत्य छ ।

यूहन्ना ८:३२ तब तिमीहरूले सत्यलाई चिन्नेछौ, अनि सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।

यूहन्ना ११:४० येशूले भन्नुभयो, "विश्वास गर्‍यौ भने, तिमीहरूले परमेश्वरको महिमा देख्नेछौ भनी
मैले तिमीहरूलाई भनेको थिइनँ र ?"

**ग. विश्वासको दुई तत्वहरु छन् :**

**पहिलो मन**सँग सम्बन्धित छ । हामीलाई के **थाहा** छ । हाम्रो **विश्वास** के हो । येशू ख्रीष्ट नै परमेश्वर हुनुहुन्छ र उहाँ मात्र उद्धारक हुनुहुन्छ भनि विश्वास गर्नु चाहिँ बौदिकताको निश्चितता हो ।

याकूब २:१७–२०          मर्कूस १:२३–२५

**दोस्रो** येशू ख्रीष्ट मालिक झैं समर्पण हुन **इच्छाको निर्णय** हो । यो थुमाले विश्वास गर्दा र स्वीकार्दा देखिन्छ , "मेरो प्रभु र मेरो परमेश्वर" (यूहन्ना २०:२८) ।

"मेरो प्रभु" – उहाँको इच्छामा समर्पण गर्नु ।
"मेरो परमेश्वर" – उसको मन उ जो थियो त्यसमा भरोसा थियो ।

बचाइने विश्वास चाहिँ : (१) येशू नै परमेश्वर र मुक्तिदाता हो भन्ने कुरामा **मनको निश्चितता** हो । (२) तपाईको जीवनको प्रभु (मालिक) झैं उहाँमा **इच्छाको समर्पण** ।

विश्वासले हाम्रो इच्छा र योजनाहरुको पुर्ति भन्दा **उहाँको इच्छा**को खोजी गर्दछ ।
यहोशू ५:१३–१४

उहाँको वचन सत्य छ – वास्तविक – जीउदो – शक्तिशालि ! (हिब्रू ४:१२; प्रकाश १:१६)

**घ. विश्वास चाहिँ प्रभु र उहाँको वचनमा पूर्ण समर्पण हो ।**

उत्पत्ती १५:६ र गलाती ३:६ अब्राहामलाई हेरः "उनले **परमेश्वरमा विश्वास गरे**, अनि यो उनको निम्ति धार्मिकता गनियो ।"

करारमा रहन यहि नै शर्त हो ।

उदाहरण : एउटा मानिस दुईवटा घरहरुको बिचमा बेसरी कसेको डेरीमा हिडिरहेको थियो । ठुलो भिड डरमा उनलाई हेरेको बेला उनले अप्ठ्योरो र अचम्मको कामहरु धेरै गदर्थे । त्यसपछि उनले फेरी एउटा मात्र चक्का भएको साइकलमा हिड्न शुरु गर्दछ र भन्छन् , "मैले यो साइकल त्यो पारि लिएर जान सक्छ भनि कसले विश्वास गर्नुहुन्छ ?" प्राय सबैले विश्वास गर्छन् र उनीहरु आफ्नो हात हल्लाउछन् । त्यसपछि उनी भन्छन् : "यदि यसमा तपाई विश्वास गर्नुहुन्छ भने माथि आउनुहोस् यो साइकलमा बस्नुहोस् ।" आफ्नो विश्वासमा कसैले पनि कार्य गरेनन् ।

**ङ. विश्वास चाहिँ परमेश्वरलाई उहाँको वचनलाई लिनु र उहाँको आज्ञापालन गर्नुहोस् ।**
उदाहरणः उत्पत्ती २२:२, ९–१८ अब तेरो छोरा लिई , तेरो एउटै मात्र छोरो इसाहक, जसलाई तैले प्रेम गर्छस् , र जा . . . .

हिब्रू ११:६–११, २७–३०
अनि **विनाविश्वास** परमेश्वरलाई खुशी पार्न असम्भव छ, किनकि उहाँकहाँ जो आउँछन् तिनले उहाँ हुनुहुन्छ अनि उहाँलाई खोज्नेहरूलाई इनाम दिनुहुन्छ भनी **विश्वास गर्नुपर्छ** ।

**यो अनुमान होइन** ! अनुमानमा मलाई कसरी काम गर्ने आउछ भन्ने होइन ।
उदाहरण : इस्राएली ए भन्ने ठाँउमा पराजीत भएका थिए । त्यसपछि मात्र उनिहरुले

आत्माविश्वास र अनुमानमा भरोसा राखेको लाथि पश्यताप गरे र प्रभुको वचनको खोजी गरे ।

**च. त्यो कुरा जान्नु विश्वास हो :**

हामीलाई थाहा छ, परमेश्वरलाई पे्रम गर्नेको निम्ति उहाँले भलाइ नै गर्नुहुन्छ, तिनीहरूको निम्ति जो उहाँको योजनाअनुसार बोलाइएका छन् । रोमी ८:२८

- साँचो विश्वासले विश्वास गर्न कहिल्यै रोक्दैन ।
- सधैँ यो विश्वासयोग्य छ । हिब्रू १०:३९ लूका २२:३२

**छ. विश्वास, तर्क भन्दा पर जान्छ ।**

- किन भन्ने नबुझि यसले विश्वास गर्छ । (लूका १:३८)
- कैदमा पनि यो गाउछ । (प्रेरित १६:२५)
- संकष्टहरुमा यसले महिमा दिन्छ । (रोमी ५:३)
- कष्टको चुनाब गर्छ । (हिब्रू ११:२५)
- यसले परमेश्वरको इच्छाको भाग हो भनि सबै थोक स्विकार्छ । (फिलिप्पी १:१२)

## ज. मुक्तिको लागि विश्वास चाहिँ प्रभुबाटको उपहार हो ।

यूहन्ना ६:६४–६५ तर अझै पनि तिमीहरूमध्ये कति जना छौ, जसले **विश्वास गर्दैनौ** । किनकि तिनीहरूमध्ये कस– कसले विश्वास गर्दैनन् र कसले उहाँलाई धोका दिनेछ भनी येशूले शुरुदेखि नै जान्नुभएको थियो । ६५उहाँले फेरि भन्नुभयो, **"यसैकारण मैले** तिमीहरूलाई पिताले कसैलाई आउन नदिएसम्म कोही पनि मकहाँ आउन सक्दैनँ भनी भनेको हुँ ।"

यूहन्ना ६:३७ **पिताले मलाई दिनुहुनेहरू सबै मकहाँ आउनेछन्**, र मकहाँ आउने कसैलाई पनि म कहिल्यै त्याग्नेछैनँ ।

२ पत्रुस १:१ येशू ख्रीष्टका सेवक र प्रेरित सिमोन पत्रुसबाट, **तिनीहरूलाई जसले हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकताद्वारा हाम्रो जस्तै बहुमूल्य विश्वास पाएका छन्ः**

फिलिप्पी १:२९ किनकि ख्रीष्टमा **तिमीहरूलाई** केवल उहाँ माथि **विश्वास गर्ने** कुरा मात्र दिइएको छैन, तर उहाँको खातिर कष्ट भोग्ने कुरा पनि दिइएको छ,

रोमी १२:३ परमेश्वरले **दिनुभएको अनुग्रह**मा म प्रत्येकलाई भन्दछुः चाहिँदोभन्दा बढ़ी आफूलाई नठान, तर **परमेश्वरले दिनुभएको विश्वासको परिमाणअनुसार नै सुबुद्धिले आफूलाई जाँच ।**

रोमी १०:१७ फलस्वरूप, सुसमाचार **सुनेपछि विश्वास प्राप्त हुन्छ**, अनि सुसमाचार ख्रीष्टको वचनबाट प्राप्त हुन्छ ।

> यूहन्ना ८:४७ **जो परमेश्वरको हो**, त्यसले परमेश्वरले बोल्नुहुने वचन सुन्छ । **तिमीहरूले नसुन्नाको कारण यही हो, कि तिमीहरू परमेश्वरका होइनौ ।**
>
> यूहन्ना १०:२६–२७ **तर तिमीहरूले विश्वास गर्दैनौ, किनकि तिमीहरू मेरा बगालका भेडाहरू होइनौ । २७ मेरा भेडाहरूले मेरो सोर सुन्छन्** म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन् ।

लूका ८:१० उहाँले भन्नुभयो, "परमेश्वरको राज्यको रहस्यको ज्ञान **तिमीहरूलाई प्रकट गरिएको छ, तर अरूहरूसँग** म दृष्टान्तद्वारा बोल्छु , यसरी धर्मशास्त्र पूरा होस्ः **"तिनीहरूले हेरेर पनि नदेखून् , र सुनेर पनि नबुझून् ।"**

हिब्रू १२:२ अनि **हाम्रा विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने** येशूलाई हेरौं, जसले आफ्नो अघि खिएको आनन्दको निम्ति अपमानलाई केही नठानी क्रूसको कष्ट भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिने हाततिर बस्नुभयो ।

> लेखक – ग्रीक : आरम्भ गर्नु , शुरु गर्नु र अगुवाई गर्नु वा ल्याउनु ।
> विश्वास शुरु हुन्छ , प्रारम्भ हुनु र परमप्रभुले सिद्ध तुल्याउनुभएको ।

लूका २२:३२ तर सिमोन, **तिम्रो विश्वास नटुटोस्** (सिद्ध, निरन्तर, सहनशिल विश्वास परमप्रभुबाट नै हो ।) भनेर मैले तिम्रो निम्ति प्रार्थना गरेको छु । अनि तिमी फेरि फर्केपछि आफ्ना भाइहरूलाई स्थिर गराऊ ।"

## १. परिपक्व हुने कदमहरु, बढ्दो विश्वासहरु चाहिँ हाम्रो दायित्व

रोमी ४:११–१२ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको छाप स्वरूप उनले खतना पाएका थिए । यसकारण, सबै धार्मिक ठहरिऊन् भनेर उनी विश्वास गर्ने तर खतना नभएकाहरूका पिता हुन् । १२अनि ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जो **विश्वासका पाइलामा** हिँड्छन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो ।

मत्ती १४:२८–३३ पत्रुसले जवाफ दिए, "प्रभु यदि तपाईं नै हुनुहुन्छ भने, मलाई तपाईंकहाँ पानीमा आउन अह्राउनुहोस् ।" (भरोसा भएको विश्वास)

फिलिप्पी २:१३ किनकि तिमीहरूका **इच्छा र काम गराइ** (तपाईलाई विश्वास दिनुहुन्छ – तपाईले कदमहरु उठाउनै पर्छ ) दुवैलाई उहाँकै असल अभिप्रायमुताविकको तुल्याउनका निम्ति तिमीहरूमा काम गर्नुहुन चाहिँ परमेश्वर नै हुनुहुन्छ ।

परमप्रभुको इच्छा हरेकले पानी माथि हिडोस् भन्ने होइन तर जब उहाँले चुन्नुहुन्छ तब उहाँको नाममा आश्चर्यकामहरु प्राप्त गर्न असिमित प्रेम देखाएको चाहानुहुन्छ ।

पत्रुस छिटै बदल्ने ब्यक्तितत्व भएको व्यक्ति थियो । यस्तो किसिमको व्यक्तिले परमप्रभुले यस्तो किसिमको विश्वास दिनुहुदाँ असल तरिकामा परमप्रभुलाई प्रतिउत्तर दिदँछ । बिचार गर्ने, छिटै नबदल्ने ब्यक्तितत्व भएको व्यक्ति यूहन्नाले गर्न सक्दैन ।

**२९**उहाँले भन्नुभयो, “आऊ ।” तब पत्रसु डुङ्गाबाट ओर्लेर पानीमाथि हिडँदै येशूतिर
आए । (परिपक्व हुदै गर्ने कदमहरु) **३०** तर जब तिनले बतास **देखे**, तब तिनी **डराए**
अनि, (जहाँ उहाँको मनले लिए) डुब्न लाग्दा, “प्रभु, मलाई बचाउनुहोस् ।” भनी
चिच्च्याए । **३१** येशूले तुरुन्तै आफ्नो हात पसारेर तिनलाई पक्रनुभयो अनि भन्नुभयो,
“हे अल्पविश्वासी, तिमीले किन शङ्‌ढा गऱ्यौ ?” **३२**अनि जब उहाँहरू डुङ्गामा
चढ्नुभयो, बतास शान्त भयो । **३३**तब डुङ्गामा हुनेहरूले “साँच्चै तपाईं परमेश्वरको
पत्र‌ु हुनुहुन्छ” भने, अनि उहाँलाई दण्डवत् गरे ।

“अल्पविश्वासी”को लागि “ठुलो” वा “महान् विश्वास” हुन हामी हाम्रो डुङ्गाबाट बाहिर जानलाई इच्छा राख्नुपर्दछ (हामीलाई जे थाहा छ र जसमा निर्भर छौं) र विश्वासको कदमहरु लिनुपर्दछ, हाम्रो मनले जे भनेतापनि ।
हाम्रो लागि पत्रुसले “महान विश्वास”लाई देखाउदँछ ।

- पत्रुसले सहि इच्छाबाट शुरु गरे र परमप्रभुलाई खुशी बनाउने प्रार्थना गरे :
  “तपाई जहाँ भए तापनि, म त्यहि हुन चाहान्छु ।”
  “पानीमा तपाई कहाँ आउन मलाई आज्ञा दिनुहोस् ।”

यो सम्भब छ भनि सधैँ सोच्ने विश्वास, भरोसा, आस्था पत्रुससँग थियो, जो परमप्रभुले उनलाई दिनुभएको थियो (माथिका पदहरु हेर्नुहोस्) ।

तर त्यो विश्वासको **कसरत र बृद्धि** चाहिँ हामीमा विश्वासको कदमहरु लिनुमा नै भर पर्दछ ।

> तर विश्वास चाहिँ साधारण विचार होइन । पत्रुससँग उसले गर्न सक्छ भन्ने विश्वास थियो, तर येशूले **नै**, येशूले **भन्नुभयो**: “आऊ” ।
>
> > फलस्वरूप, **सुसमाचार सुनेपछि विश्वास प्राप्त हुन्छ**, अनि सुसमाचार ख्रीष्टको वचनबाट प्राप्त हुन्छ । रोमी १०:१७

- पत्रुसले **असम्भव** गरे, विश्वासद्वारा उनी पानी माथि हिडे ।
- पत्रुसले **स्वाभाविक काम** गरे, आधिँलाई देखेर उनले आफ्नो आखाँहरु येशू देखी हटाए र शंका गर्न थाले ।

- पत्रुसले **आशा गरिएको काम** गरे, उनी पानीमा डुब्न थाले ।
- पत्रुसले **सहि काम** गरे, उनले येशूलाई हेरे र प्रार्थन गर्न शुरु गरे : "प्रभु मलाई बचाउनुहोस् ।"
- पत्रुसले फेरी **असम्भव काम** गरे, उनी पानी माथि हिडेर येशूकहाँ पुगे ।

यो पाठमा हामीले (१) परमप्रभुले नै विश्वास दिनुभएको हो । (२) विश्वासका असफलताहरु र सफलताहरु ।

हामीलाई दिइएको "विश्वासको नापमा" पत्रुसको उदाहरणलाई हामीले पछ्याउनु आवश्यक छ – र परमप्रभुसँग असम्भव देखिने कुराहरु माग्नुहोस् – र "आफ्नो आरामदायी डुङ्गाबाट निस्कन" इच्छुक हुनुहोस् र परमेश्वरसँग केहि पनि असम्भव छैन भन्ने अनुभव गर्नुहोस् ।

> "यदि मैले धैरै सुरक्षीत जीवन तिमीलाई छोडे भने, तिमीले कहिल्यै पनि तिमीद्धारा मैले काम गरेको तिमी देख्नसक्दैनौं । जब म तिमीलाई मेरो आत्मा दिन्छु , म तिमीलाई तिम्रो स्वाभाविक क्षमता र ताकत भन्दा ज्यादा गर्न ससक्त गर्नेछु ।"

अन्य उदाहरणहरुः

मत्ती १७:२०–२१ किन हामी बाहिर जान गाडि नचलाउने ? उहाँले जवाफ दिनुभयो, "**किनकि तिमीहरूको विश्वास अति थोरै छ** । तिमीहरूलाई साँच्चै भन्दछु, यदि तिमीहरूमा रायोको बीउ जति सानो विश्वास छ भने, तिमीहरूले यस पहाडलाई यहाँबाट त्यहाँ हटिजाँ भन्नसक्छौ, अनि त्यो हटिजानेछ । **तिमीहरूको लागि कुनै कुरो पनि असम्भव हुनेछैन** । २१तर यस किसिमको चंगाईचाहिँ प्रार्थना र उपवासविना हुनसक्दैन ।"

- विश्वास त्याहाँ थियो, तर लडाइको लागि पर्याप्त छ्रैन ।
- विश्वास बढ्नु छ भने यसलाई कसरत गरिरहनु पर्दछ ।

हार ल्याउने जीवनका आधिँ भन्दा ठुलो विश्वासको आवश्यकता तपाईलाई छ । तपाईमा **ठुलो विश्वास** हुनको लागि (१) "प्रार्थना र उपवास" (मत्ती १७:२०–२१) र

तपाईको विश्वासलाई खुवाएर (२) परमेश्वरको वचन (रोमी १०:१७) । तपाईमा पनि पहाडलाई हटाउने विश्वास हुनुपर्दछ ।

साहसी र आफुगर्न नसक्ने काम गर्ने होउ, र "विश्वासका कदमहरु" लिन शुुरु गर्न शुरु गर्नुहोस् ।

**"अल्पविश्वासी"**

- मत्ती ६:३० यदि आज यहाँ देखिने अनि भोलि आगोमा फ्याँकिने मैदानका घाँसलाई परमेश्वरले यसरी वस्त्र पहिर्‍याउनुहुन्छ भने, हे **अल्पविश्वासी हो**, उहाँले के तिमीहरूलाई अझ बढी वस्त्र पहिर्‍याउनुहुनेछैन ?

यहि नै विश्वासको "शुरुवाती कदम" हो – उहाँले अत्यावश्क थोक जस्तै कपडा जुटाउनुहुन्छ भनि विश्वास गर्नुहोस् ।

- मत्ती ८:२६ अनि उहाँले जवाफ दिनुभयो, "हे **अल्पविश्वासी हो**, तिमीहरू किन डराउँछौ ?" तब उहाँ उठ्नुभयो अनि बतास र छालहरूलाई हकार्नुभयो, अनि सबै सम्पूर्ण रूपमा शान्त भइहाले ।

यो चाहिँ अलि विकसित छ, वा महान् "विश्वासको कदम" ।

"आधिँ थामिने छ –र डुङ्गा डुब्नेछैन ।"

यो चाहिँ परमप्रभु हो जो हामीसँग जीवनको तुफानी समुद्र हाम्रो डुङ्गामा हुनुहुन्छ । हाम्रो विश्वास बढ्नुपर्दछ , महान् बन्नु पर्दछ , हाम्रो डरहरुमा विजयी हुदै र हामीले उहाँले हामीलाई दिनुभएको अधिकारलाई परिस्थीतीहरु परिवर्तन गर्न प्रयोग गर्नै पर्दछ ।
(लूका ९:१–२; १०:१–९)

- मत्ती १६:८ तिनीहरूको **छलफल** थाहा पाएर येशूले सोध्नुभयो, "**हे अल्पविश्वासी हो**, तिमीहरू रोटी छैन भनेर किन आपसमा कुरा गर्दछौ ?

यो हाम्रो विश्वासको प्रमुख समस्या हो : तर्क लगाउनु ।

के यो मुर्ति पुजा हो ? उहाँको वचन भन्दा ज्यादा मेरो आफ्नै तर्कमा भरोसा राख्नु ?

हितोपदेश ३:५–७ तेरो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा राख् र **तेरो आफ्नै समझशक्तिमा भर नपर्** ; ६ आफ्ना सबै चालहरुमा उहाँलाई सम्झी र उहाँले तेरा मार्गहरुलाई सुगम तुल्याइदिनुहुनेछ । ७ **आफ्नै दृष्टिमा बुद्धिमान् नबन्, परमेश्वरको भय मान् र दुष्कर्मलाई त्याग्** ।

**"महान् विश्वास :"**

- मत्ती ८:५–१० जब येशू कफर्नहुममा आउनुभयो, एक जना कप्तानले उहाँकहाँ आएर सहायता मागे । ६तिनले भने, "हे प्रभु, घरमा मेरो नोकर पक्षाघातको रोगले धेरै कष्ट पाइरहेको छ ।" ७येशूले तिनलाई भन्नुभयो, "म गएर त्यसलाई निको पार्नेछु ।" ८तब कप्तानले जवाफ दिए, "हे प्रभु , तपाईं मेरो छानामुनि आउनुहुने योग्यको म छैनँ । तर **खालि वचन मात्र बोलिदिनुहोस्** र मेरो नोकर निको भइहाल्नेछ । ९किनकि **म आफै पनि कसैको अधीनमा छु** अनि मेरा अधीनमा पनि केही सिपाहीहरू छन् । **म** एक जनालाई जाँ **भन्छु** अनि त्यो जान्छ, अनि अर्कोलाई आइजँ भन्छु अनि त्यो आउँछ । म मेरो नोकरलाई यो गर् भन्छु अनि त्यसले गर्छ ।" १०यो सुनेर येशूलाई आश्चर्य लाग्यो अनि आफूलाई पछ्याउनेहरूलाई उहाँले भन्नुभयो, "म तिमीहरूलाई साँचो कुरा भन्दछु, मैले इस्राएलमा यस्तो विश्वास भएको कसैलाई पनि भेट्टाइनँ ।

यो एकदम महत्वपूर्ण साँचो हो : (क) हामी उहाँका राजदूत हौं भन्ने **जान्नु** (ख) येशू र कप्तान अधिनमा रहनु भए झैं अधिनमा **रहनु** । अर्को शब्दहरुमा, तपाईले चाहेको अधिकार मात्र भन्ने र गर्ने । (यूहन्ना ५:१९,३०; ६:३८; ८:२८–२९; १२:४९; १४:१०)

- मत्ती ९:२०–२२ ठीक त्यसै बेला बाह्र वर्षदेखि रगत बग्ने रोग लागेकी एउटी स्त्री उहाँको पछिल्तिर आएर उहाँको वस्त्रको किनार छोइन् । २१तिनले

आफैसित यसो भनिन्, "यदि मैले उहाँको वस्त्रमात्र छोएँ भने पनि म निको हुनेछु ।" २२येशू पछि फर्कनुभयो अनि तिनलाई देख्नुभयो । उहाँले भन्नुभयो, "हे छोरी, ढाडस गर, **तिम्रो विश्वासले तिमीलाई निको पारेको छ** ।" अनि ती स्त्री त्यसै घडी निको भइन् ।

येशू को हुनुहुन्छ भनि जान्नु – उहाँको दया र करुणामा विश्वास गर्नु – उहाँलाई पछ्याउनु , उहाँको उपस्थीतीमा आउनु नै विश्वास हो । यसलाई छुवाइको मात्र जरुरत छ ।

- मत्ती ९:२७–२९ अनि येशू जसै त्यहाँबाट अगि बढ्नु भयो दुई जना अन्धा मानिसहरूले यसो भन्दै उहाँलाई पछ्याए, "हे दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस् ।" २८जब उहाँ भित्र पस्नुभयो, ती अन्धा मानिसहरू उहाँकहाँ आए अनि उहाँले तिनीहरूलाई सोध्नुभयो, "म यसो गर्नसक्छु भनी के तिमीहरू विश्वास गर्छौ ?" तिनीहरूले जवाफ दिए, "गर्छौं प्रभु ।" २९तब उहाँले तिनीहरूका आँखा छोएर भन्नुभयो, **"तिमीहरूको विश्वासअनुसार तिमीहरूलाई यस्तै होस्"।**

  येशूका यी शब्दहरु हाम्रो मनमा सँधै रहनुपर्दछ ।

उनीहरुको येशूलाई पछ्याइ दयापूर्ण थिएन । विश्वास र उनीहरुको आवश्यकताले प्रेरित, चारैचिरको ढोकाहरु बन्द भएको अवस्था र उनीहरुको अवस्थामा कसैलाई वास्ता नदिएता पनि उनीहरुलाई उनीहरुको "विश्वासको कदमहरु"लाई कसैले रोक्न सकेनन् ।

- मत्ती १५:२२–२८ त्यसका छेउछाउबाट एउटी कनानी स्त्री जोरसित यसो भन्दै आई, "हे प्रभु, दाऊदको पुत्र, ममाथि दया गर्नुहोस् । मेरी छोरीलाई भूतात्माले ग्रस्त पारेको छ ।" २३येशूले जवाफमा एक शब्द पनि बोल्नुभएन । यसकारण उहाँका चेलाहरूले उहाँकहाँ आएर बिन्ती गरे, "त्यसलाई पठाइदिनुहोस्, किनकि त्यो हाम्रो पछिपछि कराउँदैछे ।" २४उहाँले जवाफ दिनुभयो, "म खालि इस्राएलका हराएका भेडाहरूकहाँ मात्र पठाइएको हुँ ।"

२५त्यस स्त्रीले उहाँकहाँ आएर घुँडा टेकेर भनी, "प्रभु, मलाई सहायता गर्नुहोस् ।" २६उहाँले जवाफ दिनुभयो, "केटाकेटीहरूको रोटी लिएर कुकुरहरूको अगि फालिदिनु उचित होइन ।" २७त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि आफ्ना मालिकहरूका मेचबाट खसेका टुक्राटाक्रीहरू खान्छन् ।" २८तब येशूले जवाफ दिनुभयो, **"हे स्त्री, तिम्रो विश्वास ठूलो रहेछ ।** तिम्रो बिन्ती सुनियो ।" अनि उसकी छोरी त्यसै घडी निको भई ।

विश्वास – अतिआवश्यक आवश्यकता – अटल निर्णयले प्रेरित

- मत्ती २१:२१–२२ यशूले जवाफ दिनभुयो "म तिमीहरूलाई साँच्चै भन्दछु, कि **यदि तिमीहरूमा विश्वास छ र शङ्ढा गरेनौ** भने यस नेभाराको रूखलाई जे गरिएको थियो, तिमीहरूले त्यो मात्र होइन, तर तिमीहरूले यस पहाडलाई जा, गएर आफैलाई त्यस समुद्रमा फालिदे भन्यौ भने, त्यो भइहाल्नेछ । २२ **तिमीहरूले विश्वास ग¥यौ भने तिमीहरूले प्रार्थनामा जे मागे पनि पाउनेछौ ।"** परमप्रभुको वचन । उहाँको प्रतिज्ञा ।

उहाँको वचनलाई सुन्ने + विश्वास + शंका = "अल्पविश्वास" जसले पहाडहरुलाई हल्लाउन सक्दैन । यो हिसाबमा शंकालाई हटाउनुपर्छ ।

## ट. तिन किसिमको विश्वास  यूहन्ना ११:२१–४४

लाजरसलाई मृत्युुबाट बिउताउँदा येशूूले मार्थाको **सिमित साधारण विश्वास** मात्र बाधा पाउनुभयो ।

**मार्थाको विश्वास सिमित थियो** । मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुभएको भए, मेरो भाइ मर्ने थिएन ।" लाजरसको मृत्यु भन्नाले मार्थाको विश्वासको अन्त बुझिन्छ । उनलाई विश्वास थियो कि येशूसँग उसको भाईलाई बिरामीबाट निको बनाउने शक्ति थियो, तर उहाँसँग मृत्युबाट ब्युउँताउने होइन ।

- सिमित विश्वास परिस्थीतीले नियन्त्रण र असफल हुने डरले प्रेरित हुन्छ ।

**मार्थाको विश्वास साधारण थियो ।**

येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ ।" यी शब्दहरु मार्थाको आशा र विश्वासलाई जगाएको हो । (रोमी १०:१७ विश्वास सुनाइबाट आउदँछ ।)

मार्थाले भनिन्, "म जान्दछु, अन्तिम दिनमा मरेकाहरू जीवित पारिँदा ऊ पनि जीवित परिनेछ ।" मार्थाले **सामान्य विश्वासमा महान् सत्यता**लाई घोषणा गरेकिथिइन् , तर आज महान् कामहरु प्राप्त गर्न यस्तो विश्वास पर्याप्त छैन ।
२५येशूले तिनलाई भन्नुभयो, "पुर्नरुत्थान र जीवन दिने म नै हुँ । ममाथि विश्वास गर्ने म¥यो भने पनि जीवित हुनेछ । २६बाँच्ने र मलाई विश्वास गर्ने मानिस कहिल्यै मर्नेछैन । येशूमा आफुमा सबै जीवन र मृत्युको ताकत छ भनि भनिरहनुभयो ।
त्यसपछि उनलाई सोध्नुभयो , मार्था, के तिमी यो विश्वास गछ्र्यौ ?" मार्थाले आफ्नो साधारण विश्वासद्धारा प्रश्नको उत्तर दिइन् : २७ "निश्चय गर्छु, गुरुज्यू, " तिनले भनिन्, "यस संसारमा आउने परमेश्वरको पुत्र, ख्रीष्ट तपाईं नै हुनुहुन्छ भनी म विश्वास गर्छु ।"
"येशू को हुनुहुन्छ" भनि विश्वस मात्र काफि छैन । "पहाडलाई हल्लाउने", "मृत्युबाट बिउताउने" विश्वास हुनै पर्दछ । "परमप्रभुलाई केहि कुरा असम्भव छैन ।" र, यदि उहाँले बोल्नुभयो भने त्यो हुने नै छ ।

**मार्थाको विश्वास चुनौतिपूर्ण थियो ।**

यूहन्ना ११:३९ येशूले तिनीहरूलाई भन्नुभयो, "ढुङ्गो हटाइदेऊ ।" तर मर्नेकी दिदी मार्थाले भनिन्, "तर प्रभु, अब लाश गन्हाउन पनि थाल्यो होला, किनकि त्यो त्यहाँ रहेको चार दिन भइसक्यो ।" मार्थाले अविश्वासमा विरोध गरिन् ।

पद ४० येशूले भन्नुभयो, "**विश्वास गर्‍यो भने**, तिमीहरूले परमेश्वरको महिमा **देख्नेछौ** भनी मैले तिमीहरूलाई भनेको थिइन र ?"

हामी प्रायः “देखाइनै विश्वास हो” भनि सुन्छौं, त यो विश्वासको मानिसको लागि होइन । **तिमीले विश्वास गर र देख्नेछौं** । विश्वास देखाइ भन्दा पहिले आउँछ ।

मार्थालाई चिहानबाट ढुङ्गा हटाउन स्वीकार गरिन् ।

पद ४३ यति भनिसकेपछि येशूले चर्को सोरले कराएर भन्नुभयो, “लाजरस, बाहिर निस्केर आऊ ।” लाजरस बाहिर आयो । मृत्यु देखी बिउतिएर ।

जब तपाईसँग परमेश्वरलाई खुशी बनाउने र उहाँको महिमालाई प्रकट गर्ने असिमित विश्वास छ भने सिमित, साधारण विश्वासमा नै सन्तुष्ट नहुनुहोस् ।

**विश्वासको महत्व**

एफिसी ६:१६ यी बाहेक , विश्वासको ढाल उठाओ, जसद्वारा तिमीले दुष्टका सबै अग्निवाण निभाउन सक्नेछौ ।

**विश्वासको ढाल** चाहिँ इसाई जीवनको अभिन्न भाग हो । तपाईले परमेश्वरको आत्मिकी हातहतियारहरु धारण गर्नुपर्छ किनकी इसाई जीवन चाहिँ युद्ध हो , आत्मिकी युद्ध । जसरी पावलले विभिन्न हातहतियारहरुको नाम लिन्छन्, उनले ढाललाई विशेष जोड दिन्छन् , यी सबैभन्दा, विश्वासको ढाल उठाऊ, केहिले पनि तिमीलाई नोक्शान गर्न सक्दैन; तिमीहरु उहाँद्वारा विजयीहरु भन्दा पनि ज्यादाका हौं । (रोमी ८:३७)

विश्वासको महत्व चाहिँ यी कुराहरुमा देखिन्छ :

१. तपाई विश्वास बाहेक बचाइनुहुने छैन । — यूहन्ना ३:३६
२. संसारमा विजयी जस्तै जीउन सक्दैन । — १ यूहन्ना ५:४
३. तपाईले परमेश्वरलाई खुशी बनाउन सक्दैन । — हिब्रू ११:६
४. तपाईले प्रार्थन गर्नसक्नुहुन्न । — याकूब १:६
५. तपाईले परमेश्वरसँग शान्ति स्थापित गर्नसक्नुहुन्न । — रोमी ५:१
६. तपाईमा आनन्द हुदैन । — १ पत्रुस १:८
७. तपाई विश्वासद्धारा धर्मि ठहराइनुहुन्छ । — गलाती २:१६

८. तपाई विश्वासद्धारा जीउनुपर्दछ । गलाती २:२०
९. तपाई विश्वासद्धारा धर्मि ठहराइनुहुन्छ । रोमी १०:१–४
१०. विश्वासद्धारा ख्रीष्ट तपाईको हृदयमा बास गर्नुहुन्छ । एफिसी ३:१७
११. विश्वासद्धारा पवित्र आत्मा प्राप्त हुन्छ । गलाती ३:२
१२. जो कोही पनि विश्वास नहुनेहरु सबै पाप हो । रोमी १४:२३

विश्वास महत्वपूर्ण छ किनकी यसले परमेश्वरलाई आदर गर्दछ र परमेश्वरले विश्वासलाई आदर गर्नुहुन्छ ।

## ठ. विश्वासको दलान वा बैठक कोठा

हिब्रू ११

तपाईले प्रायः यो अध्यायलाई पढ्नु र मनन गर्नुपर्दछ ताकी तपाईको विश्वास प्रभुमा दह्लो होस् , यहाँ हामीले इस्राएल र मण्डलीको इतिहासको चित्रण पाउदछौं, यो सन्तहरुको महान् प्राप्तीमा विश्वासद्धारा लेखिएको भएको कारण ।

पद ४ उनिहरुले विश्वासद्धारा हाबिलको जस्तै आराधाना गरे ।
पद ५ उनिहरु हनोक जस्तै विश्वासद्धारा हिडे ।
पद ७ उनिहरु नोआ जस्तै विश्वासद्धारा काम गरे ।
पद ८–१९ उनिहरु अब्राहाम जस्तै विश्वासद्धारा जीए ।
पद २०–२२ उनिहरु इसहाक, याकुब र युसुफ जस्तै विश्वासद्धारा आषिशहरु घोषणा गरे ।
पद २३–२८ उनिहरुले मोशाको जस्तै शासन गरे ।
पद २९ उनिहरु इस्राएलीहरु जस्तै विश्वासद्धारा समुन्द्र पार गरे ।
पद ३० उनिहरुले यहोशू जस्तै लडाइँ गरे ।
पद ३१ राहाबले जस्तै अन्य राज्यहरुले उद्धार पाए ।
पद ३२–३३ उनिहरुले गिदोनले जस्तै अरु रान्यहरुमाथि विजय पाए ।
पद ३३ दानिएलले जस्तै उनिहरुले सिहंको मुखलाई बन्द गरे ।
पद ३४ अन्य तिन हिब्रू केटाहरु जस्तै विश्वासद्धारा आगो भएर हिडे ।

पद ३५–३८ पावलले जस्तै विश्वासद्वारा कष्ट भोगे र स्तिफनस जस्तै विश्वासद्वारा मरे ।

हिब्रू ११:३८–४०
सर्वशक्तिमान प्रभु येशू ख्रीष्टमा **विश्वासद्वारा मात्र** तपाईले **सबै परिस्थीतिहरु माथि शासन गर्न** सक्नुहुन्छ र तपाईलाई नष्ट गर्ने सबै दुष्टका ताकतहरुमाथि **विजय हुन सक्नुहुन्छ** ।
हिब्रू १२:१–३ **यसकारण, यतिका साक्षीका ठूला बादलले हामीलाई घेरिराखेका हुनाले,** हामीलाई बाधा पुर्‍याउने टन्टाहरू अनि सजिलैसित अल्मल्याउने पापहरूजस्ता हरेक थोक त्यागेर हाम्रो अगि राखिदिएको दौड धीरजसाथ दगुरौं । २**अनि हाम्रा विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं,** जसले आफ्नो अघि राखिएको आनन्दको निम्ति अपमानलाई केही नठानी क्रूसको कष्ट भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिने हाततिर बस्नुभयो । ३पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, जसले तिमीहरू निरास भएर हरेस खानबाट हौसला मिल्ने छ ।

पुरानो विश्वासका सन्तहरुले हामीलाई प्रेरणा र उत्साह दिउन् जब उनीहरु हामीलाई माथिबाट हेरिरहेका हुन्छन् । तर हामीले : **हाम्रा विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं** जसरी पत्रुसले गरे , विश्वास सुनाइबाट आउदँछ , र सुनाई ख्रीष्टको वचनबाट आउदँछ ।

---

आभार : केही भागहरु मास्टर आउटलाइनबाट र पोटर्स बरिङ्गटनको नोटबाट लिएको छु ।

# ग. न्यायहरु

**क. परिचय**

बाइबलमा पाचँवटा भिन्दा भिन्दै न्यायहरु छन् , र तिनीहरु समय, ठाउँ र उद्देश्यमा अलग छन् । तैपनि, यी सबैमा एउटा समान कुरा चाहिँ प्रभु येशू ख्रीष्ट न्यायकर्ता हुनुहुन्छ ।

यूहन्ना ५:२२ यसबाहेक , पिताले कसैको न्याय गर्नुहुन्न, तर न्यायको सम्पूर्ण काम उहाँले पुत्रलाई सुम्पनुभएको छ ।

आदम देखी पृथ्वीको अन्तिम मानिससम्म हरेक जना प्रभु येशू ख्रीष्टको अगाडि न्यायको निम्ती खडा हुनुपर्दछ ।

**ख. पापको न्याय** **रोमी ८:३**

पहिलो न्यायमा, विश्वासीहरुको पापहरु पहिले नै येशू ख्रीष्टको क्रुसमा न्याय भईसकेको छ ।

हाम्रो पापहरु प्रभु येशू ख्रीष्टको क्रुसमा न्याय भइसकेको छ र हरेक विश्वासी “मृत्यु देखी बाहिर आइसकेको छन् ।” (रोमी ६:२३) विश्वासीहरुको ठाऊमा उहाँ न्यायमा खडाँ हुनुभयो । विश्वासीहरु अब कहिल्यै पनि पापको लागि न्याय गरिने छैन किनकीः

- हामी **पाप र मृत्यु देखी स्वतन्त्र** गराइएका छौं किनकी परमेश्वरले आफ्नो पुत्र प्रभु येशू ख्रीष्टको शरिरमा पापलाई दोष्याउनुभइसकेको छ ।
 रोमी ८:१–४

- “उहाँले आफ्नै बलिदानबाट **पापलाई टाढै राख्नुभएको छ** ।” हिब्रू ९:२६
 २कोरन्थी ५:१९

- संसारसँग विश्वास **कहिल्यै पनि दोषी ठहराइने छैन**, किनकी येशूले हाम्रो दोष सबै लिनुभएको छ । २ कोरन्थी ५:२१

- प्रभु येशू ख्रीष्टको मृत्युले दण्डको मुल्य चुकाउनुभइसकेको छ , र विश्वासीहरु उनीहरुको पापहरु देखि **सधैँको लागि अलग गरिएका छन्** । भजनसंग्रह १०३:१२

- विश्वासीहरुको पापहरुको "**दागलाई मेटाइएको**" छ र परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ की "उहाँले **कहिल्यै पनि** हाम्रा पापहरु **याद** गर्नुहुने छैन ।" यशैया ४३:२५

- हाम्रा पापहरुको लागि हाम्रो प्रभुले कष्ट भोग्नुभयो, "अधर्मिको लागि धर्मि" ताकि हामी बचाइऔं र पापीहरु झै **कहिल्यै पनि** न्यायको आगाडि **नआऔं** । १ पत्रुस ३:१८

- विश्वासीहरु न्यायको अगाडि कहिल्यै पनि आउदैनन् किनकी उनीहरुको पापहरु **धोइएका छन् वा शुद्ध पारिएका छन्** । हिब्रू १:३

- प्रभु येशू ख्रीष्टलाई क्रुसमा हाम्रो लागि श्रापित् बनाइएको थियो, र "हामीलाई व्यबस्थाको श्रापबाट छुटकारा दिनुभयो ।" गलाती ३:१३

**ग. विश्वासीको अहम्को न्याय**

**१ कोरन्थी ११:३१–३२**

तर हामीले **आफैलाई जाँचेका** छौं भनेता, हामी इन्साफमा पर्नेछैनौं । ३२जब हामी परमेश्वरद्वारा इन्साफ गरिन्छौं, तब हामी संसारसित दोषी नठहरिऔं भनेर उहाँद्वारा अनुशासित हुनेछौं ।

विश्वासीहरुको अहम्को न्याय चाहिँ हाम्रो जीवनको कुराहरु जाँच्नु भन्दा ज्यादा हुन्छ । जब हामी आफैले आफैलाई जाँच्छौं, हाम्रो जीवनको असल र खराब प्रकाशमा आउदँछ ; र हामी खराबलाई स्वीकारछौं (१ यूहन्ना १:९) र त्यागछौं (यशैया ५५:७) ।

हाम्रो जीवनको पापलाई न्याय गर्नुपर्दछ र हाम्रो अहम्लाई पनि अवश्य नै न्याय गर्नु पर्दछ ।

- अहम्लाई न्याय गर्नु चाहिँ *"ममा केही असल बास गर्दैन, त्यो चाहिँ स्वभावमा नै छ ।"* भन्ने जान्नु हो । रोमी ७:१८

- अहम्लाई न्याय गर्नु चाहिँ क्रुसलाई लिएर येशूलाई पछ्यादै आफै मर्नु हो । लूका ९:२३–२४

- अहम्लाई न्याय गर्नु चाहिँ मेरो जीवनको बद्‌लीमा ख्रीष्टको जीवनलाई राख्नु हो । कलस्सी ३:४; गलाती २:२०

- अहम्लाई न्याय गर्नु चाहिँ स्वर्थी नहुनु , तर ख्रीष्टको जस्तो सोच भएको हुनु हो । मत्ती २८:२

- अहम्लाई न्याय गर्नु चाहिँ आफुले नै नियन्त्रित जीवन जीउनु होइन, तर ख्रीष्ट नियन्त्रित जीवन जीउनु हो । प्ररित ९:५–६

- अहम्लाई न्याय गर्नु चाहिँ आत्मा सम्मान नखोज्नु, तर आफुलाई भन्दा अरुलाई सम्मान गर्नु हो । फिलिप्पी २:३

- हामीले अरुलाई होइन तर आफैलाई जाँच्नुपर्दछ ।
  यूहन्ना ८:७–११ मत्ती ७:१–५ रोमी १४:४, १०–१३

**घ. विश्वासीको कामहरुको न्याय**

**२ कोरन्थी ५:१०**

किनकी हामी सबै **ख्रीष्टका न्याय–आसनको** सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले **गरेबमेजिम हरेकले असल वा खराब** प्रतिफल पाउनेछ ।

*"ख्रीष्टको न्याय आसन"* को अगाडि विश्वासीको कामहरुको न्याय गरिनेछ ।
*"ख्रीष्टको न्याय आसन"* शब्द बाइबलमा दुई चोटी मात्र पाउछौं । तर यसलाई धेरै पल्ट लिइएको छ ।

यसलाई माथिको पदमा पाउछौं ; रोमी १४:१० लाई पनि हेर्नुहोस् । माथिका दुवै पदहरु बिचार गर्¥यौं भने यिनको पृष्टभुमिले **विश्वासीहरु मात्र** *"ख्रीष्टको न्याय आसन"* अगाडि खडा हुनेछन् ।

उनीहरुको कामहरुको न्याय गरिनेछ , उनीहरुको पापहरु होइन, किनकी हामीले पहिले नै देखिसकेका छौं क्रुसमा ख्रीष्टमा विश्वासीको पापहरुलाई भइसकेको छ, र यसकारण, अब येशू ख्रीष्टमा हुनेहरूको निम्ति दण्डको आज्ञा छैन । रोमी ८:१

- यो न्याय "हावामा" हुनेछ, पहिलो पुनरुत्थान पछि । *"ख्रीष्टमा मरेकाहरु प्हिले जी उठ्नेछन् ।"* (१ थेसलोनिकी ४:१४–१८)
- बचाइएकाहरु र नबचाइएहरुको पुनरुत्थान बिच एक हजार वर्ष हुनेछ । (प्रकाश २०:४–५) र *"ख्रीष्टको न्याय आसन"* जहाँ बचाइएका रहनेछन् र *"न्यायको महान् सेतो सिंहासन"* जहाँ नबचाइएकाहरु रहनेछन् यी दुईको बिच हजार वर्ष हुनेछ ।
- ख्रीष्टको न्याय आसनमा, विश्वासीले आफ्नो बारेमा परमेश्वरको अगाडि लेखा दिनेछन् । तसर्थ, हामीले हाम्रो कामहरुलाई जाच्नुपर्दछ , र अरुको कामहरुको न्याय गर्नुहुदैन ।
- विश्वासीले एक दिन उसका हरेक कामहरुको लेखा दिनुपर्दछ – "असल र खराब" । र *"सबै होशियारीका साथ नगरेका कामहरुको लेखा दिनुपर्दछ ।"* (मत्ती १२:३६–३७) । कोही लाजमा पर्नेछन् (१ यूहन्ना २:२८) र *"गुमाउदछन्"* – उद्धारलाई गुमाउने होइन, तर इनामहरुलाई गुमाउदछन् (१ कोरन्थी ३:११–१५) । तसर्थ तपाईले जे गर्नुहुन्छ , परमेश्वरको महिमाको लागि गर्नुहोस् (कलस्सी ३:१७) ।

## ङ. राज्यहरुको न्याय

**मत्ती २५:३१–४६**

यो न्याय महान् सेतो सिंहासनको न्याय होइन (प्रकाश २०:११–१५) । यी दुई न्यायहरुको ध्यान पुर्वक गरिएको समानताहरुको तथ्यहरु तल उल्लेखित छन् :

- राज्यहरुको न्याय हुनेछ : *"जब मानिसको पुत्र उहाँको महिमामा आउनुहुनेछ . . . त्यसपछि उहाँ उहाँको महिमाको सिंहासनमा बस्नुहुनेछ ।"* महान् सेतो सिंहासनलाई *"महिमाको सिंहासन"* कहिल्यै भनिनेछैन । (प्रकाश २०:११–१५)

- यो न्यायमा, उहाँले जीवित राज्यहरुको न्याय गर्नुहुनेछ (योएल ३:११–१६) । यो महान् सेतो सिंहासनमा, उहाँले मरेका दुष्टको न्याय गर्नुहनेछ ।

- यो न्यायमा, मरेकाहरुको पुनरुत्थान हुनेछैन । यो महान् सेतो सिंहासनमा, सबै दुष्टहरु मृत्युबाट बिउताइने छ : *"समुद्रले आफू सित भएका मुर्दाहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मुर्दाहरू दिइहाले, अनि प्रत्येकले जे गरेको थियो त्यसअनुसार त्यसको इन्साफ गरियो ।"* (प्रकाश २०:१३)

- यो न्यायमा, न्यायकर्ता परमेश्‍वर स्यमले उहाँको पृथ्वीको राज्यमा भएका जीवित राज्यहरुको न्याय गर्नुहुनेछ । उहाँको महान् सेतो सिंहासनमा, परमेश्‍वर न्यायकर्ता, मरेका दुष्टहरुको मात्र न्याय गर्नुहुनेछ ।

- यो न्यायमा, कुनै पनि किसीमको किताबहरु खेलिदैन । उहाँको महान् सेतो सिंहासनमा, *"किताबहरु खोलिनेछन् ।"*

- यो न्यायमा, तिन किसीमको न्यायहरु हुन्छन् : "भेडा" – बचाइएकाहरु (प्रकाश ७:९–१७); "बाख्राहरु" – नबचाइएकाहरु (२ थेसलोनिकी १:७–१०); "दाजुभाई" – इस्राएलका चुनिएकाहरु प्रकाश ७:१–८; रोमी ११:२५–२८) । उहाँको महान् सेतो सिंहासनमा, त्याहा बचाइएकाहरु र राज्यहरु हुदैनन् ; त्याहाँ सबैजना *"आगोको भट्टीमा हालिएका हुन्छन् ।"*

## च. दुष्टहरुको न्याय

**प्रकाश २०:११–१५ , यूहन्ना ५:२४**

ख्रीष्टको हजार वर्ष **"महान् सेतो सिंहासन"** न्याय हुनेछ । यहि नै अन्तिम न्याय हो , र अब मरेका दुष्टहरु मात्र न्याय बाकिँ छ । प्रकाश २०:५ अनुसार , यो न्यायहुनु

भन्दा पहिले विश्वासीहरु हजार वर्षहरुमा पुनरुत्थान हुनेछ , र *"ख्रीष्टको न्याय आसन"* मा उनीहरुको कामहरुको न्याय गरिन्छ (२ कोरन्थी ५:१०) ।

- यो न्यायमा, मरेका दुष्टहरुले प्रभु येशू ख्रीष्ट, न्यायकर्ताको मुहार देखी लुक्ने ठाउँ खोज्दछन् । तर कहिँ पनि लुक्ने ठाउँ छैन ।

- यो न्यायमा, *"मरेका, साना र ठुला"* सबै परमेश्वरको अगाडि खडा हुन्छन् । तर महानको महानताको केहि मुल्य रहदैन । *सब परमेश्वरदेखि तर्कि गएका छन्, ती सब काम नलाग्दा भएका छन् , भलाइ गर्ने कोही छैन, एक जना पनि छैन ।"* (रोमी ३:१२)

- यो न्यायमा, मरेकाहरुको *"उनीहरुको काम अनुसार"* न्याय गरिनेछ । परमेश्वर न्यायी परमेश्वर हुनुहुन्छ , र नरकमा दण्ड छ , कोहीले अरु भन्दा ज्यादा दण्ड पाउनेछन् (लूका १२:४२,४८) ।

- यो न्यायमा, यहाँ रिहाई हुदैन, उच्च न्यायलय हुदैन जहाँ हारेकाले निवेदन दिन्छन् । यहाँ हार्‍यो भने सधैँको लागि हार्छ ; यो अनन्तको लागि फालिन्छ , र कुनै आशा बिना । नरक छ (लूका १६:१९–३१); र नरकमा, कुनै आशा छैन, कुनै सहानुभूति छैन ।

---

आभारहरुः द क्रिष्टियन लाईफ न्यूू टेस्टामेन्ट; थोमस नेल्सन, प्रकाशनः स्टडि आउटलाइन्स् ।

## घ. इनामहरु

**क. परिचय**

**मुक्ति** *"परमेश्वरको उपहार हो , कामहरु होइन"* (एफिसी २:८–९) र प्रभु येशू ख्रीष्टको सकिएको काममा विश्वासद्धारा प्राप्त गरिन्छ (यूहन्ना ३:३६) ।

**इनामहरु** विश्वासीहरुको **काम** अनुसार हुन्छ । मत्ती १६:२७

१ कोरन्थी ३:८–१५

**पहिलो**, हरेक विश्वासी उनीहरुको काम अनुसार इनाम दिइन्छ –पद ८) । मुक्तिको लागि हामी काम गर्दैनौं ।

**दोस्रो**, हामी परमेश्वारसँग काम गर्दैनौं (पद ९)– मुक्तिको लागि होइन तर इनामको लागि हो ।

**तेस्रो**, हरेक विश्वासी प्रभु येशूमा निमार्ण हुनु पर्दछ (पद ११) ।

**चौथो**, विश्वासीसँग **दुई** तरिकाले आफु येशूमा निमार्ण हुन सक्दछन् : *"सुन, चाँदि, महुमुल्य रत्नहरु"* – यो चाहिँ अनन्त थोकहरुद्धारा बनिएको छ ; वा *"काठ, पराल, खर"* – यो चाहिँ अस्थायी थोकहरुले बनाइएको हो (पद १२) । २ कोरन्थी ४:१८

जो विश्वासी ख्रीष्टमा अनन्त थोकहरुले बनाउदछ , *"सुन, चाँदि, महुमुल्य रत्नहरु"* उसले इनाम पाउनेछ ।

जो विश्वासी ख्रीष्टमा अस्थायी थोकहरुले बनाउदछ , *"काठ, पराल, खर"* उसले इनाम पाउनेछैन ।

"काठ, पराल, खर"का कामहरु "ख्रीष्टको न्याय आसन"मा नष्ट गरिनेछ र विश्वासीले गुमाउनुपर्दछ – **मुक्तिलाई गुमाउनु पर्दैन, तर अनन्त इनामलाई गुमाउदँछ** ।

"ख्रीष्टको न्याय आसन"मा केही विश्वासीहरु लाजमा पर्नेछन् (१ यूहन्ना २:२८), उनीहरुको "काठ, पराल, खर"का कामहरु देखी लजाउनु पर्नेछ । प्रकाश ३:११

**ख. जीवनको मुकुट                याकूब १:१२**

यो इनाम **प्रभुलाई प्रेम** गर्नेहरुका लागि हो । परमेश्वरको प्रेमद्धारा विश्वासीले परिक्षा र जाचँहरुलाई सहनको लागि ताकत खोज्नुपर्दछ ।

पावलले भनेकाछन् , *"संकष्टको समयमा हामीले महिमा दिनुपर्दछ ।"* र *"परमेश्वारको प्रेमलाई पवित्र आत्माद्धारा हाम्रो हृदयहरुमा छरिएको छ ।"* (रोमी ५:३–५) । र *"प्रेम कहिल्यै असफल हुदैन ।"*
**सबै** विश्वासीहरुलाई अनन्त जीवन छ । (यूहन्ना ३:१५–१६)
**सबै** विश्वासीहरु *"जीवनको मुकुट"* लाई **इनाम स्वरुप दिइनेछ** ।
**सबै** विश्वासयोग्य विश्वासीहरु *"मृत्युसम्म विश्वासयोग्य"* रहनेछन् । (प्रकाश २:१०)

**ग. विजेताहरुको मुकुट               १ कोरन्थी ९:२४–२७**

पावलले विश्वासीको दौंडलाई बुझाउन ग्रीकको खेललाई उदाहरणको रुपमा लिन्छन् । उनिहरु *"नष्टहुने मुकुट पाउनलाई दौंडन्छन् : तर हामी त नष्ट नहुने मुकुट पाउनलाई दौंडन्छौं ।"* ग्रीक नागरिकहरुले मात्र त्यो खेलमा भाग लिनपाउथे, ग्रीक बुवाआमाका सन्तानले मात्रै । इनामको लागि प्रभुको सेवाकाइमा नबचाइएहरु भाग लिनपाइदैन; परमेश्वरबाट जन्मेकाहरु मात्र यसमा भाग लिन पाउछन् ।

जसरी खेलाडीले धैरै असल थोकहरुको इन्कार गर्नुपर्दछ , विश्वासीले पनि *"आफ्नो शरीरलाई अनुशासनमा राख्नै पर्दछ र यसलाई अधिनमा ल्याउनै पर्दछ ।"* अन्यथा ऊ खेलबाट बाहिरीने छ । उसले उद्धारलाई गुमाउनेछैन, तर उसले *"नासनहुने मुकुट"* लाई गुमाउनेछ ।

- विश्वासीले आफुलाई दौंडमा पछि पार्ने कुराहरु वा दौंड्न नदिने कुराहरुलाई इन्कार गर्नै पर्छे । हिब्रू १२:१

- विश्वासीले आफ्नो आखाँ ख्रीष्टमा लगाउनै पर्दछ , र दायाँ बायाँ हेर्ने होइन । हिब्रू १२:२
- विश्वासीले ताकत प्रभुबाट नै पाउनु पर्दछ । एफिसी ६:१०–१८
- विश्वासीले हरेक थोक बेदिमा राख्नैपर्दछ । रोमी १२:१–२
- विश्वासीले विश्वासद्धारा आत्मिकी बिकासमा आउने बाधाहरुलाई इन्कार गर्नै पर्दछ । हिब्रू ११:२४–२९

खाली खेललाई बाहिरबाट मात्र नर्हेनुहोस् । खेलमा भाग लिनुहोस् र नष्ट नहुने मुकुटलाई पाउने गरि खेल जित्नुहोस् ।

**घ. आनन्दको मुकुट** **१ थेसलोनिकी २:१९–२०**

*"आनन्दको मुकुट"* चाहिँ प्रभु येशू ख्रीष्टमा **जित्ने मानिसहरु**को लागि हो । प्रभुको लागि महान् काम गर्न तपाईले मौका पाउनुभएको छ त्यो हो अरुलाई येशू ख्रीष्टलाई व्यक्तिगत मुक्तिदाता भनि स्विकार्नलाई डो¥यानु हो ।

स्वर्गमा हाम्रो अनन्द चाहिँ हामीले कतिजनालाई ख्रीष्टमा ल्यायौं त्यसमा भर पर्दछ । पावलले थेसलोनिकीको विश्वासीहरु यसो भन्नुहुन्छ की अहिले उनीहरु उहाँको *"आशा, वा अनन्द वा आनन्दको मुकुट"* हो र जब येशू आउनुहुनेछ ।

- ख्रीष्टको लागि मानिसहरु जित्नु बुद्धिमानी हो । (हितोपदेश ११:३०)
- ख्रीष्टको लागि मानिसहरु जित्नु चाहिँ पापको विरुद्ध काम हो । (याकूब ५:२०)
- स्वर्गमा अनन्द हुने यो कारण हो । (लूका १५:१०)
- उहाँको सम्पत्तीलाई उहाँकोमा ल्याउनु अनन्तताको फाइदा छ । (मत्ती १३:४४)
- अरुले येशू तपाईमा देख्नेरुपमा जीवन जीउनुहोस् । (प्रेरित १:८; गलाती २:२०)

- तपाईको शब्दहरुको गवाही दिनुहोस् – तपाईले के बोल्नुपर्दछ पवित्र आत्मामा भरेसा राख्नुहोस् (लूका १२:११–१२, २१:१५)
- दशांस र भेटिहरु दिएर गवाही बन्नुहोस् ताकी अरुहरु मिसनेरीहरु भएर जान सकोस् र "तपाईसँग फल (इनाम) तपाईको खातामा हुनेछ।" (फिलिप्पी ४:१५–१७, २ कोरन्थी ९:६)
- परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ की प्रभुमा तपाईको परिश्रम खेर जानेछैन । (१ कोरन्थी १५:५८)
- अरुलाई ख्रीष्टमा ल्याउने एक्लै आनन्दित हुदैन – स्वर्ग सबै उसँग आनन्दित हुनेछ जब उसले "आनन्दको मुकुट" पाउनेछ । (यूहन्ना ४:३६)

**ङ. धार्मिकताको मुकुट** **२ तिमोथी ४:५–८**

*"धार्मिकताको मुकुट"* चाहिँ इनाम हो, र जब कोही इसाई बन्दछ उसले पाउने *"परमेश्वरको धार्मिकता"* यो **होइन** । त्यो समयमा, विश्वासी चाहिँ *"उहाँमा परमेश्वरको धार्मिकता बनाइने छ ।"* (२ कोरन्थी ५:२१)

जब कुनै मानिसले विश्वास गर्छ भने यो बचाइएको धार्मिकता चाहिँ उसको लागि उपहार हो ।

"धार्मिकताको मुकुट" चाहिँ बचाइएको विश्वासीले कमाउने इनाम हो । यदि विश्वासीले येशूको दोस्रो आगमनलाई कुर्दछ र यो सिद्धान्तलाई प्रेम गर्दछ भने उसको पुरै जीवन यसबाट प्रभावित हुदछ । ऊ हराइएकाहरुलाई जित्न कडा मेहनेत गर्दछ (मत्ती २४:१४) ।

यो सिद्धान्तको प्रभावकारि प्रभाव प्ररित पावलको जीवनमा हेरौं । उनी यसो भन्छन् :

- "मैले उत्तम लडाइँ लडेको छु" (पद ७, १कोरन्थी १५:३२) । उनले आफ्नो सम्पूर्ण इसाई जीवनमा आत्मिकी लडाइँ लडेका थिए, र जिते । उनले कहिल्यै पनि धार्मिकताको शत्रुहरुको अगाडि आत्मा सर्मपण गरेनन् । (एफिसी ६:१२)

- *"मैले मेरो काम सकेको छु ।"* उसँग गर्नुपर्ने यात्रा थियो, उसँग गर्नु पर्ने काम थियो । र उनले अप्ठयारो ठाउँहरुलाई त्यागेनन् ; उनले पछाडि पनि हेरेनन् (लूका ९:६१–६२) । उनले आफ्नो काम ख्रीष्टमा आफ्नो आँखा केन्द्रित गरि सकाए (फिलिप्पी १:६) ।
- *"मैले विश्वास राखेको छु ।"* उनले परमेश्वारको सबै शिक्षाहरु प्रचार गरे ।" कहिल्यै पनि महान् सिद्धान्तहरुलाई छोडेनन् (प्रेरित २०:२४–३१) । प्रेरितले *"ख्रीष्टको न्याय आसन"* लाई हेरे जहाँबाट *"उहाँलाई मन"* लाई *"धार्मिकताको मुकुट"* दिइनेछ ।

हाम्रो मुक्तिदाता प्रभु येशू ख्रीष्ट र हाम्रो प्रभुको दास्रो आगमनलाई प्रेम सहितको हृदयले हेर्ने विश्वासीलाई यो अति महत्वपूर्ण छ , ताकि उनले *"धार्मिकताको मुकुट"* लाई पाउनसकुन् ।

**च. महिमाको मुकुट** **१ पत्रुस ५:२–४**

महिमाको मुकुट विश्वासयोग्य, आज्ञाकारि परमेश्वरले बोलाएका **पाष्टर**लाई दिइने विषेश इनाम हो । उनले यो इनाम जब *"मुख्य गोठालो देखापर्नुहुन्छ"* तब पाउनेछ ।

यो अनन्त हो ; यो *"धमिलो हुदै जादैन ।"* पाष्टरले यो महिमाको मुकुटलाई पाउने तरिकाहरु :

- परमेश्वरको बगाललाई खुवाउदा । उनले परमेश्वरको वचनलाई डर र पक्षपात बिना घोषणा गर्नु पर्दछ । र जब आवश्यकता छ , उनले *"सुधार, हप्काउनु र महान् धैंयता र सुझाबका साथ उत्साह"* दिनुपर्दछ । (२ तिमोथी ४:२–५) ।
- मण्डलीको आत्मिकी पक्ष हेरेर । मानिसहरु माझ जो वचन प्रचार भएको छ त्यसको लागि पाष्टर परमेश्वर प्रति जवाफदेही हुदँछ । कुनै पनि पाष्टरले मानिसलाई खुशी पार्न प्रचार गर्नु हुँदैन । उनले उनको प्रभुलाई खुशी पार्नुपर्दछ (गलाती १:१०) ।

- मण्डलीमा उदाहरण भएर । उनले रुपैयाँ पैसालाई इनाम मानेर सेवा गर्नुहुदैन । तरै पनि, मण्डली उनको हरेक भौतिक आवश्यकता पुरा गर्नलाई जवाफदेही हुदँछ (१ तिमोथी ५:१८) । ऊ आत्मिकी अगुवा बन्नुपर्दछ , जासुस होइन । ऊ परमेश्वरसँग विश्वासद्धारा हिड्नुपर्दछ । *"जब मुख्य गोठालो देखापर्नुहुन्छ , उनले धमिलो नहुने महिमाको मुकुट पाउनेछ ।"*

---

आभार
केही भागहरु : द क्रिष्टियन लाईफ न्यू टेस्टामेन्ट; थोमस नेल्सन, प्रकाशनः स्टडि आउटलाइन्स् बाट लिइएको छ ।

# ङ. दुःख भोगाई

१. परिचय

२. पापबाटको दुःख भोगाइ

क. मानिसले आफुमा र अरुमा दुःख ल्याउँछ

ख. पाप चाहिँ शैतानको राज्यको ब्यवस्था र संस्कृति हो ।

ग. जब विश्वासीले पाप गर्छ ऊ शैतानको राज्यमा प्रवेश गर्छ ।

३. पापीहरुबाटको दुःख भोगाइ

क. जब हामी सुसमाचारको प्रचार गछौं

ख. हामी लडाइँमा छौं

४. परमेश्वर पिताले प्रयोग गर्ने दुःख भोगाइ

क. हाम्रो विश्वास र इमान्दारी जाँच्न

ख. हाम्रो चरित्र सिद्ध गर्न

ग. उहाँको नाममा महिमा ल्याउन

घ. केही बिरामीपनद्धाराको दुःख भोगाइ उहाँको महिमाको निम्ती

ङ. अरुको सेवा गर्ने सेवाकाइको लागि हामीलाई तयार गर्न

च. हामीलाई सुरक्षा दिन वा हामीलाई अगुवाई दिन

छ. केही दुःख भोगाइहरु चाहिँ परमप्रभुबाटको अनुशासनको नतिजा हो ।

१. परिचय

यूहन्ना १६:३३ "ममा तिमीहरूलाई शान्ति होस् भनेर, मैले यी कुराहरू तिमीहरूलाई भनेको छ । यस
संसारमा **तिमीहरूलाई सङ्ढष्ट हुनेछ** । तर ढाडस गर, मैले संसारलाई जितेको छु ।"

(कष्ट – समस्या – तनाब – सतावट – दबाब)

प्रेरित १४:२२ ती ठाउँहरूका विश्वासीहरूलाई आफ्नो विश्वासमा बलियो पार्दै र तिनका विश्वासमा अटल रहन प्रोत्साहन दिँदै तिनीहरूले प्रचार गरे । तिनीहरू भन्थे, "परमेश्वरको राज्यमा प्रवेश गर्नका निम्ति हामीले **धेरै कठिनाइहरू** पार गर्नुपर्दछ ।"

२. पापबाटको दुःख भोगाइ

क. मानिसले **आफुमा** र अरुमा महान् दुःख ल्याउँछ

मानिसको पापमय स्वभावले यी कुराहरु पोख्याउछ : भ्रष्टचार – झुट – झुक्याउने – चोर्नु – हत्या – दन्गा – गोली हान्नु – बमहरु – जमिन फोर्नु – मान हानी – परिवारिक यौन शोषण – दुष्ट विचार – अझै सूची बढ्दै जान्छ ।

यर्मिया १७:९ हृदय सबै कुराभन्दा छली हुन्छ अनि यो निको हुनै सक्दैन । यसलाई कसले बुझ्न सक्छ ?

हिब्रू ३:७–१९ तर तिमीहरूमध्ये कोही पनि पापकोखछलद्वारा कठोर नबन भनेर “आजको दिन” छँदा नै एकले अर्कालाई ढाडस देओ ।

आज संसारमा पाप नै सबै दुःख भोगाइको जरा हो ।

पापको विषालु विष हरेक मानिसको नशा नशामा छ जसले उसमा र अरुमा दुःख भोगाइ र मृत्यु ल्याएको छ ।

- उदाहरण : मेरो साथिलाई विषालु सर्पले टोकेको थियो ।

पाप यति धेरै छ की मानिसले खराबबाट असल चिन्न सकेको छैन :
यशैया ५:२० धिक्कार तिनीहरुलाई जुनहरुले दुष्टलाई असल र असललाई दुष्ट भन्छन् , जसले उज्यालेको सट्टा अध्यारोलाई अनि अध्यारोको सट्टा उज्यालोलाई राख्टन् , जसले मीठोको सट्टा तीतो अनि तीतोको सट्टा मीठो राख्छन् ।

किनकी पापमय मानिसले खराबबाट असल नजानेकोले उसले निरन्तर **दुःख भोगाइ र खराब स्थीति ल्याउने चुनावहरु गर्दछ ।**

- गलाती ६:७–८ धोकामा नपरः परमेश्वरको ठट्टा हुँदैन । किनकि मानिसले जे रोप्छ, **त्यसैको कटनी गर्दछ** । जसले आऽनो पापमय स्वभावलाई खुशी पार्न रोप्तछ, त्यसै पापमय स्वभावबाट त्यसले **सर्वनाशको कटनी गर्नेछ** तर जसले आत्माको लागि रोप्छ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ ।

मानिसलाई मुक्तिदाताको मात्र आवश्यकता हुदैन, तर धार्मिक परमप्रभुले उसको निर्णयहरु र चुनावहरुमा अगुवाई र निर्देशन गर्नु पर्दछ ।

लूका ६:४६–४९ “**मैले भनेका कुरा गर्दैनौ** भने मलाई **किन** प्रभु, प्रभु भन्दछौ ? (४७) जो मकहाँ **आउछँ** , मेरा वचन **सुन्छ** र तीअनुसार गर्छ त्यो कस्तो मानिस हो, म तिमीहरूलाई बताउछुँ । (४८) **त्यो** एउटा घर बनाउने मानिस **जस्तै हो**, जसले गहिरो खनेर **चट्टानमाथि जग** बसाल्यो । जब **बाढी आयो** र **पानीको भल त्यसमा ठोकियो**, त्यसले त्यो घरलाई **हल्लाउन सकेन**, किनकि त्यो राम्रोसँग बनाइएको थियो । (४९) तर मेरो वचन सुन्ने र तीअनुसार नगर्नेचाहिँ जग नै नहालिकन जमिनमाथि मात्र घर बनाउने मानिसजस्तै हो । त्यस घरमा भल ठोक्किने बित्तिकै, त्यो भत्क्यो र पूर्ण रूपले नाश भयो ।”

यसले हामी सिकाउदँछ की हामी सबै निरन्तर प्रार्थनामा लागि रहनु पर्दछ ताकी हामी सुन्न सकौं र आज्ञा पालन गर्न सकौं । सबै समयहरूमा, सबै प्रकारका निवेदन अनि अन्तर्बिन्तीसहित, आत्मामा प्रार्थना गरिरहो । मनमा सचेत बनेर, सबै सन्तहरूको निम्ति सधैँ प्रार्थना गरिरहो । (एफिसी ६:१८) ।

क्रुसले हाम्रो पापको परिणामलाई देखाउदँछ । येशूलाई सबैले महान् , बुद्धिमान्, असल, शुद्ध, निर्दोष मानिसको रुपमा चिन्दथ्यो । उहाँ यस्तो मानिस हुनुहुन्थ्यो जो कैदीहरुलाई छुटकारा दिन, टुटेकाहरुलाई निको बनाउन, हामीलाई सत्यता सिकाउन र हामीलाई बाटो देखाउन । तैपनि मानिसहरुले उनलाई निर्दयीताको सिमा नाघि मृत्यु दिए (जसले खराबलाई असल र असललाई खराब भने यशैया ५:२०), र बरब्बालाई छुटाए । (लूका २३:१८–२५)

ख. पाप चाहिँ शैतानको राज्य, त्यो ठाउँ जहाँ उसले शासन गर्दछ ।

येशू बिना मानिस पासोमा परेको छ , र तिनीहरु चेतना पाएर दियाबलसको पासेबाट उम्कनेछन्, जसले तिनीहरुलाई **त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ** । २ तिमोथी २:२६

एफिसी २:१–१० विगतमा तिमीहरू त आफ्ना पाप र अपराधहरूमा मरेका थियौ, जब तिमीहरू यस संसारको रीतिअनुसार, आकाशको शक्तिको मालिकअनुसार, अहिले **अनाज्ञाकारीताका सन्तानहरू**मा काम गर्ने आत्माअनुसार **चल्दथियौ** । हामीहरू पनि तिनीहरू जस्तै हाम्रा पापमय स्वभावको **लालसा** पूरा गर्दै अनि यसका **इच्छा** र विचारहरूलाई पछ्याउँदै जिउने गर्दथ्यौं । उनीहरू जस्तै, हामीहरू पनि स्वभावैले **क्रोधका सन्तान** थियौं । तर हामीहरूको निम्ति उहाँको महान् प्रेमको कारण, करूणाका धनी, परमेश्वरले, हामीहरूलाई हाम्रा अपराधमा मरेका अवस्थाबाटै ख्रीष्टसगँ जीवित पार्नुभयो – अनुग्रहबाट तिमीहरू बचाइएका छौ । अनि परमेश्वरले हामीलाई ख्रीष्टसगैं जीवित पार्नुभयो र ख्रीष्ट येशूसँगै स्वर्गीय स्थानहरूमा बसाल्नुभयो, जसद्वारा ख्रीष्ट येशूमा उहाँले हामीलाई दयाको रूपमा देखाउनुभएको उहाँको अनुग्रहको अतुलनीय सम्पत्ति आउँदो युगहरूमा देखाउनलाई हो । किनकि तिमीहरू विश्वासद्वारा अनुग्रहबाट बचाइएका हौ– र यो तिमीहरू आपैंmबाट होइन, यो त परमेश्वरको वरदान हो । कर्महरूद्वारा होइन, नत्रता कसैले घमण्ड गर्नेछ । किनकि हामी असल काम गर्नको निम्ति ख्रीष्ट येशूमा परमेश्वरले अघिबाटै सृष्टि गर्नुभएको उहाँका सीप हौं ।

यसबाट बाहिर निस्कने बाटो – येशूले भन्नुभयो, “**बाटो**, सत्य र जीवन **म नै हुँ** । मद्वारा बाहेक कोही पिताकहाँ आउन सक्दैन । यूहन्ना १४:६

**अरू कसैमा मुक्ति पाइँदैन**, किनकि स्वर्गमुनि अर्कोे कुनै नाउँ मानिसहरूलाई दिइएको छैन जसबाट हामीले उद्धार प्राप्त गर्न सक्छौं । प्रेरित ४:१२

त्यसपछि तिनीहरूलाई ती हाकिमले झ्यालखानबाट बाहिर ल्याए र सोधे, “आदरणीय जनहरू हो, उद्धार पाउनका निम्ति मैले के गर्नुपर्दछ ?” तिनीहरूले जवाफ दिए, “प्रभु येशूमा **विश्वास** गर्नुहोस्, तपाईं र तपाईंका परिवारले उद्धार पाउनुहुनेछ ।” प्रेरित १६:३०–३१

साँचोरुपमा **विश्वास** गर्नुहोस्, जसले येशू ख्रीष्टमा सर्मपणताको नतिजा ल्याउँछ , र **आज्ञाकारि** हुनुहोस् – **आज्ञाकारी** बालबालिकाहरू भएको हुनाले अबोध अवस्थामा हुँदा तिमीहरूसित भएको दुष्ट अभिलाषाअनुरूप नचल । तर तिमीहरूलाई बोलाउनुहुने पवित्र हुनु भएझैं , तिमीहरू पनि तिमीहरूले गर्ने सबै कुरामा **पवित्र होओ**, किनकि

धर्मशास्त्रमा यसरी लेखिएको छ : "पवित्र होओ, किनकि म पवित्र छु ।" (१ पत्रुस १:१४–१६)

ग. म विश्वासी भएर पाप गर्न चुन्दछु भने, म शैतानको राज्यमा प्रवेश गर्छु , र ऊसँग मलाई आक्रमण गर्ने वैधानिक अधिकार हुदँछ ।

**पाप**द्वारा शैतानले हामीमा निरन्तर राज्य गर्दछ ।

२ कोरन्थी ११:१३–१५ किनकी त्यस्ता मानिसहरु झूटा प्रेरितहरु र छली काम गर्नेहरु हुन् , र ख्रीष्टका प्रेरितहरुको भेस लगाएर हिँड्नेहरु मात्र हुन् । र यो अचम्मको कुरा होइन, किनकी *शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरुको भेस धारण गर्छ । यसकारण यो कुनै अनौठो कुरा होइन , कि त्यसका दासहरुले पनि धार्मिकताका दासहरुका रुपमा आफ्नो भेस बद्लन्छन् । तिनीहरुको अन्त्य तिनीहरुका कामअनुसार हुन्छ ।*

यूहन्ना ८:४४ *तिमीहरू त तिमीहरूका पिता शैतानका हौ र तिमीहरूले आफ्नो पिताको इच्छा मात्र पूरा गर्न चाहन्छौ । त्यो शुरुदेखि नै हत्यारा थियो, र सत्यमा रहँदैन, किनकि त्यसमा केही सत्य छैन । झूटो बोल्नु त त्यसको स्वभावअनुसारको बोली हो, किनकि त्यो झूट हो, र झूटको पिता नै हो ।*

प्रकाश १२:९ *त्यो विशाल अजिङ्गर तल फ्याँकियो– त्यो पुरानो सर्प जसलाई दियाबलस वा शैतान पनि भनिन्छ, जसले सारा पृथ्वीलाई बहकाउँछ । त्यो अनि त्यसका दूतहरू त्यससितै पृथ्वीमा फ्याँकिए ।*

१ यूहन्ना ५:१९ हामी परमेश्वरका सन्तान हौं, र सारा संसार दुष्टको नियन्त्रणमा परेको छ भन्ने कुरा हामी जान्दछौं ।

एफिसी ४:२२–३२ अनि शैतानलाई कुनै मौका नदेओ ।

२ तिमोथी २:२६ *र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन् , जसले तिनीहरुलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ ।*

उदाहरण : उत्तरी अमेरिकामा पाइने सानो जनावर रकुनलाई पासोमा पार्न तपाईले उज्यालो, चहकिलो वस्तु पासोमा राख्नुहुन्छ । त्यो जनावरले यसलाई यो के भनि थाहा पाउनलाई आफुले आफैलाई रोक्न नसकि छुन आउदँछ , वा योसँग खेल्न आउदँछ ।

**गलत निर्णयहरु** – पछयाउनु , लिनु , यससँग खेल्नु , जे हामीलाई गलत हो भनि थाहा छ , वा त्यसता कुराहरु जो हामीलाई गलत छन् भनि थाहा छ , शत्रुलाई आक्रमण गर्नलाई ढोका खोल्छौं ।

गलाती ६:७–८ *धोकामा नपर : परमेश्वरको ठट्टा हुँदैन । किनकि मानिसले जे रोप्छ, त्यसैको कटनी गर्दछ । ८जसले आफ्नो पापमय स्वभावलाई खुशी पार्न रोप्तछ, त्यसै पापमय स्वभावबाट त्यसले सर्वनाशको कटनी गर्नेछ तर जसले आत्माको लागि रोप्छ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ ।*

हितोपदेश १३:२१ *पापीलाई दुर्भाग्यले पछयाउँछ , तर धर्मात्माको इनाम त उन्नति हो ।*

- येशूलाई शैतानले परिक्षामा पार्न, लालच, र बहकाउन कोशिस गऱ्यो । लूका ४:१–१३

यूहन्ना १४:३० म तिमीहरूसँग अब धैरै बोल्नेछैन, किनकि यस संसारको शासक आइरहेछ । त्यसको **ममाथि केही अधिकार छैन** । त्यो हो – जो कुरा उसको होइन त्यसमा वैधानिक अधिकार दिइनेछ ।

- **घमण्ड**द्धारा शैतानले पत्रुसलाई परिक्षामा पाऱ्यो र बहकायो । (लूका २२:२४)

लूका २२:३१ *सिमोन , सिमोन , हरे शैतानले तिमीलाई गहुँजस्तै गरी निफन्ने अनुमति मागेको छ ।*

पत्रुससँग शैतानको **केही** थियो । यस्तो केही ऊसँग शैतानको थियो जसले ऊ माथि आक्रमण गर्ने **वैधानिक अधिकार** दिएको थियो ...**घमण्ड** ।

**क्षमा नदिने हृदय**ले शैतानलाई मौका दिन्छ ।

२ कोरन्थी २:९–११ *मैले तिमीहरूलाई लेखेको कारणचाहिँ तिमीहरू जाँचमा स्थिर रहेर प्रत्येक कुरामा आज्ञाकारी बन्छौ कि भनेर जान्नलाई हो । तिमीहरूले कसैलाई क्षमा दियौ भने, म पनि त्यसलाई क्षमा दिनेछु । अनि क्षमा दिने केही भए मैले जे क्षमा दिएको छु , तिमीहरूकै खातिर ख्रीष्टको दृष्टिमा क्षमा दिएको छु जसमा शैतानले हामीलाई परास्त गर्न नपाओस् । किनकि हामी त्यसका युक्तिहरूदेखि अजान छैनौं ।*

मत्ती १८:२१–३५ *...रीसमा त्यस मालिकले त्यसलाई सम्पूर्ण ऋण नतिरेसम्म कष्ट पाउनलाई झ्यालखानका अधिकारीहरूकहाँ सुम्पिदिए ।...*

**बिरामीपन** धेरै कारणहरुद्धारा आउदँछ तर एउटा कारण चाहिँ पाप हो ।

लूका १३:११,१६ ११अनि त्यहाँ अठार वर्षदेखि *कूँजो पार्ने दुष्ट आत्मा* लागेकी एउटी स्त्री थिई । त्यो स्त्री कुप्री परेकी थिई र आफैलाई कति पनि सीधा पार्न सक्दिन थिई । त्यसो भए *शैतानले अठार वर्षसम्म बन्धनमा* राखेको अब्राहामकी यी छोरी विश्राम–दिनमा यस बन्धनबाट मुक्त हुनुपर्ने होइन र ?”

यूहन्ना ५:५,१४ त्यहाँ बस्नेहरूमध्ये एक जनालाई *अठ्तीस वर्षदेखि पक्षाघात भइरहेको थियो* । पछि येशूले त्यस मानिसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, “हेर, तिमी निको भएका छौ । पाप गर्न छोड, नत्र तिमीमाथि अझ नराम्रो अवस्था आउनसक्छ ।”

उदाहरण : मेरो बुबाले अर्को आइमाइको लागि मेरो आमालाई परपाचुके दिएका थिए । उहाँको पाप ठुलो थियो । मेरो आमा त्यो अवस्थामा धेरै रिसाउनुभएको थियो कि उहाँ भन्नुहुन्थ्यो की यदि मेरो हातमा बन्दुक भइदिएको भए म यो दुवैलाई गोली हानि हत्या गरिदिन्थे । केही समय नबित्दै उहाँलाई लिम्फोमा क्यान्सर भयो । उहाँले

आफुलाई पूर्णरुपमा प्रभुमा सुम्पनुभयो र मेरो बुबा र त्यो आइमाइलाई क्षमा दिनुभयो । केही समय पछि मेरो आमा क्यान्सरबाट निको हुनुभयो ।

हितोपदेश ३:११–१२ हे मेरो छोरो, परमप्रभुको अनुशासनलाई तुच्छ नठान्, र उहाँको हम्कीप्रति चित्त नदुखा, **किनकी जसलाई परमप्रभु प्रेम गर्नुहुन्छ तिनीहरुलाई नै उहाँले हप्काउनुहुन्छ** , जसरी बाबुले आफ्नो प्यारो छोरालाई ताडना दिन्छन् ।

पापले शैतानलाई वैधानिक अधिकार दिदँछ , जहाँ परमप्रभुले अनुमति दिनुहुदँछ र त्यसैकारण परमप्रभुको अनुशासनलाई प्राप्त गर्दछ ।

हितोपदेश १५:५ मूर्खले आफ्नो बाबुको अनुशासनलाई लत्याउँछ , तर सुधारलाई ध्यान दिनेले बुद्धिमानी देखाउँछ ।

शैतानको पासोबाट **उम्कने बाटो**, वा कसरी उसको पासोबाट उम्कने :

याकूब ४:७–८ यसकारण आफैलाई परमेश्वरकहाँ **सुम्पिदेओ** । शैतानको **विरोध गर**, र त्यो तिमीहरूदेखि भाग्नेछ । परमेश्वरको **नजीक आओ** र उहाँ तिमीहरूको नजीक आउनुहुनेछ । हे पापी हो, आफ्ना हातहरू **धोओ**, हे दोमनका हो, आफ्ना हृदय **शुद्ध पार** ।

येशूले आफ्ना स्रोताहरुलाई पाप के हो र यसको गम्भीरताको बारेमा बुझाउने कोशिस गर्नुभयो ।
"तिमीलाई अदालतमा लैजाने विरोधीसित **झट्टै कुरा मिलाइहाल** । यो काम तिमी ऊसित बाटोमा हुँदै गरिहाल । नत्र उसले तिमीलाई न्यायाधीशकहाँ सुम्पिदेला, अनि न्यायाधीशले अधिकारीकहाँ सुम्पिदेलान्, अनि तिमी **झ्यालखानमा परौला** । (२६) म तिमीलाई यो सत्य बताउँछु, **तिमीले अन्तिम पैसा नतिरून्जेल** तिमी बाहिर निस्कनेछैनौ । (२७) "तिमीहरूले व्यभिचार नगर्नू भनेको सुनेका छौ । (२८) तर म तिमीहरूलाई भन्दछु, **जसले कुनै स्त्रीलाई कुदृष्टि लगाउँछ**, उसले आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हनु छे । (२९) यदि **तिमीहरूका दाहिने आखाँले तिमीलाई पाप गर्न लगाउँछ भने** त्यसलाई निकालिदेओ । किनकि तिमीहरूको सम्पूर्ण

शरीर **नरक**को आगोमा फालिनुभन्दा त त्यसको एउटा अंङ्ग गुमाउनु तिमीहरूको लागि राम्रो हुन्छ । (३०) अनि यदि तिमीहरूको दाहिने हातले तिमीहरूलाई पाप गर्न लगाउँछ भने त्यसलाई काटेर फालिदेओ । किनकि तिमीहरूको सम्पूर्ण शरीर **नरक**को आगोमा जानुभन्दा त त्यसको एउटा अंङ्ग गुमाउनु तिमीहरूको लागि राम्रो हुन्छ । मत्ती ५:२५–३०

- ग्रीक भाषामा **"नरक"** लाई जिनान् भनिएको छ जो यरुशलेमको दक्षिण र पश्चिमी उपत्यका हो जो **नाली र फोहर बिसर्जन गर्ने ठाउँ** थियो । **पछि** यहुदीहरुले यहि शब्दलाई कष्ट भोग्ने ठाउँको नाम दिए ।
- **यसको सन्देश चाहिँ – कुनै पनि हालतमा पापलाई वहिष्कार गर किनकी यसले तपाईलाई संसारको पाइखाना, फोहरी ठाउँमा ल्याउदँछ ।**

मत्ती २६:४१ *जागा बस, प्रार्थना गर र तिमीहरू **परीक्षामा नपर** । आत्मा त राजी छ, तर शरीर कमजोर छ ।"*

लूका ११:२१–२२ *जब कुनै बलियो मानिस हातहतियारले सुसज्जित भई आफ्नो घरको रक्षा गर्छ, तब त्यसको सम्पत्ति सुरक्षित रहन्छ । तर त्यसभन्दा बलियो अर्को मानिसले त्यसलाई **आक्रमण** गरेर जित्यो भने, त्यो मानिसले भरोसा गरेका हातहतियार त्यसले खोसेर लैजान्छ र लुटका मालसामान बाँड्छ ।*

शैतानले यी कुराहरुबाट आक्रमण गर्दछ : बहकाउनु/परिक्षाहरु र कुदृष्टिद्धारा आएको लालचहरु

हिब्रू १२:१५ *ध्यान देओ, कुनै मानिस परमेश्वरको अनुग्रहबाट वञ्चित नहोस्, नत्र त **तीतोपन**को जरो टुसाएर त्यसले फूट ल्याउला र धेरै जनालाई बिटुलो पार्ला ।*

मर्कूस ११:२५ *अनि जब तिमीहरू प्रार्थनामा खडा हुन्छौ, यदि कसैको विरुद्धमा तिमीहरूको **केही** छ भने, उसलाई **क्षमा** गरिदेओ र स्वर्गमा हुनुहुने तिमीहरूका पिताले तिमीहरूका पाप क्षमा गरिदेऊन् ।*

यहोशू २४:१५ *तर परमप्रभुको सेवा गर्न तिमीहरूलाई इच्छा लागने भने,* ***तिमीहरूले कसको सेवा गर्ने हो,*** *नदीपारि तिमीहरूका पिता–पुर्खाहरूले पूजेका देवताहरू कि तिमीहरू अहिले बसिरहेका एमोरीहरूका ठाउँका तिनीहरूका देवता, सो रोज ।* ***तर म र मेरो घरानाले त परमप्रभुको सेवा गर्नेछौं*** *।"*

३. पापीहरुबाटको दुःख भोगाइ – धार्मिक जीवनको परिणम

क. जब म मेरो जीवन र शब्दहरुद्वारा सुसमाचारको प्रचार गर्छु ।

मत्ती ५:१०–१२ ***धन्य*** *तिनीहरू जो धार्मिकताको निम्ति* ***सताइन्छन्,*** *किनकि स्वर्गको राज्य तिनीहरूकै हो । "तिमीहरू धन्यका हौ जब मानिसहरूले मेरो खातिर तिमीहरूलाई अपमान गर्छन्, खेदो गर्छन् अनि तिमीहरूको विरुद्धमा झूटो बोलेर सबै किसिमका खराब कुराहरू गर्छन् । तब आनन्द मनाओ र खुशी होओ, किनकि स्वर्गमा तिमीहरूको लागि ठूलो इनाम छ । तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाई पनि तिनीहरूले त्यसै गरेका थिए ।*

लूका २१:१६–१९ तिमीहरू त तिमीहरूका आफ्नै आमाबाबु, दाज्यूभाइ, नातेदार र साथीहरूद्वारा समते **धोखामा** पर्नेछौ, र तिनीहरूले तिमीहरूमध्ये कसैकसैलाई **मार्नेछन्** । (१७) अनि मेरो कारणले गर्दा सबै मानिसहरूले तिमीहरूलाई **घृणा** गर्नेछन् । (१८) तर तिमीहरूको शिरको एउटा केश पनि नाश हुनेछैन । (१९) स्थिर भई खडा रह्यौ भने तिमीहरूले जीवन प्राप्त गर्नेछौ ।

यूहन्ना १५:२० मैले तिमीहरूलाई भनेका कुरा सम्झ : कुनै पनि दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन । यदि तिनीहरूले मलाई सताएका छन् भने, **तिमीहरूलाई पनि तिनीहरूले सताउने नै छन्** । तिनीहरूले मेरा शिक्षा सुनेका भए, तिमीहरूका शिक्षा पनि सुन्नेथिए ।

२ तिमोथी ३:१२ *ख्रीष्ट येशूमा* ***भक्तिसाथ जीवन बिताउन*** *इच्छा गर्नेहरु सबै जना* ***सतावटमा पर्ने नै छन्*** *।*

हिब्रू ११:२५ *पापको सुख केही समयसम्म भोग्नुभन्दा तिनले परमेश्वरका जनहरूसित* ***थिचोमिचोमा पर्न रोजे*** *।*

हिब्रू १२:१–३ *यसकारण, यतिका साक्षीका ठूला बादलले हामीलाई घेरिराखेका हुनाले, हामीलाई बाधा पु¥याउने टन्टाहरू अनि सजिलैसित अल्मल्याउने पापहरूजस्ता हरेक थोक त्यागेर हाम्रो अगि राखिदिएको दौड धीरजसाथ दगुरौं । (२) अनि हाम्रा विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं, जसले आफ्नो अघि राखिएको आनन्दको निम्ति* ***अपमानलाई केही नठानी क्रूसको कष्ट भोग्नुभयो*** *र परमेश्वरको सिंहासनको दाहिने हाततिर बस्नुभयो । (३) पापीहरूबाट उहाँको विरुद्‌घमा भएका यतिका विवादहरू* ***सहनु****हुनेलाई विचार गर, जसले तिमीहरू निरास भएर हरेस खानबाट हौसला मिल्ने छ ।*

फिलिप्पी १:२९ *किनकि ख्रीष्टमा* ***तिमीहरूलाई केवल*** *उहाँमाथि विश्वास गर्ने कुरा मात्र दिइएको छैन, तर उहाँको खातिर* ***कष्ट भोग्ने कुरा पनि दिइएको छ,***

प्रेरित ८:१–४ शाऊल त्यहीँ थिए, हत्यामा उनको सहमती थियो । त्यसै दिन यरूशलेमका ***मण्डलीहरूका विरुद्ध ठूलो सतावट र दमन भयो*** । यसले गर्दा प्रेरितहरूबाहेक सबै विश्वासीहरू यहूदिया र सामरियाको इलाकामा तितरबितर भए । परमेश्वरका जनहरूले स्तिनसलाई चिहानमा गाडे र उनको मृत्युमा गहिरो शोक मनाए । तर शाऊलले भने मण्डली नष्ट गर्नथाले । तिनले स्त्री र पुरुषहरूलाई घरघरबाट बाहिर घिच्याउँदै ल्याए र तिनीहरूलाई झ्यालखानमा हाले । तितरबितर भई जानेहरू जहाँजहाँ पुगे तिनीहरूले वचनको प्रचार गरे । किनकी उनीहरुले येशूको प्रचार गरेको हुदा

- प्रेरित ५:४१ उहाँको नाममा सतावटमा आनन्दित थिए ।
- प्रेरित ७:५८ स्तिफनसलाई ढुङ्गाले हानी मारे ।
- प्रेरित ९:१६ मेरो नाउँका निम्ति तिनले कतिसम्म दुःख भोग्नुपर्छ म उसलाई देखाउनेछु ।

o २ कोरन्थी ११:२३–३३ पावलको सतावट

o हिब्रू ११:३३–३९ संसार उनीहरुको लागि योग्य थिएन ।

१ पत्रुस २:२०–२४ *तर गलत काम गरेको कारण पिटाइ खान्छौ र सहन्छौ भने, यसमा प्रेमको के अर्थ भयो र ? तर यदि तिमीले असल काम गरेको कारण कष्ट पायौ र सह्यौ भने, यो परमेश्वरको अगि प्रशंसनीय छ ।* ***यसैको निम्ति तिमीहरू बोलाइएका छौ,*** *किनकि ख्रीष्टले तिमीहरूको निम्ति* ***कष्ट*** *सहनुभयो, र तिमीहरूको निम्ति एउटा नमूना छोडनुभयो अनि तिमीहरूले उहाँको पाइला पछ्याउनुपर्नेछ । "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।" २३तिनीहरूले उहाँमाथि अपमान गर्दा, उहाँले बदला लिनुभएन । उहाँले दुःख भोग्नुहुँदा, धम्काउनुभएन । यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहाँ आफूलाई सुम्पिनुभयो । २४उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो, यसरी पापको निम्ति मरौं र धार्मिकताको निम्ति जिऔं । उहाँको चोटद्वारा तिमीहरू निको भयौ ।*

१ पत्रुस ३:१०–१७ *किनकि धर्मशास्त्रमा लेखिएको छ, "जसले जीवनलाई प्रेम गर्न र असल दिन देख्न चाहन्छ, तिनले आफ्ना जिब्रोलाई खराबीबाट र आफ्ना ओठहरूलाई छलका बोलीबाट बचाउनुपर्दछ । तिनले खराबीबाट फर्केर असल गर्नुपर्दछ१ तिनले शान्तिको खोजी गर्नुपर्दछ र त्यसलाई पछ्याउनुपर्दछ । किनकि परमप्रभुका आँखा धर्मीहरूमाथि रहन्छन्, र उहाँका कानहरूले तिनीहरूका प्रार्थनातिर ध्यान दिन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ ।" त्यसैले तिमीहरू असल गर्न उत्सुक हुन्छौ भने, कसले तिमीहरूलाई हानि गर्छ ? तर* ***ठीक कुराको लागि तिमीहरूले दुःख सहनुपर्ने भए तापनि*** *तिमीहरू धन्यका हौ । "तिनीहरू डराउने कुराहरूबाट तिमीहरू नडराओ, भयभीत नहोओ ।" तर तिमीहरूका हृदयमा ख्रीरष्टलाई प्रभु मानेर उहाँको श्रद्धा गर । तिमीहरूसँग भएका आशाको कारण सम्बन्धी प्रश्न गर्ने हरेकलाई उत्तर दिन सधैँ तयार रहो । तर यो नम्रता र इज्जतसाथ गर, सफा विवेकसहित यसरी ख्रीष्टमा तिमीहरूको असल व्यवहारको विरुद्ध द्वेषपूर्ण रूपले बोल्नेहरू आफूले गरेको निन्दाबाट लज्जाऊन् । परमेश्वरको इच्छा भए, खराबी गरेर दुःख भोग्नुभन्दा असल* ***गरेर दुःख भोग्नु असल हो*** *।*

१ पत्रुस ४:१३, १६–१९ *तर **तिमीहरू ख्रीष्टको दुःखमा सहभागी हुन** पाएकोमा आनन्द गर, यसरी उहाँको महिमा प्रकट हुँदा तिमीहरूको आनन्द प्रशस्त होस् । तापनि, तिमीहरूले ख्रीष्टियान भएको कारण कष्ट भोग्यौ भने, लाज नमान, तर तिमीहरूले त्यो नाम पाएका छौ भनी **परमेश्वरको प्रशंसा गर** । किनकि परमेश्वरकै परिवारबाट इन्साफ शुरु हुने बेला आएको छ र यो यदि हामीबाटै शुरु हुने भए, परमेश्वरको सुसमाचार नमान्नेहरूको नतीजा के होला ? धर्मशास्त्रमा लेखिएको छ, "धर्मीहरू कठिनतापूर्वक बाँच्छन् भने, अधर्मी र पापीहरूको गति के होला ?" यसर्थ, **परमेश्वरको इच्छाअनुसार कष्ट भोग्नेहरूले** आफूलाई तिनीहरूका विश्वासयोग्य सृष्टिकर्ताकहाँ समर्पण गर्नुपर्छ र असल गर्नमा लागि रहनुपर्छ ।*

ख. हामी लंडाइँमा छौं । लंडाइँको नतिजा नै दुःख हो ।

- एफिसी ६:१०–१८
- मत्ती ११:१२ "*दंगाले स्वर्गको राज्यलाई दुःख दिन्छ* ।"
- प्रेरित १४:२२ "*धेरै कष्टहरुद्धारा हामी राज्य पस्नै पर्छ* ।"

## ४. परमेश्वर पिताले प्रयोग गर्ने दुःख भोगाइ

हामीले सामना गर्ने **समस्याहरु**ले हामी या त **हराउदँछ** वा हामीलाई ति समस्याहरु प्ुराति कसरी **प्रतिउत्तर** दिने भन्ने बारे सोचको **विकास** गर्न निर्भर गराउदँछ । दुर्भाग्यबस धेरै जसो मानिसहरुले परमेश्वरले कसरी समस्याहरुलाई हाम्रो जीवनमा भलाई ल्याउन प्रयोग गर्न चाहानुहुन्छ भन्ने देख्न असफल छन् उनीहरु एकैछिन रोकेर ति समस्याहरुबाट के के फाइदा लिनसक्छन् भन्ने सोच्नुको बद्ली मूर्खतापूर्ण समस्याहरुलाई आक्रोसमा प्रतिबाद गर्छन् ।

हितोपदेश ६:२३ *किनकी यी आज्ञाहरु एउटा बत्ती हो, र शिक्षा चाँहि ज्योति हो, अनि अनुशासनको सुधार जीवनको मार्ग हो ।*

धेरै जसो परमेश्वरले हाम्रो जीवनको समस्याहरुलाई प्रयोग गर्नुहुन्छ :

१. हाम्रो विश्वास र इमान्दारीता जाँच गर्न ।

हाम्रो बारेमा जानकारी पाउनलाई परमेश्वरले समस्याहरुलाई प्रयोग गर्नुहुन्छ । मानिसहरु सानो टि ब्याग जस्तै हुन् . . . यदि तपाईले उनीहरु भित्र के छ भनि जान्न चाहानुहुन्छ भने उनीहरुलाई तातो पानीमा हाल्नुहोस् ! के परमेश्वरले तपाईलाई तपाईको विश्वासलाई समस्याद्धारा जाँच गर्नुभएको छ ? ति समस्याहरुले तपाईको बारेमा के प्रकट गर¥यो त ?

याकूब १:२–३ *मेरा भाइहरू हो, तिमीहरूले* ***धेरै किसिमका आपत्–विपत्हरू****को सामना गर्दा त्यसलाई अति आनन्द सम्झ, ३किनकि तिमीहरूको* ***विश्वासको जाँचले*** *धैर्य उत्पन्न गराउँछ भनी तिमीहरू जान्दछौ ।*

याकूब १:१२–१५ *त्यो मानिस* ***धन्यको*** *हो जो* ***आपत्– विपत्हरूमा स्थिर रहन्छ,*** *किनकि त्यस जाँचमा त्यो पक्का ठहरिएपछि त्यसले जीवनको मुकुट पाउनेछ, जुनचाहिँ परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूको लागि प्रतिज्ञा गर्नुभएको छ । परीक्षामा पर्दा कसैले पनि "परमेश्वरले मलाई परीक्षा गर्नुहुदैछै" भनी नभनोस्, किनकि परमेश्वर दुष्टबाट परीक्षित हुन सक्नुहुन्न, नता उहाँले कसैको परीक्षा गर्नुहुन्छ तर हरेक व्यक्ति आफ्नै कुविचारहरूद्वारा खिचिएर परीक्षामा पर्दछ । त्यसपछि तृष्णा गर्भवती भएर पापलाई जन्माउँछ, र पाप पूरा बढेपछि मृत्युलाई जन्माउँछ ।*

१ पत्रुस १:६–७ ***सबै किसिमका परीक्षाहरू****मा तिमीहरूले अहिले केही समयको लागि दुःख सहनु परे तापनि यसमा तिमीहरू खुबै रमाउँछौ । आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यावान छ । तिमीहरूको यो* ***विश्वास साँचो प्रमाणित*** *होस् अनि येशू ख्रीष्ट प्रकट हुनुहुँदा* ***प्रशंसा, महिमा र आदर****को योग्य बनोस् ।*

प्रकाश २:१० *तिमीहरूले भोग्न लागेका* ***कष्ट****हरूसित* ***नडराओ*** *। म भन्दछु : शैतानले तिमीहरूमध्ये कतिलाई जाँच्नलाई कैदमा लैजानेछ अनि तिमीहरूले दश दिन* ***सतावट*** *भोग्नेछौ ।* ***मृत्युसम्मै विश्वासी होओ,*** *अनि म तिमीहरूलाई जीवनको मुकुट दिनेछु ।*

मरुभुमिको उद्धेश्य व्यवस्था ८:२–५

तिमीहरूले ढहाएका आज्ञाहरू पालन गर्छौ कि गर्दैनौ भनेर तिमीहरूका हृदय जान्नलाई **तिमीहरूलाई जाँच्न** र नम्र बनाउनलाई कसरी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई उजाडं–स्थानभरि यी चालीस वर्षसम्म डोऱ्याउनुभयो, सो सम्झ (३) उँहाले तिमीहरूलाई मानिस भोजन मात्रले जिउँदैन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ भनेर सिकाउनलाई उँहाले तिमीहरूलाई नम्र तु¥याउनलाई **भोकमा पारेर** त्यसपछि तिमीहरू र तिमीहरूका पिता– पुर्खाहरूले नजानेका मन्न खुवाउनुभयो (४) ती चालीस वर्षसम्म तिमीहरूका लुगा फाटेनन् , र तिमीहरूका खुडा सुन्निएनन् (५) यसकारण तिमीहरूको हृदयमा यो जान कि मानिसले आफ्नो छोरालाई अनुशासन गरेझै परमप्रभु तिमीहरूका परमेश्वरले **तिमीहरूलाई अनुशासन** गर्नहुन्छ ।

२. हाम्रो चरित्रलाई सिद्ध पार्न ।

१ पत्रुस २:१९–२० परमेश्वरलाई सम्झे र कुनै मानिसले अन्यायपूर्ण **कष्ट** सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय हुन्छ । (२०) तर गलत काम गरेको कारण पिटाइ खान्छौ र सहन्छौ भने, यसमा प्रेमको के अर्थ भयो र ? तर यदि तिमीले **असल काम** गरेको कारण **कष्ट** पायौ र **सह्यौ** भने, **यो परमेश्वरको अगि प्रशंसनीय छ** ।

परमेश्वरले **समस्याहरु**लाई तपाईलाई **सिद्ध पार्न** प्रयोग गर्नुहुन्छ । **समस्याहरु**, जब सहिरुपमा प्रतिउत्तर दिन्छौं , तिनीहरुले **चरित्र निर्माण गर्दछ** । परमेश्वर तपाईको आराममलाई भन्दा ज्यादा तपाईको चरित्रमा रुचि राख्नुहुन्छ ।

रोमी ५:३–४ *यति मात्र होइन, तर हामी हाम्रो **दुःखमा** पनि **आनन्दित** हुन्छौं, किनकि हामी जान्दछौं दुःखले **धैर्य** । धैर्यले शुद्ध **चरित्र**, अनि शुद्ध चरित्रले **आशा** उत्पन्न गराउँछ ।*

हिब्रू २:१० *यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै कुरा अस्तित्वमा छन्, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो ।*

हिब्रू ५:८ *उहाँ एक पुत्र हुनुभए तापनि, उहाँले **कष्ट** सहनुभएर **आज्ञाकारिता सिक्नुभयो** ।*

**येशूले** आफ्नो सिंहासन/आफ्नो स्थान/स्वर्ग हामी मध्ये एक हुनलाई **छोड्नुभयो**, हामीलाई सिकाउनलाई र हाम्रो बलि हुनलाई ।

फिलिप्पी २:४–८ तिमीहरू हरेकले केवल आफ्नो इच्छा मात्र होइन, तर अरूको इच्छा पनि हेर । तिमीहरूको आचरण पनि ख्रीष्ट येशूको जस्तै होस् : (६) जसले, उहाँ परमेश्वरकै स्वरूपमा भएर पनि, परमेश्वरको बराबरी हुने कुरालाई पक्रिराख्ने कुनै थोकजस्तो ठान्नुभएन, (७) तर **आफैलाई रित्याउनुभयो**, एउटा **कमारा**को रूप लिनुभयो, मानिसकै प्रतिरूपमा बनिनुभयो । (८) अनि स्वरूपमा मानिसजस्तै भएर, उहाँले **आफैलाई होच्याउनुभयो** र **मृत्यु**सम्मै अर्थात् क्रूसको मृत्युसम्म नै आज्ञाकारी बन्नुभयो ।

**उहाँले** थुकाई, भरोसा नभएको र अबुझको लागि **कष्टहरु भोग्नुभयो** । उहाँले हाम्रो दुःखहरुलाई लिनुभयो । (यशैया ५३)

१ पत्रुस ४:१–२ यसकारण, ख्रीष्टले आफ्नो शरीरमा दुःख भोग्नुभएकोले, तिमीहरू आफूलाई पनि **त्यही भावनाले सुसज्जित पार**, किनकि **जसले आफ्नो शरीरमा दुःख भोगेको हुन्छ त्यसले पापलाई त्यागेको हुन्छ** । फलस्वरूप, त्यसले आफ्नो बाँकी शारीरिक जीवन दुष्ट मानवीय इच्छाको लागि जिउँदैन, तर बरु परमेश्वरको इच्छाको निम्ति जिउँदछ ।

यस्तै – अप्ठारो परिस्थीतिहरु , समस्याहरु, कष्टहरुद्वारा – हामी अरुप्रतिको हाम्रो सेवाकाई र सेवामा सिद्ध बनाइन्छौं ।

यसले हामीमा नैतिक र आत्मिकी विजय उत्पन्न गराउदँछ जहाँ हामी उहाँको ताकतमा उभिन सक्छौं र हाम्रो शरिरमा निर्भर हुदैनौं । अनुभव नै उत्तम शिक्षक हो, तर यो महंगो छ ।

- युसुफ असल उदाहरण हो : उनको दाजुभाईहरुद्धारा घृणित (उत्पत्ती ३७:४) कमाराको रुपमा बेचिएको ( ३७:२७), स्त्रीद्धारा परिक्षा (३९:१२), जेलमा दुई वर्षको लागि (३९:२०, ४०:१) ।

१ पत्रुस ५:८–१० *संयमी र चनाखो होओ । तिमीहरूको शत्रु शैतान कसलाई भेट्टाऊ र खाइहालू भनी गर्जने सिंहझैँ यताउति घुमिहिँड्छ । विश्‍वासमा स्थिर भई त्यसको प्रतिरोध गर, किनकि तिमीहरू जान्दछौ संसारभरि नै तिमीहरूका दाज्यूभाइहरूले त्यस्तै किसिमको कष्ट भोगिरहेछन् । सबै अनुग्रहका परमेश्‍वर, जसले तिमीहरूलाई ख्रीष्टमा आफ्नो अनन्त महिमामा बोलाउनुभएको छ, तिमीहरूले केही समयसम्म* ***कष्ट*** *भोगेपछि, उहाँले नै तिमीहरूलाई पुनस्थापन गर्नुहुनेछ र तिमीहरूलाई बलिया, स्थिर र शक्तिशाली बनाउनुहुनेछ ।*

याकूब १:२–४ *मेरा भाइहरू हो, तिमीहरूले धेरै किसिमका आपत्-विपत्‌हरूको सामना गर्दा त्यसलाई अति* ***आनन्द*** *सम्झ, किनकि तिमीहरूको विश्‍वासको जाँचले धैर्य उत्पन्न गराउँछ भनी तिमीहरू जान्दछौ ।* ***तिमीहरू परिपक्व र पूर्ण भई*** *कुनै कुराको अभाव नहोस् भनेर धैर्यले आफ्नो काम पूरा गर्नुपर्छ ।* (५:१०–११) *भाइ हो, कष्टहरूको माझमा धैर्यको नमूनास्वरूप ती* ***अगमवक्ताहरू****लाई लेओ जसले प्रभुको नाउँमा बोले । तिमीहरूलाई थाहै छ कि मेहनत गरिरहनेहरूलाई* ***हामी धन्यका ठान्छौं*** *। तिमीहरूले* ***अयूबको धैर्यको*** *विषयमा सुनेका छौ अनि प्रभुले अन्त्यमा तिनको निम्ति के गर्नुभयो सो देखेका छौ । प्रभु करुणा र दयाले भरपूर हुनुहुन्छ ।*

- इस्रायलीहरुले मरुभुमीमा निरन्तर गनगन गरे, (१ केरन्थी १०:१०, गन्ती ११:१) । उनीहरुको चरित्र सिद्ध गर्न नदिइएको ।

रोमी ५:३–४ यति मात्र होइन, तर हामी हाम्रो **दुःख**मा पनि आनन्दित हुन्छौं, किनकि हामी जान्दछौं **दुःखले धैर्य**; धैर्यले शुद्ध **चरित्र**, अनि शुद्ध चरित्रले **आशा** उत्पन्न गराउँछ ।

३. उहाँको नाममा महिमा ल्याउनु ।

यूहन्ना १२:२७–२८ "अहिले मेरो हृदय साह्रै विचलित भएको छ । के म यस्तो प्रार्थना गरूँ, पिता, जे हुन आँटेको छ, त्यसदेखि मलाई बचाउनुहोस् ? होइन, **यसैको लागि** त म यहाँसम्म आए । पिता, **तपाईं आफ्नो नाउको महिमा गर्नुहोस्** ।"

- येशू **आफ्नो मिसनको प्राप्ती नजिकै आउँदा**, उहाँले **महा कष्टलाई** सामाना गर्नु नै भयो । यहि नै हाम्रो मिसनमा **पनि हुनुपर्दछ** ।

हिब्रू २:९–१० तर येशूलाई हामी देख्छौं, जसलाई स्वगदूतहरूभन्दा केही कम दर्जाको बनाइएको थियो, अब **उहाँलाई महिमा र आदरको मुकुट लगाइएको छ**, किनकि परमेश्वरको अनुग्रहद्वारा उहाँले हरेकको निम्ति मृत्यु चाखून् भनी उहाँले मृत्यु सहनुभयो । यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै कुरा अस्तित्वमा छन्, उहाँले नै **धेरै सन्तानलाई महिमामा ल्याउनहुदाँ** तिनीहरूका मुक्तिका कर्ता येशूलाई **कष्टहरू**द्वारा सिद्ध तुल्याउनुभयो ।

- **उहाँले कष्टबाट मुक्त हुन मागेनन् । उहाँलाई यो अनिवार्य र उद्धेश्यको लागि हो भनि थाहा थियो ।**

- **उहाँको पिताको महिमाको लागि** आफ्नो आरामलाई अलग सार्नु पर्दछ ।

अमेरिकाको धेरै जसो मण्डलीहरुले **क्रुसको पुर्नरुत्थानको पक्ष**लाई मात्र बुझाउदँछ र विश्वास गर्दछ – आराम पक्ष – **यहि पक्ष प्रति मात्र** हामीले प्रतिकात्मक हुनुपर्दछ । यो गलत धर्मशास्त्र हो ।

**होइन** ! क्रुसको "मृत्यु पक्ष"ले पिताको महिमालाई ल्याउदँछ ! त्यस पछि मात्र पुनरुत्थान पक्ष ।

यूहन्ना १२:२४ म तिमीहरूलाई साँचो भन्दछु, गहुँको दाना माटोमा परेर **मरेन भने**, त्यो **एक्लो** रहन्छ । तर **यदि त्यो मऱ्यो भने**, त्यसले **धेरै फल** फलाउँछ ।

लूका ९:२२ अनि उहाँले भन्नुभयो, "म, मानव–पुत्रले धेरै कुराको **दुःख उठाउनुपर्छ** (पहिलो) र धर्मगुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट म बहिष्कृत हुनेछु, र म **मारिनु नै पर्छ** र तेस्रो दिनमा म मरेकाहरूबाट **जीवित भई उठ्नेछु** (दोस्रो)।"

मृत्यु, कष्ट, दुखाईद्वारा :

- ❖ पापको हार भएको थियो । मृत्युको हार भएको थियो । शैतानको हार भएको थियो ।
- ❖ परमप्रभुको मानिसहरु शुद्ध पारिएका र छुटकारा पाएका छन् ।

हाम्रो उदाहरण येशू हुनुहुन्छ ; हाम्रो जीवनमा जुनसुकै मुल्य चुकाएर पनि **सर्वप्रथम हाम्रो स्वर्गिय पितालाई महिमा ल्याउनै हुनुपर्दछ** ।

जसरी शैतानले येशूलाई परिक्षामा पा¥यो, त्यसै गरि उसले हामीलाई **हाम्रो पिताको महिमा खोज्ने** होइन तर **आफ्नै महिमा** खोज्ने परिक्षा ल्याउँदछ : अनि त्यसले उहाँलाई भन्यो, “यी राज्यका सबै अधिकार र **गौरव** म तपाईंलाई दिनेछु , किनकि यी सबै थोक मलाई दिइएका छन्, र म जसलाई चाहन्छु त्यसलाई यो दिन सक्छु । लूका ४:६

- येशूले पिताको सन्तानहरुलाई छुटकारा दिनसम्म झुकेर उहाँको पिताको महिमा ल्याए । छुटकारा दिनलाई मुल्य तिरेर ।
  लूका २४:२६ के ख्रीष्टले यी सबै कष्टहरू भोग्न र त्यसपछि **आफ्नो महिमामा** प्रवेश गर्नु **आवश्यक** थिएन र ?”
- येशूले छुटकाराको लागि मुल्य चुकाए – स्वर्गको ढोकाहरु खोले – त्यसपछि क्रुसमा, भन्नुभयो **“अब सिद्धियो ।”** (यूहन्ना १९:३०) । छुटकाराको लागि **उहाँको काम सकियो** ।
- त्यसपछि येशूले हामीलाई सुसमाचार हरेकलाई सुनाउने मिसन **दिनुभयो** ।

उहाँको मिसनलाई बलिदान र कष्टको जरुरत थियो, त्यसैगरि हाम्रो मिसनमा पनि बलिदान र कष्टको जरुरत पर्दछ ।

यहि नै पावलले कलस्सी १:२४ मा भन्न लागेका हुन् ।

अब तिमीहरूको खातिर **मेरो शासनामा म आनन्दित हुन्छु** , र **ख्रीष्टका कष्टहरूको** विषयमा उहाँको शरीर अर्थात् मण्डलीको खातिर **म आफ्नो शरीरमा त्यो पूरा गर्छु** ।

"के कुरा छुटेको छ " चाहिँ हरेक जाति, भाषा र राज्यले येशू को हुनुहुन्छ र उहाँले उनीहरुको लागि के गर्नुभएको छ भन्ने जान्नको लागि कष्ट उठाउनु हो ।

१ पत्रुस २:२१–२३ **यसैको** निम्ति **तिमीहरू बोलाइएका छौ**, किनकि ख्रीष्टले तिमीहरूको निम्ति **कष्ट** सहनुभयो, र **तिमीहरूको निम्ति एउटा नमूना** छोडनुभयो अनि तिमीहरूले **उहाँको पाइला पछ्याउनुपर्नेछ** । (२२) "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।" (२३) तिनीहरूले उहाँमाथि अपमान गर्दा, उहाँले बदला लिनुभएन । उहाँले **दुःख** भोग्नुहुँदा, धम्काउनुभएन । यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहाँ आफूलाई सुम्पिनुभयो ।

प्रकाश ५:१२ अनि चर्को सोरमा तिनीहरूले यो गीत गाएः "मारिनुभएको **थुमा**, सामथ्र्य, वैभव, बुद्धि, शक्ति, आदर अनि **महिमा** र प्रशंसा **पाउने योग्यका** हुनुहुन्छ ।"

प्रकाश ५:१३ तब मैले स्वर्गममा, पृथ्वीमा, पृथ्वीमुनि अनि समुद्रमा भएका समस्त प्राणीले यो गीत  गाएको सुनें: "सिंहासनमा विराजमान हुनुहुने र **थुमालाई** प्रशंसा, **आदर, महिमा र भक्ति सदासर्वदा भइरहोस्** ।"

४. केही बिरामीपनद्धाराको दुःख भोगाइ चाहिँ उहाँको महिमाको लागि हो ।

यूहन्ना ११:४ *यो खबर सुनेर येशूले भन्नुभयो, "यो **बिरामी**ले मृत्यु ल्याउँदैन, तर यो **परमेश्वरको महिमाका लागि** भएको हो, अनि यसद्वारा परमेश्वरको पुत्रले पनि महिमा पाउनेछ ।"*

यूहन्ना ९:२–३ *उहाँका चेलाहरूले उहाँलाई सोधे, "गुरुज्यू, कसले पाप गर्‍यो, यो मानिसले कि यसका आमाबाबुले, जसबाट यो अन्धो जन्म्यो ?" येशूले भन्नुभयो,*

*"नता यसले, न यसका आमाबाबुले पाप गरे, तर यसको जीवनमा **परमेश्वरको काम** प्रकट होस् भन्ने हेतुले यसो भएको हो ।*

२ कोरन्थी १२:७–१० यी सर्वोत्तम प्रकाशहरूको कारण **मलाई आत्माभिमानदेखि अलग राख्नलाई**, मलाई दुःख दिनलाई मेरो शरीरमा एउटा काँढो, शैतानको एउटा दूत दिइएको थियो । (८) यो मबाट हटोस् भनी मैले प्रभुसित तीनपल्ट बिन्ती गरें । (९) तर उहाँले मलाई भन्नुभयो, "मेरो अनुग्रह तिमीमा प्रशस्त छ, किनकि **मेरो शक्ति दुर्बलतामा सिद्ध हुन्छ** ।" यसकारण ख्रीष्टको शक्ति ममा बास गरोस् भनेर म अझ खुशीसाथ मेरा कमजोरीहरूमा गर्व गर्नेछु । (१०) यसकारण, ख्रीष्टको खातिर, **म कमजोरीहरूमा, अपमानहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, विपदहरूमा पनि आनन्दित हुनेछु** । किनकि जब म **कमजोर** छु , तब म बलियो हुन्छु ।

५. हामीलाई सेवाकाईको लागि तयार गर्नको लागि ।

यूहन्ना १२:२४–२६ म तिमीहरूलाई साँचो भन्दछु, गहुँको दाना माटोमा परेर **मरेन** भने, त्यो एक्लो रहन्छ । तर यदि **त्यो मऱ्यो भने, त्यसले धेरै फल फलाउँछ** । आफ्नो प्राणलाई माया गर्ने मानिसले त्यो गुमाउनेछ, तर आफ्नो प्राणलाई यस संसारमा घृणा गर्नेले त्यो अनन्त जीवनका लागि बचाउनेछ । मेरो सेवा गर्नेले मलाई पछ्याउनैपर्छ र म जहाँ छु, मेरा सेवकहरू पनि त्यहाँ हुनैपर्छ । मेरो सेवा गर्नेहरूलाई मेरा पिताले आदर गर्नुहुनेछ ।

यो पदले हामीलाई स्पष्टरुपमा भन्दछ :

- मृत्युले फललाई पछ्याउदँछ र मृत्युले नयाँ जीवनलाई पछ्याउदँछ ।
- पहिले मृत्यु नभईकन पुनरुत्थान हुँदैन।

यसले **क्रुसको दुई पक्षहरु** छन् भन्ने सत्यतालाई ल्याउदँछ ।

- ❖ पहिले **दुःख भोगाइको पक्ष** र त्यसपछि **जीवनको पक्ष** ।

- फलदायी जीवन र सेवाकाईको लागि – क्रुसको दुवै पक्षहरुलाई सामना र अनुभव गर्नुपर्दछ ।

मत्ती १०:३८–३९ अनि जसले **आफ्नो क्रूस लिएर** मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुदैन । जसले आफ्नो प्राण जोगाउँछ उसले त्यो गुमाउनेछ, **जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ उसले त्यो पाउनेछ** ।

रोमी ८:३५–३७ ख्रीष्टको प्रेमबाट कसले हामीलाई अलग गर्नसक्छ ? के दुःखले, कठिनाइले, सतावटले, अनिकालले, नाङ्गोपनले, जोखिम कि तरवारले ? (३६) जसो लेखिएको छः "**तपाईंको खातिर** हामी प्रत्येक दिन मृत्युको सामना गर्दछौं मारिन लागिएका भेडाझैं हामी तुल्याइएका छौं ।" (३७) होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजयीहरूभन्दा पनि अझ बढी छौं ।

२ कोरन्थी ४:७–१२ *तर यो सबैभन्दा ठूलो शक्ति हामीबाट होइन तर परमेश्वरबाट हो भनी देखाउनलाई हामीसित यो धन माटाको भाँडामा छ । हामी चारैतिरबाट थिचिएका छौं, र पनि पिसिएका छैनौं अन्योलमा परेका छौं, र पनि हताश भएका छैनौं, सताइएका छौं, तर त्यागिएका छैनौं, प्रहारद्वारा ढलेका छौं, तर नष्ट भएका छैनौं ।* ***हाम्रो शरीरमा येशूको जीवन देखियोस् भनेर हामी सधैँ आफ्ना शरीरमा उहाँको मृत्यु बोकिहिँड्छौं*** *। किनकि* ***उहाँको जीवन*** *हाम्रा पार्थिव शरीरमा* ***देखियोस् भनी हामी जिउँदाहरू*** *ख्रीष्टको खातिर* ***सधैँ मृत्युको लागि सुम्पिएका छौं*** *।* ***तब मृत्युले हामीमा काम गर्छ, तर जीवनले चाहिँ तिमीहरूमा काम गर्छ*** *।*

अरुको सेवाको लागि **क्रुसको दुवै पक्षहरु** आवश्यक छ भनि फेरि माथिको पदले जोड दिदँछ ।

हामी पुनरुत्थानको पक्षलाई पूर्णरुपमा अनुभव गर्नु भन्दा पहिले हामीले मृत्युको पक्षलाई अनुभव गर्नुपर्दछ ।

फिलिप्पी ३:१०–११ म ख्रीष्टलाई अनि उहाँ जीवित हुनुभएको शक्तिलाई र उहाँको **मृत्युमा उहाँजस्तै बनेर उहाँको कष्ट भोगमा सहभागी हुने सङ्गति**लाई अझ गहिरोगरी चिन्न चाहन्छु, (११) **अनि यसरी**, कुनै रीतले, मरेकाहरूबाटको पुनरुत्थान प्राप्त गर्न सकूँ ।

> यो पदले क्रुसको दुवै पक्षलाई स्पष्टसँग ल्याउदँछ , र खालि क्रंमसरुपमा उनीहरुले अनुभव गर्नु पर्दछ ।

अरुले उहाँलाई हेरोस् र हामी सिकोस् भन्ने खातिर हामी येशूको प्रेम र कष्टको जीउदो उदाहरण बन्दछौं ।

१ कोरन्थी १३:१–८ *प्रेम धैर्यशाली हुन्छ . . . यसले घमण्ड गर्दैन . . . प्रेमले सबै सहन्छ . . . प्रेम कहिल्यै टल्दनै ।*

यूहन्ना १५:२ ममा फल नफल्ने प्रत्येक हाँगालाई **उहाँले काटिदिनुहुन्छ** । तर फल फल्ने हाँगाहरूलाई अझ **बढी फल** फलोस् भनेर उहाँले छिवल्नहुन्छ । (८) तिमीहरू मेरा चेलाहरू हौ भनी देखाउन धेरै फल फलायौ भने, त्यसबाट मेरा पितालाई ठूलो महिमा मिल्नेछ ।

मत्ती १०:१६–२५ म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेडाहरूझैँ पठाउँदैछु । यसकारण, सर्पझैँ चतुर र ढुकुरझैँ सोझो होओ । (१७) “मानिसहरूदेखि होशियार बस, तिनीहरूले तिमीहरूलाई स्थानीय सभाहरूमा सुम्पिदिनेछन्, अनि तिनीहरूका सभाघरहरूमा **कोर्रा लगाउनेछन्** । (१८) मेरो खातिर शासकहरू र राजाहरूकहाँ लगिनेछौ अनि तिमीहरू गैर– यहूदीहरूको अगि मेरा साक्षी हुनेछौ । (१९) तर जब तिनीहरूले तिमीहरूलाई पक्रनेछन्, तिमीहरूले के बोलौंला वा कसरी बोलौंला भनी फिक्री नगर । त्यस बेला तिमीहरूले के भन्नुपर्ने हो सो दिइनेछ । (२०) किनकि त्यो तिमीहरू बोलेका हुनेछैनौ तर तिमीहरूका पिताको आत्मा नै तिमीहरूद्वारा बोल्नुहुनेछ । (२१) “भाइले भाइलाई, बाबुले आफ्नो छोराछोरीलाई मृत्युको निम्ति **धोका** दिनेछ, छोराछोरीहरू आफ्ना आमाबाबुको विरुद्धमा उठ्नेछन् अनि तिनीहरूलाई मार्न लाउनेछन् । (२२) तिमीहरूलाई सबै मानिसहरूले मेरो खातिर **घृणा** गर्नेछन् । तर जो अन्तसम्म

स्थिर रहन्छ त्यो नै बचाइनेछ । (२३) जब **तिमीहरू** एक ठाउँमा **सताइनेछौ**, तब अर्को ठाउँमा भाग । म साँच्चै भन्दछु, म, मानव–पुत्र आउन अघि तिमीहरूले इस्राएलका शहरहरू पनि घुमिसकेका हुनेछैनौ । (२४) "चेला गुरुभन्दा श्रेष्ठ हुनसक्दैन, नता नाके र मालिकभन्दा श्रेष्ठ हुन सक्छ । (२५) चेलालाई गुरु जत्तिको हुनु र नोकरलाई मालिक जत्तिको हुनु नै पर्याप्त हुन्छ । यदि घरानाको मुखियालाई बालजिबुल भनिएको छ भने, घरानाका सदस्यहरूलाई त झन् कति बढता गरी भन्लान् ।

- ❖ अमेरिकनहरुलाई आफ्नो निम्ति र यो संसारको निम्ति मर्नको लागि सिक्न गा¥हो छ।
- ❖ भोग गर्ने संस्कृतीको नतिजाहरु चाहिँ हरेक आवश्यकताहरुलाई पुरा गर्ने अठोट र दुःख भोगाइलाई त्यागनु हो ।
- ❖ यसैलाई नै स्वास्थ, धन र उनन्तीको धर्मशास्त्रमा लिइएको छ , दुःख भोगाइ बिना ।

फिलिप्पी १:२९ किनकि ख्रीष्टमा **तिमीहरूलाई** केवल उहाँमाथि विश्वास गर्ने कुरा मात्र दिइएको छैन, तर **उहाँको खातिर कष्ट भोग्ने** कुरा पनि दिइएको छ,

२ तिमोथी १:८ यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान, नता म, उहाँको कैदीको, तर परमेश्वरको शक्तिमा **सुसमाचारको निम्ति दुःख भोगमा** हामी सहभागी हौऊ ।

२ कोरन्थी १:३–५ *हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर अनि पितालाई प्रशंसा होस्, जो करुणाका पिता अनि सबै सान्त्वनाका परमेश्वर हुनुहुन्छ ,* ***जसले हाम्रा सबै सङ्ढष्टहरूमा हामीलाई सान्त्वना दिनुहुन्छ,*** *जसमा कुनै पनि सङ्ढष्टहरूमा परेकाहरूलाई हामीले परमेश्वरबाट पाएको सान्त्वनाबाट हामी सान्त्वना दिनसकौं । किनकि जसरी ख्रीष्टका* ***कष्टहरू*** *हाम्रा जीवनमा प्रवाहित हुन्छन्, त्यसरी नै ख्रीष्टद्वारा हाम्रो सान्त्वना पनि* ***भरिएर पोखिन्छ*** *।*

- सान्त्वना दिने – पवित्र आत्मा – हामीसँग हरेक परिस्थितीमा सान्त्वना दिन उपस्थित हुनुहुन्छ । तैपनि, कहिले काहिँ हामी उहाँको सान्त्वनालाई, उहाँको शब्दहरुलाई तिरस्कार गर्छौं र नकरात्मक पक्षहरुलाई हेर्न चुनाव गर्छौं र तितोपनाले हाम्रो मनलाई विष हाल्न अनुमति दिन्छौं ।

- अरुसँगको हाम्रो सम्बन्धमा हामी सर्तक हुनु पर्दछ । यदि हामीले सबै हाम्रो टाउकोको ज्ञान मात्रै दिन्छौं र हाम्रो परमेश्वरको सान्त्वनाको अनुभवबाट बाढ्दैनौं भने, हामी उनीहरुको तितोपनालाई अझै बढाउदँछौं ।

## ६. हामीलाई सुरक्षा दिन/वा हामीलाई अगुवाई गर्न

परमप्रभुले कहिलेकाहिँ समस्याहरु हामीलाई **निर्देशन** दिन प्रयोग गर्नुहुन्छ । कहिले काहिँ हामीलाई हिडाउनको लागि हामी मुनि उहाँले आगो बाल्नु पर्दछ । धेरै जसो समस्याहरुले हामीलाई नयाँ मार्ग तिर डोर्‍याउदँछ र परिवर्तनको लागि प्रेरणा दिदँछ ।

- योनाको उदाहरण

- प्रेरित १६:२२–३४ पावल र शिलास जेलमा परेका र जेलका मालिकले येशूलाई स्वीकार गरेको ।

जब हामी सतावटमा पर्दछौं भने हामी मात्र होइन तर येशू पनि सतावटमा पर्नुहुन्छ ।

- प्रेरित ९:५ *शाऊलले प्रश्न गरे, "प्रभु तपाईं को हुनुहुन्छ ?" उहाँले जवाफ दिनुभयो, "म येशू हुँ,* ***जसलाई*** *तँ* ***सताइरहेकोछस्*** *।*

परमेश्वरले समस्याहरुलाई हाम्रो **सुरक्षा**को लागि प्रयोग गर्नुहुन्छ । समस्या लुकेको **आषिश् हुन सक्दछ** यदि यसले तपाईलाई गम्भिर खतराहरुबाट बचाउँछ भने ।

उदाहरण : कानून विपरित गर्नको लागि हुँदैन भने बापत उसलाई कामबाट निकाल्छ भने । तर यदि पछि कम्पनिको कामहरु बारे अरुलाई थाहा पाएर जेलमा जानुबाट ऊ

बच्न सक्छ । "तिमीले मलाई हानी गर्न चाहान्थ्यौं तर परमेश्वरले त्यसबाट भलाई उत्पन्न गराउनुभयो ।..." उत्पत्ती ५०:२०

## ७. केही दुःख भोगाइ चाहिँ परमेश्वरको अनुशासनको परिणाम हो ।

परमेश्वरले समस्याहरुलाई हाम्रो **सुधार**को लागि प्रयोग गर्नुहुन्छ । केही पाठहरु हामी पिडा र असफलताबाट मात्रै सिक्दछौं । हामी हाम्रो बच्चाहरुलाई तातो स्टोभ नछुनु भन्छौं । तर धैरै जसो बच्चाहरु पोले पछि मात्र सिक्दछन् ।

कहिलेकाँहि हामी केही चिजको मुल्य मात्र सिक्दछौं ...स्वास्थ, रुपैया पैसा, सम्बन्ध... यी चिजहरुलाई हराएपछि मात्रै । दाउदले भन्नुहुन्छ : ममाथि क्लेशहरू आइपरेका असलै भयो, ताकि म तपाईंका विधिहरू सिक्न सकूँ । तपाईंको मुखबाट निस्केका व्यवस्था, मेरो निम्ति हजारौं चाँदी र सुनका टुक्राभन्दा ज्यादा मूल्यवान् छन् । (भजनसंग्रह ११९:७१–७२) र दाउद इमान्दार मानिस थियो ।

हिब्रू १२:४–११ **पापको विरुद्धमा भएको तिमीहरूको सङ्घर्ष**मा तिमीहरूले रगतपच्छे हुनेगरी त्यसको विरोध गरेका छैनौ । (५) अनि तिमीहरूलाई पुत्र समान भनी सम्बोधन गरेर भनिएका परमेश्वरको ढाडङसका वचन तिमीहरूले भूलेका छौः "मेरो पुत्र, परमेश्वरको अनुशासनलाई हल्का नठान, अनि उहा"ले तिमीलाई हप्काउदा हताश नहोऊ, (६) किनकि परमेश्वरले आफूले प्रेम गरेकाहरूलाई **अनुशासन गर्नुहुन्छ**, अनि आफूले पुत्र भनी ग्रहण गरेकाहरूलाई उहाँले **दण्ड दिनुहुन्छ** ।" (७) कठीनतालाई **अनुशासन ठानी भोगू** किनकि परमेश्वरले तिमीहरूलाई पुत्रझैं व्यवहार गर्नुहुन्छ । पिताले **अनुशासन** नगरेको कनु चाहिँ पुत्र हुन्छ र ? (८) यदि तिमीहरूलाई **अनुशासन** गरिएन भनेता (अनि हरेक नै अनुशासित हुन्छ), तिमीहरू साँचो पुत्रहरू नभएर व्यभिचारमा जन्मिएका सन्तान हौ । (९) यसबाहेक हामीलाई **ताडना** दिने हाम्रा सांसारिक पिताहरू थिए र हामीले तिनीहरूलाई आदर गर्‍यो भने के हामी आत्माका पिताको अधीनमा बसेर जिउनु पर्दैन र ? (१०) हाम्रा पिताहरूलाई असल लागेअनुसार उहाँले हामीलाई केही समयसम्म **अनुशासन** गर्नुभयो तर हामी परमेश्वरको पवित्रतामा

सहभागी हौं भनेर **परमेश्वरले हामीलाई हाम्रै भलाइको लागि अनुशासन गर्नुहुन्छ** । (११) **कुनै पनि अनुशासन** त्यस बेलाको लागि सुखद हुँदैन, तर कष्टदायक हुन्छ । त्यसो भए तापनि, पछिबाट त त्यसमा तालीम पाएकाहरूको निम्ति धार्मिकता र शान्तिको फल हुन्छ ।

१ कोरन्थी ११:२७–३२ *यसकारण, जसले अयोग्यतासाथ प्रभुको रोटी खान्छ र कचौराबाट पिउँछ, त्यसले प्रभुको शरीर र रगतको विरुद्धमा पाप गरिरहेको हुनेछ । रोटी खान र कचौराबाट पिउन अघि मानिसले आफैलाई जाँचोस् । किनकि जसले प्रभुको शरीरलाई नचिनीकन रोटी खान्छ र कचौराबाट पिउँछ, त्यसले आफैमाथि दण्ड ल्याउँछ । यसैकारण तिमीहरूमध्ये धेरै जना कमजोर र रोगी छौ, अनि कति त मरिगए । तर हामीले आफैलाई जाँचेका छौं भनेता, हामी इन्साफमा पर्नेछैनौं । जब हामी परमेश्वरद्वारा इन्साफ गरिन्छौं, तब हामी संसारसित दोषी नठहरिऔं भनेर उहाँद्वारा अनुशासित हुनेछौं ।*

यूहन्ना १५:१–५ धेरै फल फलाउनलाई सहायता गर्न , परमेश्वरले हामीलाई छार्टनुहुन्छ ।

भजनसंग्रह ३४:१९ *धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ ।*

हामीले यो सत्यतालाई बुझ्नु पर्दछ : हाम्रो जीवनमा परमेश्वर काम गर्दैहुनुहुन्छ – तपाईले महशुस नगरे वा नबुझेता पनि । तर जब तपाई उहाँसँग मिल्नुहुन्छ र दुःख भोगाइको दुखाइलाई सहनुहुन्छ भने यो निकैनै सजिलो र फाइदा हुदँछ !

## च. बाइबलको अप्ठ्यारो प्रश्नहरु

## १. तपाईमा तपाईकै विश्वासको बारेमा केही शंकाहरु भए के हुन्छ ?

जब देखी तपाई इसाई बन्नुभयो, के तपाईलाई केही विषयहरुमा, वा तपाईको ख्रीष्ट येशूमा विश्वास बारे प्रश्न वा शंका थियो ?

के येशूले भन्नुभएको छ : *"ए, उसले विश्वास नगरेकोले म उसलाई फालिदिनेछु ।"* **होइन** !

यूहन्ना ६:३७ पिताले मलाई दिनुहुनेहरू **सबै** मकहाँ **आउनेछन्**, र **मकहाँ आउने कसैलाई पनि म कहिल्यै त्यागनेछैन** ।

> "कहिल्यै पनि त्याग्नेछैन" ग्रीक भाषामा : "ou me" यो निकै नै बलियो रुपको दुई वटा नकरात्मक अर्थ लाग्ने शब्द हो : **"म कहिल्यै पनि होइन"**

तर यदि मैले पाप गरे भने ? येशूले भन्नुहुन्छ : **"म कहिल्यै पनि होइन"**

येशू ख्रीष्टले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाईलाई उहाँको प्रेम चाहिँ तपाईले उहाँलाई कतिको प्रेम गर्नुहुन्छ वा तपाईले त्यसलाई कतिको ब्यक्त गर्नुहुन्छ भन्ने कुरामा भर पर्दैन ।

ड्ड १ यूहन्ना ४:८ ...*परमेश्वर प्रेम हुनुहुन्छ* ।

१ कोरन्थी १३:७–८ *यसले सधैँ रक्षा गर्छ, सधैँ पत्यार गर्छ, सधैँ आशा राख्छ, सधैँ स्थिर रहन्छ । प्ेरम कहिल्यै टल्दनै । तर जहाँ अगमवाणी छन्, ती बन्द हुन्छन् जहाँ भाषाहरू छन्, ती चूप गराइन्छन् जहाँ ज्ञान छ, त्यो टलिजानेछ ।*

२ तिमोथी २:१३ *यदि अविश्वास छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकी उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न ।*

परमेश्वरको तपाई प्रतिको प्रेम तपाईको कुनै पनि प्रतिउत्तरमा भर पर्दैन । उहाँले तपाई **चुन्नुभएको छ**, तपाईलाई प्रेम गर्ने निर्णय गर्नुभएको छ , र **उहाँ सधैँ विश्वासयोग्य रहनुहुनेछ** ।

परमेश्वरले हामीलाई प्रेम गर्न चुन्नुभएको छ । रोमी ५:८

**रोमी ८:२९–३९ परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ !** कसले तपाई विरुद्ध उठ्न सक्छ ?

कसले तपाईलाई दोष लगाउनसक्छ ? एउटै मात्रले तपाईलाई दोष लगाउन सक्नुहुन्थ्यो तर उहाँ स्वयं नै तपाईको लागि मर्नु भयो ।

र उहाँले हामीलाई प्रेम गर्नुभएकोले, **उहाँको मन परिर्वतन गर्न हामीले केही पनि गर्न सक्दैनौं** । तसर्थ,
*"यदि अविश्वास छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकी उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न ।"* २ तिमोथी २:१३

उहाँले प्रतिज्ञा गर्नुभएको छ !

तितस १:१–२ हिब्रू ६:१७–१८ गन्ती २३:१९ रोमी ११:२९

*"यदि अविश्वास छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकी उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न ।"* २ तिमोथी २:१३

**ख. यसको अर्थ के हो : "अन्तसम्म सहनु ?"**

मत्ती १०:२२ तिमीहरूलाई सबै मानिसहरूले मेरो खातिर घृणा गर्नेछन् । तर जो अन्तसम्म स्थिर रहन्छ त्यो नै बचाइनछे ।

पद २३: अन्तको समयको बारेमा भनिरहेको छ ।

तुलना : मत्ती २४: ३–१४ पद १३ उस्तै भनाई
पद १५, २१, २९ संकष्टको समयको बारेमा

**यो धम्की होइन, तर उत्साह हो ।**

लूका २१:७,१२–१९ हेर्नुहोस् ।

यी पदहरुमा उहाँले भन्नैहुनुहुन्छ : **बचाइनु वा सतावटबाट छुटकारा पाउनु ।**
अनन्त मुक्ति होइन ।

तुलना गर्नुहोस् : मत्ती १०:२८
यसको अर्थ : सतावटबाट डराउनु पर्दैन ।

| | |
|---|---|
| मत्ती ५:११–१२ | आनन्द |
| लूका ६:२३ | आनन्द र आनन्दको उफ्राई |
| रोमी ८:१७ | उहाँसँग दुःख भोग्नु |
| २ तिमोथी २:११ | यदि दुःख भोगाई...राज्य गर्नु |

चेला बनेर तपाई परमेश्वरको सन्तान बन्नुहुन्न :
मत्ती १३:२०–२१ २ तिमोथी ३:७ यूहन्ना ६:६६

के हो ? **विश्वास केमा लागि रहन्छ !** हिब्रू १०:३९, १२:२–३
१ कोरन्थी २:४–६

**ग. ख्रीष्टलाई तिरस्कार गर्नु भनेको के हो ?**

मत्ती १०:३२–३३ *"जसले मलाई मानिसहरूको सामुन्ने स्वीकार गर्छ, त्यसलाई म मेरा स्वर्गमा हुनुहुने पिताको सामुन्ने स्वीकार गर्नेछु । तर जसले मलाई मानिसहरूको सामुन्ने अस्वीकार गर्छ, त्यसलाई म मेरा स्वर्गमा हुनुहुने पिताको सामुन्ने अस्वीकार गर्नेछु ।*

२ तिमोथी २:१२–१३ *हामीले सहयौं भने, हामी पनि उहाँसँगै राज्य गर्ने छौं, हामीले उहाँलाई इन्कार गर्‍यो भने, उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ । यदि अविश्वास छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकी उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न ।*

प्रेरित पावलले के गरे ? पत्रुसले उहाँलाई तिन पल्ट इन्कार गरे !

मत्ती २६:३३–३५,७५ "...तिमीले मलाई तिन पल्ट इन्कार गर्नेछौं ।"

के येशूले पत्रुसलाई इन्कार गर्नुभएको थियो ? **होइन** ! मर्कूस १६:७, यूहन्ना २१:१५–१७

पत्रुसलाई उसको नामद्धारा बोलाउनुभयो :
यशैया ४३:१, ४५:४, यूहन्ना १०:३, २ तिमोथी २:१९, प्रकाश ३:५

हाम्रो निष्कष यो मात्र हुनेछ – हाम्रो विश्वासमा बारम्बारको असफलताहरुको कारणले हामीलाई परमप्रभुले तिरस्कार गर्नुहुन्न ।

**परमेश्वरबाट जन्मेको विश्वास चाहिँ** कहिले काहिँ असफल रहला, तर अन्तको नतिजा भने यसले निरन्तर विश्वास गर्दछ र अविश्वासको अन्तिम निर्ष्कषमा आउँदैन ।

यसले सधैँको लागि विश्वासलाई रोक्दैन ।

उदाहरण : अब्राहाम : उत्पत्ती १५:२–४, १६:१–२, २०:१–२
मोशा : प्रस्थान ४:१४, गन्ती २०:८–१२

**परमेश्वरबाट नजन्मिएको विश्वास**ले चाहिँ निरन्तर विश्वास गर्दैन ।
उदाहरण : २ पत्रुस २:१, यहूदा ४, प्रभुले हृदय हेर्नुहुन्छ ।

१ यूहन्ना २:१९ (मत्ती १०:३३ मा पनि उस्तै छ ।)

*तिनीहरू हामीबाट निस्केर गए, तर तिनीहरू वास्तवमा हाम्रा थिएनन् । किनकि यदि तिनीहरू हाम्रा हुँदा हुन् त तिनीहरू हामीसँगै रहनेथिए तर तिनीहरू गएकाले नै तिनीहरूमध्ये कोही पनि हाम्रा थिएनन् भन्ने कुरा प्रकट गर्दछ ।*

हिब्रू १०:३९
*तर हामी त पछि हट्ने र नष्ट हुनेमध्येका होइनौं, तर विश्वास गर्ने र बाँच्नेहरूमध्येका हौं ।*

**घ. के कुनै पनि व्यक्ति सत्यतालाई जान्न सक्दछ , तर विश्वास नभई ?**

२ पत्रुस २:१९–२२

उदाहरण :
“निच दल” (प्रस्थान १२:३८) इस्राएलीहरुसँग मिश्रबाट आयो । परमेश्वरका जनहरुको सबै आषिश्हरुको आनन्द उठाए । उनीहरुले स्वर्गबाट आएको मन्ना खाए र चट्टानबाट निस्केको पानी पिए । उनीहरु इस्राएका सन्तान सित “शुद्ध पारिए” अलग पारिए (१ कोरन्थी १०:१–५) । तर उनीहरु परमेश्वरका जाति **होइनन्** ।

यस्तै नै आज साँचो छ ।

उनीहरु परमेश्वरका जातिसँग शुद्ध पारिएका थिए तर उनीहरु प्रभुमा विश्वासद्वारा **धर्मि ठहरिएका छैनन्** ।

उदाहरण : १ कोरन्थी ७:१३–१४
*अनि यदि कुनै स्त्रीको विश्वास नगर्ने पति छ जो ऊसित बस्न इच्छुक छ भने, उसले त्यसलाई नत्यागोस् । किनकि विश्वास नगर्ने पति पत्नीद्वारा पवित्र तुल्याइएको हुन्छ, अनि विश्वास नगर्ने पत्नी उसको विश्वासी पतिद्वारा पवित्र पारिएकी हुन्छे । नत्रता तिनीहरूका बालबच्चाहरू अशुद्ध हुनेथिए, तर अब तिनीहरू पवित्र छन् ।*

जसरी मिश्रको जनसंख्याबाट निच दल बचेको थियो त्यसै गरि संसारको जनसंख्याबाट बचेका मानिसहरुको बारेमा हामी कुरा गर्दैछौं । **शुद्ध गरिएको** (अलग गरिएको) तर **धर्मि नठहराइएको** । उनीहरु **साँचो विश्वासीहरु होइनौं** । साँचो विश्वास थिएन ।

यहूदा १:५ तिमीहरूले यो जानिसकेको भए पनि, म तिमीहरूलाई यो स्मरण गराउन चाहन्छु कि प्रभुले आफ्नो जातिलाई मिश्रदेशबाट निकालेर ल्याउनुभयो, तर विश्वास नगर्नेहरूलाई पछिबाट नष्ट गर्नुभयो ।

मत्ती १३:२४–३०

सामा कहिल्यै पनि गहुँ बन्दैन र गहुँ कहिल्यै पनि सामा बन्दैन ।

उदाहरण : २ पत्रुस २:२२ उनीहरूको सम्बन्धमा यी उखानहरू सत्य छन्, "कुकुर आफ्नै बान्ता खान्छ," र, "नुहाएको सुङ्गुरनी फेरि हिलैमा खेल्न जान्छे ।"

तुलना गर्नुहोस् :

- मत्ती १२:४३–४५ अशुद्ध चिज मानिसबाट निस्केर गयो जसरी २ पत्रुस २:२२ मा कुकुरबाट गयो ।
- प्रेरित १६:१६–२२ जोखना हेर्ने आत्मा भएको कमारी केटीबाट विश्वासको संकेतै नभई आत्मा निस्केर गयो ।
- लूका ८:३८–३९ भूत लागेको मानिस, विश्वासी बनेको ।
- यूहन्ना ६:५३,६०,६६,२६ किन? १ यूहन्ना २:१९
- सुङ्गुर धोइएको । हेरोद : मर्कूस ६:१९–२०, २६

  फारिसीहरु : मत्ती २३:२५

मत्ती १:२१

"तिनले एउटा छोरा जन्माउनेछिन् अनि तिमीले उहाँको नाउँ येशू राख्नू, किनकि उहाँले आफ्ना **मानिसहरूलाई** तिनीहरूका पापदेखि **बचाउनुहुनेछ** ।"

यूहन्ना ६:४४–४५
यूहन्ना ८:४४
यूहन्ना १५:१६,१९
प्रेरित १३:४८
रोमी ९:१४–१६
एफिसी १:४
२ थेसलोनिकी २:१३

मत्ती ६:९ येशूले हामीलाई "हाम्रा पिता"सँग प्रार्थना गर्न भन्नुभएको छ ।

लूतको उदाहरण :

उत्पत्ती १३:१–१२ बादबिवाद
उत्पत्ती १३: १२, १४:१२ लूतको विकास तल तिर झर्दै
उत्पत्ती १८:१७–३३ सदोमको पतन र अब्राहामको अर्न्तविन्ती
उत्पत्ती १९:१६ लूत जानको लागि आतुर थिएन
उत्पत्ती १९:२२, ३०–३८ अम्मोन र मोआबको व्यभिचार

के लूत धर्मि थियो ??? २ पत्रुस २:४–९ किन ?

ऊ विश्वासद्धारा धर्मि थिए । रोमी ४:३–६, ९:१६

र परमप्रभुले अब्राहामसँग करार बाधेँ : उत्पत्ती १९:२९

दाउद र जोनाथन १ शामूएल २०:८–१७
जोनाथनको छोराहरु : मपीबोशेत २ शामूएल ९:१–१३

परमेश्वरले पापीहरुलाई प्रेम गर्नुहुन्छ । लूका ५:३०–३२

**दश कन्याहरुको दृश्टान्त मत्ती २५:१–१३**

पद १ *त्यस समय स्वर्गको राज्य दश जना कन्याहरू जस्तो हुनेछ जसले आफ्ना बत्तीहरू लिए अनि दुलहालाई भेट्न गए ।*

भजनसंग्रह ११९:१०५ *तपाईंको वचन मेरा खुट्टाको निम्ति बत्ति, र मेरो बाटोको निम्ति उज्यालो हो ।*

पद २ *तीमध्ये पाँच जना निर्बुद्धिहरू र पाँच जना बुद्धिमती थिए ।*

मत्ती २३:१७ *तिमी अन्धा मूर्खहरू ! कुन ठूलो होः सुन कि सुनलाई पवित्र पार्ने मन्दिर ?*

सदुकी र फारिसीहरुलाई भन्नुभएको हो ।

मत्ती २३:३४ *यसकारण म, तिमीहरूकहाँ अगमवक्ताहरू र **बुद्धिमान् मानिसहरू** अनि शिक्षकहरू पठाउछुँ । तीमध्ये कतिलाई तिमीहरूले मार्नेछौ र ऋूसमा चढाउनेछौ अरूलाई तिमीहरूले तिमीहरूका सभाहरूमा कोर्रा लगाउनेछौ र एक शहरदेखि अर्को शहरमा खेद्नेछौ ।*

बुद्धिमानीहरु नै साँचो विश्वासीहरु हुन् ।

पद ३ *ती निर्बुद्धिहरूले **बत्ती त लगे तर तेल लगेनन्** ।*

उनीहरुसँग वचन त थियो तर परमेश्वरको आत्मा उनीहरु “मा” थिएन ।

सदुकी र फारिसीहरुसँग **वचन त थियो तर उहाँमा विश्वास गरेनन्** , तसर्थ उनीहरुमा पवित्र आत्मा – तेल थिएन ।

पद ४ *तर ती बुद्धिमतीहरूले आफ्ना बत्तीहरूसित भाँडोमा तेल पनि लगे ।*

उनीहरुसँग वचन र आत्मा थियो । साँचो विश्वासीहरु ।

पद ५ *दुलहाले आउन ढिलो गरेकाले तिनीहरू सबै निदाउन थाले अनि भुसुक्क निदाए ।*

पद ६ *"मध्यरातमा एउटा सोर सुनियोः 'लौ दुलहा यहाँ छन् । उनलाई भेट्न निस्किआओ ।"*

पद ७ *"तब सबै कन्याहरू उठे अनि आफ्ना बत्तीहरू ठीक पारे ।*

पद ८ *ती निर्बुद्धिहरूले बुद्धिमतीहरूलाई भने, हामीलाई तिमीहरूका तेलबाट केही देओ किनकि हाम्रा बत्तीहरू निभ्दैछन् ।*

पद ९ *"तिनीहरूले जवाफ दिए, हुँदैन, शायद हाम्रो र तिमीहरू दुवैको लागि यो प्रशस्त नहोला । बरु तेल बेच्नेहरूकहाँ जाओ र आफ्नै लागि केही किन ।*

तपाईको विश्वास तपाईको लागि मात्र हो र यसले अर्को व्यक्तिलाई लिएर जाँदैन ।

पद १० *तर जब तिनीहरू तेल किन्न निस्के, दुलहा आइपुगिहाले । ती तयार रहनेहरू तिनीसित विवाहको भोजमा प्रवेश गरिहाले । अनि ढोका बन्द भयो ।*
पद ११ "पछिबाट ती अरू पनि आए अनि भने, प्रभु ! प्रभु ! हाम्रो लागि ढोका खोलिदिनुहोस् ।"

पद १२ "तर तिनले जवाफ दिए, म तिमीहरूलाई साँच्चै भन्दछु, म तिमीहरूलाई चिन्दिन ।

> २ कोरन्थी ६:२ *किनकि उहाँ भन्नुहुन्छ, "मेरो निगाहको समयमा मैले तिम्रो पुकारा सुनें, अनि मुक्तिको दिनमा मैले तिमीलाई मद्दत गरें ।" म तिमीलाई भन्दछु, परमेश्वरको निगाहको समय यही हो, मुक्तिको दिन अहिले नै हो ।*

आज मुक्तिको दिन हो, त्यो दिन होइन ! उहाँको आगमन हुने दिन पनि होइन ।

पद १३ "यसकारण जागा रहो, किनकि तिमीहरू त्यो दिन र घडी जान्दैन

## ङ. बुझ्नुहोस् : हिब्रू ६:६

परिभेष : हिब्रू ५:१२–१४

(१२) *वास्तवमा, तिमीहरू यस बेलासम्म त **शिक्षकहरू भइसक्नुपर्ने थियो**, तर तिमीहरूलाई त कसैले परमेश्वरको वचनका शुरुका शिक्षाहरू फेरि दोहो¥याएर सिकाउन खाँचो परेको छ । तिमीहरूलाई खँदिलो भोजन होइन, तर **दूधै** चाहिन्छ ।*

- "दुध" बच्चाहरुको ताकत, आकार, र ज्ञानमा बढ्नको लागि हो ।

(१३) **दूध पिएर बाँच्ने** जोसुकै पनि, बालक भएको हुनाले, धार्मिकता विषयको शिक्षासित अनभिज्ञ हुन्छ ।

- गलाती ४:१–२ तुलनागर्नुहोस्
- "वैधानिक स्थान"को बारेमा उहाँ बोल्दै हुनुहुन्छ ।
- इस्राएलका मानिसहरुलाई परमेश्वरको पुत्रहरुको स्थानमा आउन चालिस वर्ष लाग्यो ।

(१४) *तर खँदिलो भोजन त **हुर्केकाहरू**को लागि हुन्छ, जसले ती लगातार प्रयोग गरेकाले आपैंmलाई राम्रो र नराम्रो चिन्ने कुरामा तालीम दिएका हुन्छन् ।*

- o बच्चाहरु दुधद्धारा खाना शुरु गर्छन तर पूर्ण आकार, ताकत र ज्ञानमा बढ्नको लागि "ठोस आहार" को आवश्यकता हुदँछ ।

- o "परिपक्व" भन्नाले बच्चा होइन तर छोरा बन्नुलाई बुझाउदँछ ।

हिब्रू ६:१ *यसकारण, ख्रीष्टसम्बन्धी शुरुका शिक्षाहरू त्यागेर **परिपक्वता**तर्फ बढौं । मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको विश्वासका कुराको जग बसाल्ने कामहरू,*

- "परिपक्वता" स्वर्ग जानेबारे प्रश्न होइन, तर बढ्नु हो ! मरेका कामहरु । निती नियमहरुमा अडिक रहनु ।

हिब्रू ६:३ *परमेश्वरले अनुमति दिनुभयो भने, हामी यसो गर्नेछौं ।*

- "...यदि परमेश्वरले अनुमति दिनुभयो भने ।"

हिब्रू ६:४ *जसले एकपल्ट ज्योति पाएर, स्वर्गीय वरदान चाखे, पवित्र आत्मामा सहभागी भए,*

- *"एकताका चम्केका थियौं"* परमेश्वरको वचनले ।

एफिसी १:१८, हिब्रू १०:३२

- *"स्वर्गिय वरदानहरुद्वारा जाँचिएका हौं"* उहाँले जुटाउनुहुन्छ : मरुभुमिमा मन्ना । प्रस्थान १६

- *"पवित्र आत्मामा सहभागिहरु बनाइयौं"* उहाँको उपस्थिती : उहाँको रगतद्वारा छुटकारा पाएका मानिसहरु, "दिनमा बादलद्वारा , रातमा आगोद्वारा ।"

हिब्रू ६:५ *अनि जसले परमेश्वरको वचनको र आउँदो युगको शक्तिको स्वाद चाखे,*

- *"परमेश्वरको असल वचन चाखेका"* उहाँको रगतद्वारा छुटकारा पाएका मानिसहरुलाई उहाँले मरुभुमिमा खुवाउनुभयो र चट्टानबाट पानी दिनुभयो ।

- *"आउने युगको शक्तिहरु"* प्रस्थान १४:१३ *"प्रभुको मुक्तिलाई खडा होओ र हेर ।"*

हिब्रू ६:६ *र पनि तिनीहरू पतित भए भनेता, तिनीहरूलाई **पश्चात्ताप**मा डोऱ्याउनु असम्भव हुन्छ, किनकि तिनीहरूले त आफ्नै हानिको लागि परमेश्वरको पुत्रलाई बारम्बार क्रूसमा टाँगेर खुल्लमखुल्ला उहाँको अपमान गर्छन् ।*

- "पुनः**पश्चात्ताप**को लागि पुर्नजीवित पार्न असम्भव"

धर्मि बनाइएको होइन ! मुक्ति होइन ! तर **पश्चात्ताप** !

गन्ती १३:२३,२७ प्रतिज्ञाको देशमा गुप्तचरहरु गए । त्याहाँको भलाईलाई चाखे तर विशाल ! १३:३१, १४:११, ३१–३४, ४०–४५

- परमेश्वरले उनीहरुलाई **पश्चात्ताप गर्न दिनु भएन** !

- प्रतिज्ञाको देशमा जान पाएनन् । मिश्रमा फर्केर जान पाएनन् । **उनीहरु प्रभुको हो** !

हिब्रू ६:६ *परमेश्वरको पुत्रलाई बारम्बार क्रूसमा टाँगेर खुल्लमखुल्ला उहाँको अपमान गर्छन् ।*

- मोशाको उदाहरण :

  प्रस्थान १७:३ पानीको लागि प्यासी भए । १७:६ मोशाले चट्टानलाई हिंकाए ।

  (१ कोरन्थी १०:४ हिब्रू ९:२८)

  *"पानी आयो"* पवित्र आत्मा यूहन्ना ४:१४

  *"परमेश्वरको असल वचनलाई र आउदो युगको शक्तिहरुलाई चाखे ।"*

दुई वर्ष पछि : प्रतिज्ञाको देशमा गुप्तचरहरु पठाइयो । अविश्वास र अनाज्ञाकारिता ।

गन्ती २०:२–१३

- पद ९ मोशाको लहुरो होइन, हारुनको लहुरो (गन्ती १७:१०) अर्न्तबिन्तीको लागि पुजाहारीको लहुरो । मोशाको न्यायको छडी होइन ।

- पद ८ "चट्टानलाई भन" (शब्दको अर्थ–ठाउँ उच्च पारिएको )

- पद ११ "चट्टानलाई दुइ चोटी हिंकाए" मोशा अनाज्ञाकारिता भयो भन्ने हो भने, "परमेश्वरको पुत्रलाई फेरी क्रुसमा चढाए ।"

- पद १२ उहाँको अनाज्ञाकारिको परिणामहरु ।  गन्ती २७:१२–१४

- व्यवस्था ३४:१–७ मोशा पश्चात्ताप गर्न कोशिस गरे – परमेश्वरले यसलाई स्वीकार्नु भएन ।

  भजनसंग्रह १०६:३२–३३

  - के मोशा स्वर्गमा जान्छ ? **हो** !  हिब्रू ३:५  लूका ९:२८–३१

**स्वर्ग वा नरक जानलाई हिब्रू ६को केही वास्ता छैन** , तर विश्वासीहरु बालकपन छोडेर पुत्र हुन वा आज्ञाकारि हुने बताउदँछ , जो चाँहि **परमेश्वरको राज्य** हो जो प्रतिज्ञाको देशको जस्तो हो ।

हिब्रू ६:७–८ *जुन जमिनले आफूमाथि घरीघरी वर्षने पानी पिएर खनजाते गनर्हे रूका लागि उपयोगी अन्न उमार्छ, त्यसले परमेश्वरको आशिष् पाउँछ । (८) तर जुन जमिनले सिउँडी र काँढाहरू उमार्छ, त्यो विनाकामको भई सराप पाउने जोखिममा रहन्छ । अन्त्यमा, त्यो जलाइन्छ ।*

१ कोरन्थी ३:९“हामीहरू परमेश्वरका खेत हौ ।”

मत्ती १३:३७ उहाँले जवाफ दिनुभयो, “जसले असल बीउ छरे, त्यो चाहिँ मानव–पत्र म नै हुँ ।”

  - जमिन=विश्वासीहरु, बिउ=परमेश्वरको वचन, वर्षा=पवित्र आत्माको पानी
  योएल २:२३  याकूब ५:७

  - पद ८ “मुल्यहिन” “तिरस्कृत” यसको ग्रीक शब्दको अर्थ – अनुमोदन नगर्नु
  १ कोरन्थी ९:२७ “अयोग्य” इनामबाट ।

तिरस्कार गरिएको होइन तर **प्रयोगमा पनि छैन** ।

२ तिमोथी २:२१  गलाती ५:७

- "काडाँहरु र गोखरु" – शरिरको काम नलाग्ने वा बिग्रिएको उत्पादनहरु
- "कुल्चनको लागि नजिक" १ पत्रुस ४:१७–१८ . . . धर्मिको लागि गाऱ्हो
- "जलेर अन्त हुन्छ" – जमिन, वर्षा, काडाँ, गोखरु, यी सबै "जलाउनलाई" संकेतिक चिन्हहरु हुन् ।

**तुलाना गर्नुहोस्** : १ कोरन्थी ३:११–१५

*"तर ऊ आफै चाँहि **बचाइने छ**, तद्यपी आगो जस्तै गरि "*

**जमिन बिग्रिएको छैन तर फोहर फ्याकिएको छ ।**

यहि नै प्रभुले हुनको लागि ल्याउदै हुनुहुन्छ –

शुद्ध गरिएको, सफा गरिएको, पवित्र जीवन !

२ तिमोथी २:२०–२२ ठूलो घरमा सुन र चाँदिका भाडाँहरु मात्र हुदैनन्, तर काठ र माटोका पनि हुन्छन् , कुनै आदर र कुनै अनादरका निम्ति । जे कुरो अनादरको छ , यदि कसैले त्यसबाट आफूलाई शुद्ध पाऱ्यो भने त्यो आदरको कामको लागि एउटा पात्र बन्नेछ , र घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ । यसकारण जवानीका अभिलाषाहरु त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख ।

च. बुझ्नुहोस् : हिब्रू १०:२६

हिब्रू १०:२६ सत्यको ज्ञान पाएपछि यदि हामी इच्छापूर्वक पाप गरिबस्छौं भनेता, पापहरूको लागि **कुनै बलिदान रहनेछैन** ,

पृष्टभुमि :

हिब्रू ७:२५–२७ , ९:१२,१४, २६, २८, १०:१०, १८, २६

उहाँले भन्दैहुनुहुन्छ : **पापको लागि अरु केही प्रबन्ध छैन** । यदि हामी अन्य बलिदानहरु तर्फ जान्छौं भने – अन्य प्रबन्ध – पापको लागि अरु केही प्रबन्ध छैन । येशू ख्रीष्टको **रगत मात्र** हो ।

यहि नै हिब्रू ८ देखी १० अध्यायहरुको निष्कर्ष हो ।

हिब्रू १०:२२ ले उनीहरुको दिनहुको हिडाई वा शुद्धीकरण बारे बताउदँछ ।
१ यूहन्ना १:७ लाई तुलना गर्नुहोस् । हामीलाई पहिले नै क्षमा दिइसकेको छ ।
एफिसी ४:३२

उदाहरण :
प्रेरित २३:१–५ मा पावलले आफ्नो गल्तीलाई महसुश गर्छन् । उनी स्वीकार छन् ।
१ यूहन्ना १:९

**हिब्रू १०:२६** मा यी कुराहरु भनिएको छ ।

- **हामी अन्य बलिदान तर्फ जादैनौं ।**
- **यदि मैले यस्तो गरे भने , यो चाहेर गरेको पाप हो ।** चाहेर भनेको चाहिँ विश्वासीहरुलाई सत्यताको बारेमा बताइएको र जानेका छन् ।

उदाहरण : गलाती ५:१–४ पावलले व्यवस्थामा नफर्किनलाई चेतावनी दिइरहेछ ।
यूहन्ना १४:६

उदाहरण : मैले पाप गरे , मेरो विवेकलाई शुद्ध बनाउन म पाचँ जना काहाँ गइ गवाही दिए । म उपवास र प्रार्थना गर्दछु । म दिनको दश अध्यायहरु पढ्दछु । यी सबै "मरेका कामहरु" हुन् ।

- येशूको रगतले मात्र पापको क्षमा र शुद्धीकरण हुदँछ ।

यहाँ कुरा चाँहिः एउटै मात्र बलिदानले परमेश्वरलाई सन्तुष्टि दिदँछ ।

यदि म क्रुसबाट फर्के, येशू ख्रीष्टको रगतबाट शुद्धिकरणको लागि अन्य कुनै पनि बलिदान तर्फ फर्के –म अनुग्रहबाट फर्कन्छु ।

म पापको क्षमा पाउने एउटै मात्र बाटोबाट फर्के : "तपाई अनुग्रहबाट खस्नुभएको छ ।" (गलाती ५:४)

हिब्रू १०:२७–२९ तर परमेश्वरका शत्रुहरूलाई भष्म पार्ने आगो र डरलाग्दो इन्साफको प्रतीक्षा मात्र रहनेछ । (२८) मोशाको व्यवस्था लत्याउने जोसुकै पनि दया नपाई दुई वा तीन साक्षीको गवाहीद्वारा मरे । (२९) त्यसो भए परमेश्वरको पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र वस्तु ठान्ने, र अनुग्रहको आत्मालाई अपमानित गर्नेको सजाय त झन् कस्तो साह्रो होला ?

**हिब्रू १०:२७** तर परमेश्वरका शत्रुहरूलाई भष्म पार्ने आगो र डरलाग्दो **इन्साफ**को प्रतीक्षा

- इन्साफको लागि ग्रीक शब्द (रिसिस्) हो र यसलाई यसरी परिभाषा दिइएको छ : न्याय प्राप्त गर्नु । त्यो चाहिँ, कुनै पनि मानिसले आफुले कामहरु गरे अनुसार प्राप्त गर्ने नतिजा ।
- उहाँले **आफ्नै** जातिले पाउने न्याय वा इन्साफको बारेमा भनिरहनुभएको छ । २ कोरन्थी ५:१०
- १ पत्रुस ४:१७ किनकि परमेश्वरकै परिवारबाट **इन्साफ** शुरु हुने बेला आएको छ१ र यो यदि हामीबाटै शुरु हुने भए, परमेश्वरको सुसमाचार नमान्नेहरूको नतीजा के होला ?

(आज्ञाकारि–ग्रीक शब्दको अर्थ "विश्वास नगर्नुहोस्" )

**हिब्रू १०:२७** परमेश्वरका शत्रुहरूलाई भष्म पार्ने आगो ........................................................ **तर उहाँले विश्वासीहरुलाई शुद्ध गर्नुहुन्छ ।**

- हामी सबै भष्म गर्ने आगो भएर जानु पर्दछ १ कोरन्थी ३:१३–१५
  जो खराब छ त्यसलाई शुद्ध गर्न र हटाउन र तसर्थ हामीलाई नरम तुल्याउन ।

हिब्रू १०:२८ मोशाको व्यवस्था लत्याउने जोसुकै पनि दया नपाई दुई वा तीन साक्षीको गवाहीद्वारा मरे (गवाही) ।

उनले यहाँ : व्यवस्था १७:२–६ उनको मानिसहरु र प्राकृतिक मृत्युको बारेमा भनिरहेका हुन् ।

**हिब्रू १०:२९** त्यसो भए परमेश्वरको पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई **पवित्र तुल्याएको** करारको रगतलाई **अपवित्र** वस्तु ठान्ने, र अनुग्रहको आत्मालाई अपमानित गर्नेको सजाय त झन् **कस्तो साह्रो** होला ?

- सजाय – (टिमोरिया) जरिवाना भनि अनुवाद गरिएको छ ।
- अपवित्र – (कोइनोस) सामान्य, पवित्र नहुनु, विषेश होइन । पर्याप्त नहुनु ।
- पवित्र तुल्याएको – अलग गरिएको, विषेश, शुद्ध गरिएको, पवित्र बनाइएको । १०:१४ सँग तुलनागर्नुहोस् ।
- बेइज्जेत – येशूको रगतको बारेमा पवित्र आत्माले जे भन्नुभयो त्यसमा “होइन” भन्नु । सत्यता भन्दा माथि उनीहरुको ज्ञानलाई राख्नु ।

जब तपाई येशू ख्रीष्ट देखी टाढा जानुहुन्छ र उहाँको एउटै बलिदान जसले मात्र क्षमा र शुद्ध गर्नसक्छ , तपाई धार्मिक कार्यहरु तिर फर्कदै हुनुहुन्छ र येशूले हाम्रो लागि जे गर्नुभएको छ त्यसमा हिड्दै हुनुहुन्छ ।

**हिब्रू १०:३०** तर यसो भन्नुहुने परमेश्वरलाई हामी चिन्छौं, “बदला म लिनेछु , प्रतिफल म दिनेछु,” अनि फेरि “परमेश्वरले **आफ्ना जाति**को इन्साफ गर्नुहुनेछ ।”

उहाँले **"आफ्ना जाति"** को बारेमा बोल्दैहुनुहुन्छ जसले उहाँमा र उहाँको छुटकाराको काममा विश्वास गरेका छन् तर **हरेक दिनको शुद्धिकरण** जो उहाँले प्रबन्ध गर्नुभएको छ त्यसमा **हिडेका छैनन्** ।

**उदाहरण** : यूहन्ना १३:८ पत्रुसले इन्कार गर्दै भने, "हुँदैन, तपाईंले मेरो खुट्टा कहिल्यै धुनुहुँदैन ।" येशूले जवाफ दिनुभयो, "मैले तिम्रो खुट्टा धोइनँ भने, मसँग तिम्रो **केही भाग हुनसक्ने छैन** ।"

के उनले ऊ नरक जान लागेको हो भनेका हुन् ? **होइन ! पत्रुसले विश्वास गरेका छन्** । उनको भनाईको अर्थ, **प्रभु भोज होइन, संगती हौइन** । **भाग** ग्रीक शब्दको अर्थ : "मेरोस्" अर्थ "अंश" हो । उनले पुरै आशिषको केहि भाग वा अंश छुटाउनेछन् ।

(९) सिमोन पत्रुसले भने, "प्रभु, त्यसो भए मेरो खुट्टामात्र होइन, मेरो हात र शिर पनि धोइदिनुहोस् ।" (१०) येशूले जवाफ दिनुभयो, "सम्पूर्ण शरीर नुहाइ सकेकाहरूका निम्ति खुट्टामात्रै धुन आवश्यक हुन्छ उसको **पूरै शरीर शुद्ध छ** । अब **तिमीहरू शुद्ध भयौ**, तर यहाँ भएका जम्मै त होइनन् ।" (११) किनकि येशूले उहाँलाई कसले धोका दिन्छ भन्ने चिन्नुहुन्थ्यो, अनि त्यसैकारण उहाँले जम्मै त शुद्ध छैनन् भनी भन्नुभयो ।

यूहन्नाले यो : १ यूहन्ना १:६–१० मा उल्लेख गरेका छन् ।

हिब्रू १०:१४ किनकि जो पवित्र तुल्याइँदैछन् उहाँले तिनीहरूलाई **एउटै बलिदानले सदाको निम्ति सिद्ध** पार्नुभएको छ ।

- पढ्नुहोस् : हिब्रू १०:२६–२९ त्यसपछि पढ्नुहोस् : इजकिएल ४४:१०–१६ उनीहरु नजिक आउनसक्दैनन् – खालि चाकरहरुले जस्तै सेवा गर्नेछन् ।

हिब्रू १२:६ **परमेश्वरले आफूले प्रेम गरेकाहरूलाई अनुशासन गर्नुहुन्छ,**

उहाँले अनुशासनको बारेमा भन्दैहुनुहुन्छ , परमप्रभुले **आफ्ना** मानिसहरुमा छडि ल्याउनुहुन्छ यदि उनीहरु अन्य बस्तुहरुमा शुद्धीकरणको निम्ति जान्छन् भने ।

पापहरुको लागि अन्यकुनै बलिदान छैन ।

यहोशू ७:१०–१३ यरिहोमा विजय प्राप्त पछि, इस्राएलीहरु अर्को लँडाइमा हारेका थिए । यो सबै एउटा मानिसको पापको कारण थियो । तैपनि उहाँको मानिसहरु वा जाति

१ कोरन्थी १२:२६ हामी एउटा शरिर हौं / सबै कष्ट भोग्छौं / तसर्थ एक सदस्य नरकमा जान्छ भने सबै नरकमा जान्छौं ।

एफिसी ४:२५ हामी एक अर्काका सदस्यहरु हौं । उहाँले शरिरको एक भाग लिएर स्वर्ग जानुहुन्न । तर दुलही दाग वा चाउरीपन रहित हुनुपर्दछ । एफिसी ५:२७

यहोशू ७:२५–२६ के आकान विश्रामस्थलमा पुगे त ? हो ! परमप्रभुले उनलाई अनुशासनमा राख्नुभयो कारण ऊ उहाँको सन्तान हो ।

उदाहरण : मत्ती १३:२८–२९ "सामालाई बढ्न देऊ ।" किनकी उनीहरु उहाँको होइन । र – **परमप्रभुले आफ्नालाई अनुशासनमा राख्नुहुन्छ ।**

- प्रेरित ५:१–११ **"मृत्युसम्मैको पाप"** (प्राकृतिक मृत्यु) १ यूहन्ना ५:१६

  जब विश्वास परमप्रभु जे गर्नुहुन्छ त्यस ठाउँमा उभिदछँ , र प्रभु र उहाँको मण्डलीको नाममा लाज ल्याउदँछ, परमप्रभुले उसलाई सायद घरमा बोलाउनुहुन्छ । **हननिया र सफिरा विश्वासद्धारा धर्मि थिए । इमान्दारीताको कामहरुद्धारा होइन ।**

- १ कोरन्थी ५:१–७

हिब्रू १०:३५–३७ यसकारण आफ्नो आत्मविश्वास नफाल(एउटा बलिदानमा), जसमा ठूलो **इनाम**को प्रतिफल छ । (३६) तिमीहरूले परमेश्वरको इच्छा पूरा गरिसकेपछि तिमीहरूले **प्रतिज्ञा** गरिएको थोक पाउन सक भनेर तिमीहरूलाई **स्थिर** भइरहनु खाँचो छ । (३७) किनकि धर्मशास्त्रमा लेखिएको छ, "उहाँ जो आउनुहुनेछ, विलम्ब गर्नुहुन्न ।

कुरा चाहिँ याहाँ : **इनामलाई नगुमाउनु हो** । इजकिएल ४४ मा पनि उस्तै हो ।

यसैकारण हामी सबै "**भष्म पार्ने आगो**" भएर जानुपर्दछ हिब्रू १०:२७
१ कोरन्थी ३:१३ २ कोरन्थी ५:१०

हिब्रूको पुस्तक इस्राएलका मानिसहरुलाई लेखेको हो, जसको पिता पुर्खा मिश्रबाट आएका हुन्, मरुभुमि हुदै, तर "प्रतिज्ञाको देश" मा पस्नलाई इन्कार गरे । उनीहरु हारुन, मरियम र मोशासँगै मरुभुमिमा नै मरे । उनीहरु प्रतिज्ञाको देशमा प्रवेश गरेनन् ।

गन्ती २०:१, ३३:३९ व्यवस्था ३४:१–५

के उनीहरु स्वर्ग गए ? के उनीहरुले अनन्त जीवन पाए ? **हो, उनीहरुले पाए** ! र १ कोरन्थी १०:८–१० मा भनिएका अनुशासन पाएकाहरु । फेरी : १ कोरन्थी ३:१७

**हिब्रू १०: ३८** तर मेरो धार्मिक जन त विश्वासले जिउँछ । अनि ऊ पछि हट्छ भनेता, म ऊसित **प्रसन्न** हुनेछैन ।"

- **यहाँ कुरा चाहिँ : परमप्रभुलाई खुशी पार्नु हो ।**

इस्राएलका सन्तानहरुलाई के भयो जब उनीहरुले प्रतिज्ञाको देशमा पस्न मानेनन् ? विनाश !

**हिब्रू १०:३९** तर हामी त पछि हट्ने र नष्ट हुनेमध्येका होइनौं, तर विश्वास गर्ने र बाँच्नेहरूमध्येका हौं ।

- "विनाश" ग्रीक शब्दको अर्थ – नाश वा गुमाउनु
- "बचाउनु" ग्रीक शब्दको अर्थ : बढाएर प्राप्त गर्नु

संसारसँग हिड्न रोक्नुहोस् । उहाँले स्वर्गमा जाने बारेमा कुरा गर्दै **हुनुहुन्न** तर छुटकारा र परमेश्वरको मुक्तिमा **हिड्नु** हो ।

उनले धर्मि ठहराइएका विश्वासीहरु तर परमेश्वरको वचनको आज्ञापालनद्धारा "उनीहरुको मनको परिवर्तन" "आत्मालाई बचाइनु, प्राप्त गर्नु, बचाउनु" आवश्य हुनेहरुलाई भन्दैहुनुहुन्छ ।

**धर्मि ठहराइनु** र **बचाइनुमा** फरक छ ।

"एक चाटि बचाइएको सधैँ बचाइनेछ" भन्ने साँचो होइन ।

"एक चोटि धर्मि ठहराएको छ भने ऊ सँधैको लागि धर्मि हुनुसाँचो हो ।"

रोमी ३:२१– ४:८, ५:१,९–१०, ६:१, १०:९–१३,
लूका ६:४६

यो सबै पदहरुले धर्मि मानिस जसले यस संसारको दुष्टताबाट परमप्रभुको छुटकारा(मुक्ति)लाई अनुभव नगरेकाहरुको बारेमा भनिएको छ ।

उदाहरण :
प्रतिज्ञाको देशमा इस्राएल (परमेश्वरको राज्यको चित्रण): धर्मि ठहराइएको र बचाइएको ।

पछि पापको कारणले – उनीहरुलाई बेबिलोनमा पठाउनुभयो ।
तैपनि उनीहरु उहाँ कै थिए – धर्मि ठहरिएका । तर उनीहरु उनीहरुको कामको नतिजाहरुबाट बचाइएका थिएनन् ।

धर्मि ठहरिएका तर नबचाइएकाहरु धैरै छन् । त्यो हो – हरेक दिन पाप माथि विजय जहाँ शैतानले उनीहरुलाई छुन सक्दैनन् ।

हिब्रू ९:१२ उहाँ बोका र बाछ्ाहरूको रगत लिएर प्रवेश गर्नुभएन तर **अनन्त उद्धार प्राप्त गरेर** आफ्नै रगत लिएर सधैँको लागि एकैपल्ट महा–पवित्रस्थानमा प्रवेश गर्नुभयो ।

छ. बुझ्नुहोस् : जीवनको पुस्तकमा लेखिएका नामहरु

प्रकाश ३:४–५
तैपनि सार्डिसमा कति जना छन् जसले आफ्ना वस्त्र फोहोर पारेका छैनन् । तिनीहरू मसित सेता वस्त्र लाएर हिँड्नेछन् किनकि तिनीहरू योग्यका छन् । जसले जित्छ, त्यसले पनि तिनीहरूले झैँ, सेता वस्त्र लाउनेछन् । **म त्यसको नाउँ जीवनको पुस्तकबाट कहिल्यै मेटिदिनेछैन**, तर मेरा पिता अनि उहाँका दूतहरूको अगि स्वीकार गर्नेछु ।

१ यूहन्ना ५:४–५ किनकि **परमेश्वरबाट जन्मेको** हरेकले संसारमाथि **विजयी पाउँछ** । संसारलाई जित्ने विजय हाम्रो **विश्वास** नै हो । संसारमाथि **विजय** प्राप्त गर्ने को हो ? केवल त्यही मात्र, जसले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी **विश्वास** गर्दछ ।

लूका १०:२० तापनि आत्माहरू तिमीहरूका अधीनमा आएकोमा आनन्द नगर, तर **तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन्** भन्ने कुरामा आनन्द गर ।"

हिब्रू १२:२३ अर्थात् पहिला जन्मेकाहरूको मण्डलीमा, **जसका नाउँहरू स्वर्गमा लेखिएका छन्** । तिमीहरू सबै मानिसहरूका न्यायकर्ता परमेश्वरकहाँ, अनि सिद्ध तुल्याइएका धार्मिक मानिसहरूका आत्मामा,

"लेखिएको छ" – जो काम पहिले नै भइसकेको र अहिले पनि हुदैछ वा निरन्तरको नतिजाहरु ।

येशूले भन्नुभयो : "म त्यसको नाउँ **मेटिदिनेछैन** ।"

प्रकाश १३:८ अनि पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, **जसको नाउँ संसारको सृष्टिदेखि नै** मारिनुभएको थुमा**को जीवनको पुस्तकमा लेखिएको छैन** ।

प्रकाश १७:८ त्यो पशु, जुन तिमीले देख्यौ, कुनै समय थियो, अहिले छैन, अनि विनाशमा जानलाई अतल–कुण्डबाट माथि निस्केर आउनेछ । संसारको उत्पत्तिदेखि जीवनको पुस्तकमा **नाउँ नहुने** पृथ्वीका बासिन्दाहरूले त्यस पशुलाई देखेर अचम्म मान्नेछन्, किनकि त्यो कुनै समय थियो, तर अब छैन र पछि आउनेछ ।

प्रकाश २०:१२ अनि मैले ठूला र साना सबै मृकतहरूलाई सिंहासनको सामु उभिरहेको देखें, अनि पुस्तकहरू खोलिए । **अर्को एउटा पुस्तक पनि खोलियो, जुनचाहिँ जीवनको पुस्तक हो** । ती पुस्तकहरूमा लेखिएका कुराको आधारमा तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो ।

प्रकाश २०:१५ **जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन**, त्यसलाई अग्निकुण्डमा फालियो ।

प्रकाश २१:२७ त्यसमा कुनै अशुद्ध कुरा पस्नेछैन, नता शर्मका र छलका काम गर्ने कोही, तर **तिनीहरू मात्र जसको नाउँ थुमाको जीवनको पुस्तकमा लेखिएका छन्** ।

येशूले तपाईलाई चुन्नुभयो र तपाईको नाम जीवनको पुस्तकमा लेख्नुभयो ।
उहाँले आफ्नो मन परिवर्तन गर्नुहुन्न । उहाँले तपाईको नाम मेट्नुहुन्न ।

एफिसी १:४ किनकि उहाँको सामु हामी पवित्र र निष्कलङ्ढ हाऔ भनेर उहाँले हामीलाई **संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा चुन्नुभयो** ।

कसैले प्रस्थान ३२ लाई पुर्नविचार गर्नुहुन्छ होला ।
इस्राएलीहरुले सुनको बाछो बनाएका थिए । मुर्तिपुजा । पहिलो र दोस्रो आज्ञा तोडियो ।

प्रस्थान ३२:३१–३५ यसकारण मोशा फर्केर परमप्रभुकहाँ गएर भने , "हाय, यी मानिसहरुले कति ठूलो पाप गरेका छन् । तिनीहरुले आफ्ना निम्ति सुनका देवताहरु

बनाएका छन् । तर अब, तिनीहरुका पाप क्षमा गरिदिनुहोस् र यदि गरिदिनुभएन भनेता, **तपाईले लेख्नुभएको पुस्तकबाट मेरो नाउँ निशानै मेटिदिनुहोस्** । परमप्रभुले मोशालाई भन्नुभयो, “जस–जसले मेरो विरुद्धमा पाप गरेका छन् तिनीहरुलाई म मेरो पुस्तकबाट मेटिदिनेछु । **अब जा, मानिसहरुलाई मैले भनेको ठाउँमा डोऱ्याएर लैजा,** अनि मेरा दूत तेरो अगिअगि जानेछन् । तरै पनि, जे मैले दण्ड दिने समय आउँछ , म तिनीहरुका पापको निम्ति तिनीहरुलाई **दण्ड दिनेछु** ।” अनि तिनीहरुले हारुनले बनाएको बाछालाई जे गरेका थिए त्यसको कारण परमप्रभुले मानिसहरुलाई रुढीले मार्नुभयो ।

उनीहरु जीवनको पुस्तकबाट मेटिएका थिएनन् , तर उनीहरुले दण्ड पाएका थिए । मोशाले उनीहरुलाई निरन्तर डोऱ्याए ।
तसर्थ, कुन चाहिँ पापमा उहाँले यस्तो भन्नुहुन्छ, “जस जसले मेरो विरुद्धमा पाप गरेका छन् म मेरो पुस्तकबाट मेटाउनेछु ?”

भजनसंग्रह ६९:२८ **जीवनको पुस्तकबाट तिनीहरूका नाउँ मेटिओस्,** र धर्मीहरूको साथमा नलेखिओस् ।

उनले के भनिरहेका छन् ? यसको पृष्टभुमि के हो ?

भजनसंग्रह ६९:२१–२२ तिनीहरूले मेरो खानामा पित्त हाले, म तिर्खाउँदा, मलाई सिर्का पिउन दिए । तिनीहरूको सामु राखिएको भोजन, तिनीहरूका निम्ति पासो बनोस्, यो नै प्रतिफल र धराप बनोस् ।

उनले निश्चय पनि क्रुसको बारेमा बताएका छन् । उनीहरुको काममा के पासो बन्नु पर्ने थियो ?

- **अविश्वासको पाप** ले नै मेटाउदँछ ।

जुन क्रुसले विश्वास गर्ने पापीलाई बचाउदँछ भने अविश्वासी पापीलाई दोष देखाउदँछ ।

- पापी भएको कारण केही पनि नरक जादैँन ।

- उनीहरु नरक जान्छन् किनकी उनीहरु परमेश्वरको प्रिय पुत्रको नाममा विश्वास गर्दैनन् । (यूहन्ना ३:१८) ।

तिनीहरूको सामु राखिएको भोजन, तिनीहरूका निम्ति पासो बनोस्, यो नै प्रतिफल र धराप बनोस् । (भजनसंग्रह ६९:२२) ।

उनीहरुले “प्रभुको टेबुल” मा भाग लिन चुन्दैनन् ।

भजनसंग्रह ६९:२३ तिनीहरूका आँखा धमिला होऊन् र तिनीहरूले देख्न नसकून्, र सधैँभरि तिनीहरूका कम्मर सदा कुप्रिरहोस् ।

आजको दिन सम्मै इस्राएलीहरु अन्धो छन् र डरमा जीउदँछन् ।

व्यवस्था २८:३७ त्यहाँ तिमीहरूलाई परमप्रभुले धपाउनुभएका सबै जातिहरूबीच तिमीहरू तिरष्कारको पात्र, र अनादार र हाँसोका पात्रहरू हुनेछौं ।

भजनसंग्रह ६९:२४ आफ्नो क्रोध तिनीहरूमाथि पोखाउनुहोस्, र तपाईंको दन्किरहेको क्रोध तिनीहरूमाथि आइपरोस् ।

भजनसंग्रह ६९:२५ तिनीहरूको छाउनी उजाड भइजाओस् तिनीहरूका पालहरूमा कोही वास नगरून् ।

उहाँले उनीहरुको शहरलाई नाश गर्नुभयो, ए.डी. ७० मा उनीहरुको मन्दिर र परमेश्वरको इन्साफले पछ्याउदैछन् । तबसम्म :

रोमी ११:२५ भाइहरू हो, तिमीहरू घमण्डी नबन भनरे यस रहस्यबारे तिमीहरू अन्जान रहो भन्ने म चाहन्न : इस्राएलीहरूको एक भाग त्यस बेलासम्म कठोर रहनेछ, जबसम्म गैर-यहूदीहरूको सङख्या पूर्ण हुदैन ।

१९६७ मा इस्राएलीहरु प्रतिज्ञाको देशामा फर्कियो । के “अन्यजातिहरुको पूर्णसमय” पुरा भईसकेको छ वा पुरा हुदैँ छ ?

भजनसंग्रह ६९:२६ किनकि जसलाई तपाईंले हिर्काउनुभएको छ, त्यसैलाई नै तिनीहरू सताउँछन्, र जसलाई तपाईंले नायल गर्नुभयो, त्यसलाई तिनीहरू अझ बढी कष्ट दिन्छन् ।

प्रेरित २:२३ आफ्नो पूर्व निश्चित उद्देश्य र पूर्वज्ञानद्वारा यस व्यक्तिलाई परमेश्वरले तपाईंहरूमा सुम् पनुभएको थियो । यिनै येशूलाई अधर्मी मानिसहरूको मद्दतद्वारा क्रूसमा किला ठोकी झुण्ड्याएर मार्ने काम तपाईंहरूले गर्नुभयो ।

भजनसंग्रह ६९:२७–२८ तिनीहरूलाई अपराधमाथि अपराधको दोषारोपण गर्नुहोस्, र तिनीहरू तपाईंका उद्धारको सहभागी हुन नपाऊन् । द्वड जीवनको पुस्तकबाट तिनीहरूका नाउँ मेटिओस्, र धर्मीहरूको साथमा नलेखिओस् ।

रोमी ११:५–१२

## ज. पुरानो नियमको व्यवस्था र नयाँ नियमको विश्वासीहरु

प्रस्थान २० मा दश आज्ञा वा “व्यवस्था” लेखिएको छ । जसरी हामी पद १ र २ पढ्छौं यो मिश्रबाट आएका इस्राएलीहरुलाई लेखेको हो हामीलाई होइन भनि देख्दछौं ।

हरेक इसाईहरुले पालना गर्नु पर्ने पुरानो नियमको आज्ञाहरु नयाँ नियममा लेखिएको छ र अझै कडां प्रकारले लेखिएको छ ।

उदाहरणको लागि :

- अन्य देवताहरु होइन । १ कोरन्थी ८:४, १ तिमोथी २:५
- कुनै मुर्तिहरु होइन (जसलाई आराधना गरिन्छ) प्रेरित १५:२०, १ कोरन्थी १०:७
- शपथ नखानु  याकूब ५:१२

- विश्रामको दिन : इसाईहरुलाई यहुदी विश्राम दिन, सातौं दिन, शनिबार मान्नु भनेर **कहिल्यै** भनिएको छैन । यो एउटा मात्र आज्ञा हो जो नयाँ नियममा इसाईहरुको निम्ति दोहोरिएको छैन ।

- बुबा आमालाई आदर गर्नु एफिसी ६:१
- नमार्नु १ पत्रुस ४:१५
- व्यभिचार नगर्नु प्रेरित १५:२०
- चोरी नगर्नु एफिसी ४:२८
- झूठो गवाही नदिनु कलस्सी ३:९
- लालचा नगर्नु एफिसी ५:३

इसाईहरु मोशाको व्यवस्थाको अधिनमा छैनन् ।

विश्वासीहरुको लागि मोशाको व्यवस्था येशूले पुरा गर्नु भइसकेको छ ।

- गलाती २:१६, ३:१०–१४, ५:४, १८
- एफिसी २:१३–१६
- कलस्सी २:१३–१६
- रोमी १०:४, ६:१४, ७:६, १४:५–६
- २ कोरन्थी ३:७–११
- प्रेरित १५:१–११, १३–२१

हिब्रू ४ मा इसाईहरुले विश्रामको दिन पालन गर्नु पर्छ कि पर्दैन भनि ब्याख्या गरिएको छ । हरेक दिन परमप्रभुको आराधना गर्नु पर्छ तर इसाईहरुले हप्ता पहिलो दिनलाई आराधनाको दिन भनि अलग्याएको छ किनभने :

१. हप्ता पहिलो दिन येशू ख्रिष्ट मृत्युबाट बिउतिनुभएको हो ।
यूहन्ना २०:१
२. येशूले आफ्ना चेलाहरुलाई हप्ताको पहिलो दिन अलग अलग हप्तामा माथिल्लो कोठामा भेट्नुभएको हो ।

यूहन्ना २०:१९,२६, लूका २४:१३

३. हप्ताको पहिलो दिनमा नै पेन्तिकोष आएको थियो । प्रेरित २:१

४. हप्ताको पहिलो दिनमा नै प्रेरितहरु प्रचार गर्न र प्रभु भोजमा भाग लिन भेला भएका थिए ।

प्रेरित २०:७

५. हप्ताको पहिलो दिनमा नै इसाईहरुलाई बलिदान ल्याउनको निम्ति आज्ञा दिइएको थियो ।

१ कोरन्थी १६:२

परमेश्वरको लागि विश्राम दिन राखिएको कहिल्यै पनि परिवर्तन हुदैन, तैपनि, यो विषेश दिन हुनुपर्दछ र अन्य दिनहरु जस्तो होइन । यशैया ५८:१३

इसाईहरुले परमेश्वरको दिनलाई विषेश दिनको रुपमा राख्ने इच्छा राख्नु पर्दछ, विश्राम र आराधनाको लागि एक दिन, र आराधना गर्ने विश्वासीहरु जमघटलाई तिरस्कार गर्दै, घुम्ने दिन, घरको काम गर्ने, खेतमा काम गर्ने, खेल खेल्ने, इत्यादि होइन ।

पुरानो नियमको आज्ञाहरुको निष्कर्ष के हो ?

मत्ती २२:३६–४०

रोमी १३:८–१०

नयाँ नियमको आज्ञाहरुको निष्कर्ष के हो ?

१ यूहन्ना ३:२३

| हामीले कसरी | परमेश्वरलाई प्रेम गर्न | र मानिसलाई प्रेम गर्न सक्छौं |
|---|---|---|
| पवित्र जीवन | १ पत्रुस १:१४–१६ | १ थेसलोनिकी ३:१२–१३ |
| प्रार्थना | मत्ती ६:६,९ | एफिसी ६:१८ |

| | | |
|---|---|---|
| बाइबल अध्ययन | २ तिमोथी २:१५ | २ तिमोथी २:२ |
| आराधना | हिब्रू १३:१५ | हिब्रू १०:२५, मत्ती ५:१६ |
| दिनु | रोमी १२:१–३ | २ कोर.८:१–५, १ केर.१६:१–२ |
| गवाही | मत्ती १०:३२, २८:१९ | याकूब ५:१९–२० |

यो गर्नाले हाम्रो परमेश्वर र मानिस प्रतिको प्रेमलाई देखाउदँछ । हामी उहाँको आज्ञाहरुलाई पालना गर्न चाहान्छौं ।

यहुदीहरुले येशूलाई परमेश्वरलाई कसरी खुशी पार्न सक्छौं भनि सोधे । यूहन्ना ६:२८–२९

हामी परमेश्वरलाई खुशी पार्न सक्दैनौं वा जबसम्म उहाँमा विश्वास गर्दैनौं कुनै कामहरुद्धारा उहाँलाई खुशी पार्न सक्दैनौं ।

त्यसो भए हाम्रो पुरै जीवन नै उहाँको लागि जीउनु पर्छ र उहाँको आज्ञाहरु पालन गरि उहाँ प्रति हाम्रो प्रेम र आभार हामी प्रकट गर्दछौं ।
१ यूहन्ना २:३–६

आभार :
केही भागहरु लिइएको छ : “फेल्ड यट फरगिभन” केथ ल्याम्ब; ल्याम्ब प्रकाशन